८ १



अभिलेख

नेपाल सरकार

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेंख विश्वसम्पदा हो
यसको जगेर्ना गर्नु हाम्रो कर्तव्य हो
अभिलेखको सुरक्षा गरौं
संस्कृतिको रक्षा गरौं

— राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख

ABHILEKHA

वर्ष १ ★ २०४० ★ अंक १

सम्पादक–मण्डल
बलरामदास डंगोल
शंकरमान राजवंशी
पूर्णरत्न बज्राचार्य

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शीर्षक : अभिलेख

प्रकाशक : नेपाल सरकार

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पुरातत्त्व विभाग

राष्ट्रिय अभिलेखालय

प्रथम संस्करण : २०४० साल कार्तिक २२ गते

प्रकाशित प्रति : (५०० प्रति)

द्वितीय संस्करण : २०७४ असोज

प्रकाशित प्रति : (५०० प्रति)

मूल्य : रू. १००/–

मुद्रक

सूर्योदय छापाखाना
Suryodaya Chhapakhana

डिल्लीबजार, काठमाडौं,
फोन : +९७७-०१-[illegible]
ईमेल : suryodayapress@gmail.com

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दोस्रो संस्करण २०७४

दुई शब्द

राष्ट्रिय अभिलेखालयबाट विक्रम सम्वत् २०४० देखि वार्षिक रूपमा निरन्तर प्रकाशन हुँदै आएको अभिलेख पत्रिकाको नेपाली अनुसन्धानको क्षेत्रमा विशेष महत्त्व छ । यसमा प्रकाशित अनुसन्धानमूलक लेखरचनाहरूले हाम्रो इतिहास र संस्कृतिका अदृश्य पाटाहरूलाई सदैव उजिल्याउने प्रयत्न गर्दै आएका छन् । अनुसन्धानमूलक, मौलिक लेखहरू प्रकाशन हुने पत्रिका भएकोले पाठकहरूले पुराना प्रतिहरू पनि माग गर्ने गरेको अनुभव हामीसँग रहेको छ । विभिन्न विद्वान्हरूका महत्त्वपूर्ण खोजमूलक लेखरचना प्रकाशित भएको प्रथम अंकको सान्दर्भिकता प्रकाशनको तीन दशकपछि पनि उत्तिकै रहेको छ । अभिलेख पत्रिका अंक-१ को माग व्यापक भएको तर यस प्रकाशनका सम्पूर्ण प्रतिहरू समाप्त भएको हुँदा पाठकवर्गको आवश्यकतालाई मध्यनजर गरी यसलाई पुनर्मुद्रण गरी पाठक समक्ष ल्याएका छौं । आशा छ, यसको पुनर्प्रकाशनले अनुसन्धान क्षेत्रमा लाग्ने समस्त खोजकर्ताहरूको ज्ञानको क्षितिजलाई अझ फराकिलो बनाउने छ ।

अन्त्यमा यस पुर्नप्रकाशन कार्यमा सहयोग गर्नुहुने समस्त व्यक्तित्वहरूलाई म विशेष धन्यवाददिन चाहन्छु ।

सौभाग्य प्रधानाङ्ग
प्रमुख
राष्ट्रिय अभिलेखाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुई शब्द

२०२४ सालमा जन्मेको राष्ट्रिय अभिलेखालय आज १६ वर्ष पुगेर १७ वर्षको खुड्किलामा चढ्दै छ । मानिसको उमेर जति चढ्दै जान्छ उसको सोचाईमा परिपक्वता अनुभवमा गहराइपना तथा कार्य क्षेत्रमा विस्तृतता आदि पनि क्रमश बढ्दै जानु स्वाभाविकै हुन्छ । संस्था पनि यसको अपवाद हुन्दैन । अतः अभिलेखालयले पनि आफ्नो गतिविधिलाई अभिलेखालयको पर्खाल भित्र सीमित राख्ने बेला अब रहेको छैन । यसले आफ्नो गतिविधि जन समक्ष ल्याउनु पर्ने अवस्था आईसकेको छ । यो समयको माग पनि हो । शुभ साइतमा थालनी गरेको कार्य अन्ततोगत्वा सुखदायी हुने हाम्रो वैदिक परम्परा अनुसार अभिलेखालयको गतिविधिलाई चिनारी गराउने 'अभिलेख' पत्रिकाको प्रकाशन पनि कार्तिक २२ हुन गएको छ । श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहको ३५ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा "अभिलेख" पत्रिकाको माध्यमबाट अभिलेखालयको गतिविधिबारे जन समक्ष पुऱ्याउन पाएकोमा अभिलेखालय परिवारलाई अति हर्ष लाग्नु स्वाभाविकै हो ।

राष्ट्रिय अभिलेखालयको संकलनमा रहेका तथा नयाँ संकलनमा आएका अभिलेख तथा अरू ऐतिहासिक एवं शैक्षिक सामग्रहरूलाई विद्वान समक्ष पुऱ्याउन यस पत्रिकाको मुख्य उद्देश्य रहेको छ । फेरि अभिलेखालयको विभिन्न फाँटको अभिभारा बोकेका अधिकारीहरूलाई आफ्नो आफ्नो कार्य क्षेत्र प्रति बढ्ता जागरूक बनाउनु पनि यस पत्रिकाको लक्ष्य रहेको छ । हाललाई प्रयोगको रूपमा यो वार्षिक रहेको छ । तर साधन र श्रोतले भ्यायो भने यसलाई अर्ध वार्षिक वा चौमासिक बनाउने तर्फ पनि आवश्यक कदम चाल्न सकिने छ ।

अन्तमा यो पत्रिका प्रकाशनमा ल्याउन बराबर घचघच्याई प्रोत्साहन गर्नु हुने श्री रमेश जंग थापाज्यू, अतिरिक्त सचिव शिक्षा तथा संस्कृति मन्त्रालय, श्री जनकलाल शर्मा का.मु. महानिर्देशक पुरातत्त्व विभाग एवं पत्रिकामा लेख दिई सहयोग दिने सहयोगीहरूप्रति पनि हृदयदेखि आभार प्रकट गर्दछु । समस्त अभिलेखालय परिवारको सामूहिक सहयोगको प्रतीक नै यो पत्रिका हो भन्नुमा पनि अत्युक्ति नहोला ।

बलरामदास डंगोल
प्रधान अनुसन्धान अधिकारी
राष्ट्रिय अभिलेखालय

मिति : २२ कार्तिक २०४०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

विषय	लेखक	पृष्ठसंख्या
१. राष्ट्रिय अभिलेखालय, एउटा छोटो चिनारी	बलरामदास डंगोल	१
२. कर्मकाण्ड निबन्ध	हरिनाथ गौतम	१६
३. सृष्टि र कल्पना	शङ्करमान राजवंशी	२२
४. शक्ति नै ब्रह्मारूप हो	बाबुकृष्ण ढकाल	२६
५. अभिलेख एक नमूना	शङ्करमान राजवंशी	२९
६. उजिरसिंहले तयार गर्न लगाएको जंगी तथा निजामती स्थिति बन्देज	बलराम डंगोल	३५
७. महाकवि लक्ष्मीप्रसाद देवकोटाका केही अप्रकाशित कविताहरू	स्व. महाकवि लक्ष्मीप्रसाद देवकोटा	५३
८. बौद्धवादी केन्द्रिय एसियाका जनताहरूको मध्यकालीन संस्कृति, तिब्बती साहित्यको इतिहासमा नीति शास्त्रहरू	एन. डी. बोल्सो खायेभा	८७
९. वि.सं. १९०० को श्री ५ राजेन्द्र विक्रमको लालमोहर	सानुनानी कंसाकार	१११
१० चन्द्रसहस्रदर्शनोद्यापनपद्धति	जगन्नाथ शर्मोपाध्याय त्रिपाठी	११४
११. ऐतिहासिक कागजातहरूका उतार		१२९
१२. Works On Buddhism In National Archives	डा. जगदीश चन्द्र रेग्मी	१४८
१३ आर्थिक वर्ष ०३९/०४० मा अभिलेखालयको संक्षिप्त गतिविधि		१५३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राष्ट्रिय अभिलेखालय एउटा छोटो चिनारी

बलरामदास डंगोल

राष्ट्रिय अभिलेखालयको इतिहासमा २०१८ साल मार्ग ७ गते एक महत्वपूर्ण तिथिको रूपमा स्मरण गर्न सकिन्छ । किनकी यही मितिमा स्वर्गीय श्री ५ महाराजधिराज महेन्द्र वीर विक्रम शाहको बाहुलीबाट यस भवनको शिलान्यास भएको थियो । भवनको निमित्त आवश्यक आर्थिक सहयोग भारतीय सहयोग निगमबाट भएको थियो । सम्बत् २०२४ आश्विन १८ गते एक भव्य समारोहको बीच यस भवनको वैदिक विधिबाट समुद्घाटन स्वर्गीय श्री ५ महेन्द्र सरकारको बाहुलीबाटै सम्पन्न भयो । नेपाली कलाको प्रतीक भा.रू. ७ लाखको लागतबाट थालनि भएको २२ कोठे यो भवन शहरको प्रवेश सिंहदरबार नजिकै रहेको हुनाले कुनै पनि स्वदेशी तथा विदेशीको आकर्षण परिधि भित्र पर्दछ ।

राष्ट्रिय अभिलेखालयको रूपमा एउटा नयाँ अड्‌डा स्थापना भए तापनि यस भवनको मुख्य उद्देश्य मल्ल तथा शाह राजाहरूले संरक्षण गरी राखेका हजारौं हस्तलिखित ग्रन्थहरूलाई मध्यकालीन व्यवस्थाबाट मुक्त गरी आधुनिक तथा वैज्ञानिक ढंगबाट सुसज्जित गरी राख्नु र अनुसन्धान तथा प्रकाशनको प्रकृयामा तीव्रता गरी राख्नु हो ।

अभिलेखालयको मुख्य उद्देश्यहरू–

(क) देशको विभिन्न भागमा छरिएका प्राचीन हस्तलिखित ग्रन्थहरूको संकलन गर्ने ।

(ख) ऐतिहासिक कागजात, ताडपत्र, भोजपत्र, ताम्रपत्र, स्वर्णपत्र, आदिको संकलन गर्ने ।

(ग) विभिन्न सरकारी कार्यालहरूमा रहेका दैनिक प्रयोगमा नआउने कागजातहरूको संकलन गर्ने ।

(घ) विभिन्न सरकारी कार्यालहरूलाई प्राचीन लिपिमा लेखिएका अभिलेखहरूको देवनागरीमा लिप्यन्तर गरी दिने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ङ) प्राचीन शिलालेखको संकलन गर्ने ।

(च) ऐतिहासिक अभिलेखहरूको संरक्षणको निम्ति ऐन कानून तथा नियमको व्यवस्था गर्न श्री ५ को सरकारलाई अनुरोध गर्ने ।

(छ) हस्तलिखित ग्रन्थहरूको वैज्ञानिक ढंगबाट सूचीकरण गर्ने र प्रकाशनमा ल्याउने ।

(ज) अध्ययन अनुसन्धानको लागि आउने स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरूलाई सहयोग पुऱ्याउने ।

राष्ट्रिय अभिलेखालयको वर्तमान स्वरूपः

(१) हस्तलिखित ग्रन्थ शाखा (२) अभिलेख शाखा (३) माइक्रोफिल्म शाखा (४) सामान्य प्रशासन शाखा ।

१) हस्तलिखित ग्रन्थ शाखा :–

राष्ट्रिय अभिलेखालयको मूल ढुकुटीनै हस्तलिखित ग्रन्थ शाखा हो भन्नुमा अत्युक्ति नहोला । प्राचीन तथा मध्य कालीन युगमा धर्मले विशेष महत्व ओगटेको हुन्थ्यो अर्थात् जीवनको हरेक पक्षलाई धर्मले प्रभावित पारेको हुन्थ्यो ।

त्यसैले प्रत्येक नेपालीको घरमा पूजा कोठाको व्यवस्था हुन्थ्यो र सो पूजा कोठामा पूजा पाठ गर्ने पुस्तकहरू संकलन गरी राखिन्थ्यो । यस सन्दर्भमा राजाको पूजा कोठाको विशेष महत्व हुन्थ्यो । राजाको पूजा कोठामा विशेष हिफाजत साथ विभिन्न विषयका हस्तलिखित ग्रन्थहरू सुव्यवस्थित ढंगबाट राखिने चलन् थियो । फेरि प्राचीन देवमन्दिर, बौद्धमठ बिहारहरूले नै आधुनिक शिक्षण संस्थाको काम गर्दै आएकोले यस्ता मन्दिर मठ तथा विहारहरूमा प्रशस्त मात्रामा हस्तलिखित ग्रन्थहरू संकलन हुने चलन थियो । विद्यानुरागी मल्ल तथा शाह राजाहरूले संकलनको भण्डारमा वृद्धि गरे भने नेपालको विशेष भौगोलिक वनावटले यी ग्रन्थहरूलाई सुरक्षा गरी दीर्घजीवी बनाए ।

यसरी संकलन भएका पुस्तकहरूको विशेष व्यवस्थाका लागि सर्वप्रथम श्री ५ गीर्वाण युद्ध वीर विक्रम शाहबाट सम्बत् १८६९ (१८१२ सन्) मा पंडित केदारनाथको नाममा लालमोहर जारी गरिबक्स्यो । पुस्तकालयको इतिहासमा यो लालमोहरलाई प्रथम नेपाली कानूनी दस्तावेजको रूपमा लिन सकिन्छ । यस लालमोहरमा पुस्तकको संरक्षण गर्ने, कीराबाट बचावट गर्ने, वासा फेर्ने विना हुकुम पुस्तक कसैलाई नदिने, अशुद्धलाई शुद्ध पार्ने तथा पुस्तकको पूजा गर्ने, पूजाकोठामा बत्ती बाल्ने कुराहरू परेका छन् । यस कार्य सम्पन्न गर्न पं. केदारनाथलाई वार्षिक रू. १२५।– र निजको मातहतमा वार्षिक रू. ७०।– खाने २ टहलुवाको पनि व्यवस्था लालमोहरमा गरिएको छ । लालमोहरको प्रति परिशिष्ट १ मा दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वि.सं. १९०४ (१८४७ सन्) मा प्रधान मन्त्री जङ्गबहादुरको आज्ञाबाट यी पुस्तकहरू वसन्तपुर दरबारबाट थापाथली दरबारमा सारियो। वि.सं. १९१० (१८५३ सन्) मा दरबार स्कुलको निर्माण भएपछि यी पुस्तकहरूलाई फेरि थापाथली दरबारबाट दरबारस्कुलको बुइँगलमा राखियो। वि.सं. १९५७ (१९०० ई) मा वीरशम्शेरले घण्टाघरको पुस्तकालयभवनको पनि निर्माण गरेपछि ती पुस्तकहरूलाई नयाँ पुस्तकालय भवनमा ल्याएर राखियो र त्यस समयदेखि नै यस पुस्तकालयलाई घण्टाघरपुस्तकालय वा वीरपुस्तकालय भन्ने अद्यापि चलन छ। वि.सं. १९६२ (१९०५ सन्) मा पं. हरप्रसाद शास्त्रीज्यूले एशियाटिक सोसाईटीको तत्वावधानमा वीर पुस्तकालयमा रहेका महत्वपूर्ण ग्रन्थहरूको सूचीपत्र छपाए। सो सूचीपत्र अनुसार पुस्तकहरू छन् वा छैनन् भनी जाँच्नको निम्ति वि.सं. १९७९ आश्विन १७ गते देखि प्रधानमन्त्री चन्द्रशम्शेरको आज्ञाबाट एउटा लगत तैयार समिति खडा गरियो। यही लगत तैयार समितिले खडा गरेको लगत अनुसार हस्तलिखित ग्रन्थहरू अद्यापि राखिएका छन्।

वि.सं. १९८९ (१९३२ सन्) मा भीमशम्सेरको आदेशबाट पुस्तकालयमा तिब्बती फाँट पनि थपियो।

वि.सं २००९ सालमा पुरातत्त्व विभागको स्थापना भएदेखि यस पुस्तकाललाई यसै विभाग अन्तर्गत राखिएको छ। २०२४ साल मा तैयार भएको अभिलेखालय भवन तत्कालीन निर्देशकज्यूको अकथनीय प्रयासको फल हो र यसै भवनमा वीरपुस्तकालय स्थित पुस्तकहरू सारिए र हाल यो अभिलेखालयको एउटा शाखाको रूपमा रहेको छ।

हाल यस शाखामा रहेका सम्पूर्ण हस्तलिखित ग्रन्थहरूलाई मूलतः ४ फाँटमा विभाजित गरी प्रत्येक एक शाखा अधिकृत (प्राविधिक) मातहत राखिएको छ। (१) ज्योतिष (२) दर्शन (३) तन्त्र (४) धर्मशास्त्र।

ज्योतिष फाँट :

यस फाँट अन्तर्गत निम्नलिखित विषयका पुस्तकहरू छन्। (क) ज्योतिष (ख) रामायण (ग) काव्य (घ) छन्द (ङ) महात्म्य (च) कोश (छ) कथा (ज) नीतिशास्त्र (झ) कामशास्त्र (ञ) साहित्य (ट) संगीत (ठ) पुराण (ड) नाटक (ढ) इतिहास।

दर्शन फाँट :

(क) बौद्ध दर्शन तथा बौद्ध सम्बन्धी अन्य सबै ग्रन्थहरू (ख) वेदान्त (ग) न्याय (घ) सांख्य (ङ) वैशेषिक (च) वैष्णव (छ) शैव (ज) योग।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्र फाँट :

(क) बौद्धतन्त्र (ख) वैष्णवतन्त्र (ग) शैवतन्त्र (घ) तान्त्रिक कर्मकाण्ड (ङ) तान्त्रिक स्तोत्र (च) आयुर्वेद ।

धर्मशास्त्र फाँट :

(क) धर्मशास्त्र (ख) वेद (ग) व्याकरण (घ) स्तोत्र (ङ) धार्मिक कर्मकाण्ड ।

नेपाली संस्कृतिको अगाध भण्डारको रूपमा रहेका यी हस्तलिखित ग्रन्थहरू नेपाली मात्रको राष्ट्रिय सम्पत्ति न भै अन्तर्राष्ट्रिय निधिकै रूपमा मान्नु अत्युक्ति नहोला । विश्वमा नै दुर्लभ भैसकेका केही महत्वपूर्ण ग्रन्थहरूको संकलन यहाँ भएको छ । उदाहरण स्वरूप स्कन्दपुराण अन्तर्गत अम्बिका खण्ड, गिल्गीट भाषमा लेखिएको बौद्ध ग्रन्थ दशमूभीश्वरको केही पत्रहरू, सुमतितन्त्र, देशी कागजमा लेखिएको लिच्छवि लिपिको कारण्डव्यूह, नेपाली भाषामा लेखिएको प्रथम ज्योतिष विषयको पुस्तक खण्डखाद्य, श्री ५ बडा महाराजाधिराजको दिव्यउपदेशको मूल प्रति आदि लिन सकिन्छ । विश्वकै निधिको रूपमा रहेको यस शाखालाई आज कुनै संस्थाको पेवाको रूपमा कोठामा वंन्द गरी राख्ने दिन नभएकोले यसको प्रवेश द्वार स्वदेशी तथा विदेशी अनुसन्धानकर्ता वा संस्थालाई खोल्न श्री ५ को सरकारले उदार नीति अपनाएको छ । यसले गर्दा स्वदेशी तथा विदेशी संस्थाहरू जस्तै इतिहास संशोधन मण्डल, संस्कृत अध्ययन संस्थान, नेपाल तथा एशियाली अध्ययन केन्द्र तथा त्रि.वि.वि. अन्तर्गतका अरू कतिपय संस्थाहरू यसका स्थायी उपभोक्ताहरू छन् भने जर्मन ओरियन्टल सोसाइटी ओरियन्टल इन्ष्टीच्युट मिलान, फोर्डहम विश्वविद्यालय न्यूयोर्क, सम्पूर्णानन्द विश्वविद्यालय काशी, विक्रम विश्वविद्यालय उज्जैन, तिब्बति उच्च अध्ययन संस्थान सारनाथ, गंगानाथ केन्द्रीय संस्कृत विद्यापीठ इलाहावाद, काशी प्रसाद जायसजावाल शोध संस्थान पटना आदि अन्तर्राष्ट्रिय संस्थाहरू यसका प्रमुख स्थायी उपभोक्ताहरू छन् ।

अभिलेख शाखा

२०२४ सालमा राष्ट्रिष्य अभिलेखालयको विधिवत स्थापना भए तापनि आधुनिक युगमा अभिलेखालयले गर्ने कार्यतर्फ यसले अझै ठोस पाइला चाल्न सकेको छैन । कुनै पनि राष्ट्रको राजनीतिक सामाजिक, आर्थिक अवस्था कति विकसित तथा सुदृढ छ भन्ने थाहा पाउनको लागि त्यस देशमा अभिलेखहरू कसरी राखिएका छन् त्यसबाट बुझ्न सकिन्छ । किनभने अभिलेख नै त्यस देशको प्रगतिको मापदण्ड हो । अभिलेख त्यो ऐना हो जसबाट हामीहरू त्यस देशको आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक विकासको गतिलाई चिन्न सक्दछौँ । अभिलेखालयको मुख्य काम होः—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सरकारका विभिन्न इकाइहरूले प्रयोग गरेका पुराना कागजातहरू जो त्यस इकाइलाई दैनिक कार्यमा प्रयोग गर्नु पर्दैन तर त्यसलाई कुनै काम नलाग्ने भनी फ्याक्न पनि सकिँदैन । यस्ता पुराना कागजातहरूले अनावश्यक ठाउँ ओगटी राखी त्यस इकाइमा ठाउँको कमी गराई राख्छ । त्यसमध्ये पुराना कागजातहरूलाई सम्बन्धित इकाइले अभिलेखालयमा सुरक्षित राख्न पठाउँछ । त्यसैले अभिलेखालयको पहिलो काम विभिन्न मन्त्रालय वा विभागहरूलाई दैनिक प्रयोगको निम्ति नचाहिने भनी छुट्याएर राखेका पुराना रेकर्डहरू (Non Current Records) लाई वैज्ञानिक तरिकाबाट क्रमबद्ध सूचीकरण गरी राख्नु हो ।

अभिलेखालयको उपर्युक्त परिभाषा अन्तर्गत राष्ट्रिय अभिलेखालयले काम गर्नुपरेको छ । यसको निम्ति अभिलेखालय सम्मुख तीन प्रमुख कठिनाइहरू छन् (१) आवश्यक प्राविधिक जनशक्तिको कमी (२) भौतिक सुविधाको अभाव (३) मर्मत तथा संभारको निम्ति प्रयोगशालाको अभाव । शिक्षा मन्त्रालय अन्तर्गत संस्कृति मन्त्रालय पनि स्थापना भैसकेको हुनाले यी अभावहरूको पूर्ति चाँडोसे चाँडो हुनेछ भनी अभिलेखालयले आशा तथा विश्वास राखेको छ । वर्तमान समयमा निर्वाध रूपले मन्त्रालयहरूबाट रेकर्ड जम्मा हुने व्यवस्था नभए तापनि अभिलेखालयले आफ्नो सीमित साधन अन्तर्गत रही अभिलेखहरूको संकलन तथा संरक्षण गर्दै आइहरेको छ । हाल यस अभिलेखालयको अभिलेखशाखा अन्तर्गत निम्नलिखित अभिलेखहरू राखिएका छन् ।

१) विभिन्न कालका शिलालेखका उतारहरू ।

२) विभिन्न मितिका ताम्रपत्रहरू ।

३) ताडपत्रमा लेखिएका तमसूकहरू ।

४) ऐतिहासिक चिठीपत्रहरू ।

५) निजामति किताब खानाका रेकर्डहरू ।

६) गोरखापत्र तथा राइजिङ नेपालका प्रतिहरू ।

७) प्रथम जनमत सम्बन्धी कागजातहरू ।

८) प्रतिष्ठित साहित्यकारहरूको प्रकाशित तथा अप्रकाशित पाण्डुलिपिहरू ।

माइक्रोफिल्म शाखा :

सम्वत् २०१८ सालमा सबभन्दा पहिले भारतीय सहायतानियोगद्वारा वीर पुस्तकालयमा रहेका प्राचीन हस्तलिखित ग्रन्थहरूको माइक्रोफिल्म लिने कार्य भए तापनि विस्तृत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तौरबाट माइक्रोफिल्म लिने कार्य २०२७ सालमा मात्र शुरू भयो। २०२७ सालमा जर्मन ओरियन्टल सोसाईटी तथा श्री ५ को सरकार पुरातत्व विभाग बीच एउटा ५ वर्ष (२०२७-०३२) सम्झौता भयो। सफलस्वरूप नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना खडा भयो। यसै परियोजना अन्तर्गत राष्ट्रिय अभिलेखालय स्थित सम्पूर्ण हस्तलिखित ग्रन्थहरूको माइक्रोफिल्म लिने कार्य ५ वर्ष भित्र सम्पन्न भयो। (२०२७-२०३२) सालको सम्झौतालाई २०३२ सालमा पुनः ५ वर्षको लागि नवीकरण गरियो। (२०३२-२०३७) यस अवधिमा वागमती उपत्यका भित्रका निजी वा संस्थागत अधिकारमा रहेका हस्तलिखित पुस्तक वा कागजातहरूको माइक्रोफिल्म लिने निर्णय गरियो, जसको फलस्वरूप परियोजनाले क्रमशः केशर पुस्तकालय, काठमाडौं, भादगाउँ, पाटन, बनेपा आदि ठाउँहरूमा माइक्रोफिल्म युनिट खडा गऱ्यो। यसरी प्रथम तथा द्वितीय चरणमा माइक्रोफिल्म गरी लिइएका पुस्तक तथा अभिलेखहरूको संख्या निम्न बमोजिम छन्।

(१) प्रथम चरणमा (२०७२-२०३२)

राष्ट्रिय अभिलेखालयमा रहेका हस्तलिखित ग्रन्थ तथा अभिलेखहरू २७३०२

(२) दोस्रो चरणमा (२०३२-२०३७)

क) केशर पुस्तकालय	सी)	७८२ थान
ख) भक्तपुर	जी)	५७५३,,
ग) पाटन	एच)	७२७४ ,,
घ) काठमाडौं	इ)	२२८२१ ,,
ङ) बनेपा	आइ)	१०४३ ,,
च) अभिलेखालय	डी)	७६५ ,,

परियोजना अहिले तृतीय चरणमा छ। श्री ५ को सरकारले नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजनालाई (२०३७-२०४२) सम्म बढाएर नेपाल अधिराज्य भरिको ग्रन्थहरूको माइक्रोफिल्म गर्ने अधिकार प्रदान गरेको छ।

(क) काठमाडौं	६४४० (जेष्ठ २०४० सम्म)
(ख) त्रि.वि.वि.	४४६ थान
(ग) काश्की	१९१ ,,
(घ) लाङ्टाङ	३८८ ,,
(ङ) गोरखा	६७३ ,,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस अभिलेखालयमा आधुनिक किसिमको माइक्रोफिल्म युनिट जडान भएकोले यसले श्री ५ को सरकारको कुनै पनि इकाइलाई माइक्रोफिल्म गर्ने कार्यमा सघाउ पुऱ्याउन सक्दछ र अभिलेख खडा गर्ने काममा सामान्य प्रशासन मन्त्रालयलाई आवश्यक सहयोग पुऱ्याइ राखेको छ ।

प्रशासन :

पुरातत्त्व विभाग अन्तर्गतका कार्यालयहरू मध्येमा राष्ट्रिय अभिलेखालय एउटा प्रमुख कार्यालय हो । यहाँ जम्मा ३८ प्राविधिक तथा प्रशासनिक कर्मचारीहरू कार्यरत छन् । कार्यालय प्रमुख रा.प. द्वितीय श्रेणीको छ । उसकै निर्देशनमा कार्यालयको सम्पूर्ण आर्थिक तथा प्रशासनिक गतिविधिहरू संचालन हुन्छन् । सबै कार्यालयहरूका जस्तै अभिलेखालयको पनि कतिपय समस्याहरू छन् । आधुनिक युगमा अभिलेखालयले गर्ने काम यसले अझै गर्न सकेको छैन । यसको निमित्त आवश्यक पूर्वाधारहरू तैयार गर्नुपरेको छ ।

राष्ट्रिय अभिलेखालय र यसको अन्तर्राष्ट्रिय संस्थासँग सम्बन्धः

यूनेस्कोको आह्वानमा सन् १९४८ मा विश्वका प्रमुख देशहरूका अभिलेख विशेषज्ञहरूको एउटा वैठक फ्रान्सको राजधानी पेरिसमा बस्यो र विश्वका अभिलेखालयहरूको संघ स्थापना गर्ने निर्णय गऱ्यो । यही अभिलेखालयको विश्व संगठनलाई अन्तर्राष्ट्रिय अभिलेख संघ (International Council On Archives) अर्थात छोटकरीमा आई.सी.ए. (Ica) भन्ने चलन छ । २०२६ सालमा नेपालमा पनि राष्ट्रिय अभिलेखालयको स्थापना भए पछि राष्ट्रिय अभिलेखालय नेपाल, यस विश्व अभिलेख संघको सदस्य रहेको छ ।

अन्तर्राष्ट्रिय अभिलेख संघको धारा १० अनुसार Ica को विधान अन्तर्गत रही क्षेत्रीय अभिलेख संघको स्थापना गर्ने पनि व्यवस्था गरिएको छ । यही Ica को विधान अनुसार कतिपय (ALA, ARBICA, CARBICA, ECARBICA, SARBICA) जस्तै क्षेत्रीय संघहर विभिन्न मितिमा स्थापना भए । फलतः दक्षिण पश्चिम एशियाली मुलुकहरूको अभिलेखालयहरूको संघ खडा गर्ने विषयमा नेपालले पनि शुरूदेखि आफ्नो सहमति देखायो । परिनाम स्वरूप १९७६ (२०३३) मा स्वारविका (SWARBICA) South and west Asian Regional Branch of the International Council on Archives को स्थापना दिल्लीमा भयो । आरम्भमा यस संघको सदस्यमा इरान, भारत, नेपाल, श्रीलंका तथा वंगलादेश भए । संघको पहिलो अध्यक्ष इरान, उपाध्यक्षमा श्रीलंका र कार्यकारिणीमा बाँकी देशका सदस्यहरू भए । संघको स्थापना भएको लगत्तै पछि अफगानिस्थानले र केही काल पछि पाकिस्थानले पनि यसको सदस्यता ग्रहण गऱ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संघको विधान अनुसार प्रत्येक २ वर्षमा संघको साधारण अधिवेशन (General Conference) सिद्धान्तः इरानमा हुने भए तापनि त्यहाँको राजनैतिक अवस्थाले गर्दा पहिलो अधिवेशन सन् १९७९ (२०३६) मा श्रीलंकाको राजधानी कोलम्बोमा भयो। श्रीलंकामा भएको कार्यकारीणी वैठकबाट श्रीलंका अध्यक्ष बंगलादेश उपाध्यक्ष भयो। सन् १९८१ अक्टोबर (आश्विन २०३८) दिल्लीमा भएको कार्यकारिणीको वैठकमा वंगलादेश अध्यक्ष र नेपाल उपाध्यक्ष भएका छन्। यही स्वारविका कार्यकारिणीको वैठक नेपालमा गएको आषाढ महिनामा सम्पन्न भएको छ।

(१) हस्तलिखित शाखामा देखा परेका समस्याहरूः —

कीरा, सर्दी धुलो आदि हस्तलिखित ग्रन्थहरूका महाशत्रुहरू हुन्। सयकडौं वर्ष पुराना हस्तलिखित ग्रन्थहरूको स्याहार सम्भार अझै सन्तोषप्रद हुन सकेको छैन। परम्परादेखि चलिआएको त्यही फिनेल गोलीहरू वासामा राख्ने चलन बचाउको एक मात्र उपायको रूपमा लिइएको छ। नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना अन्तर्गत हस्तलिखित ग्रन्थहरूको माइक्रोफिल्म लिने काम भए तापनि मूल ग्रन्थलाई दीर्घजीवि गर्ने कतिपय उपायहरू अझै हुन सकेका छैनन्।

हस्तलिखित ग्रन्थहरूलाई परम्परागत तरिका अनुसार पोकामा बाँधेर राखिएका छन्। एउटा पोकामा पुस्तकको आकार हेरी १ देखि १५, २० थानसम्म पुस्तकहरू बाँधेर राखिएका छन्। फेरि प्रत्येक पुस्तकलाई कपडाको बाँधमा बाँधिएको छ। यसो गर्दा पुस्तकहरू खुम्चन र किनाराका पानाहरू खुम्चेर भाँचेर ज़ाने डर हुन्छ। केही पुस्तकहरूमा मात्र काठको गाता छ। अतः पुस्तकहरूलाई खुम्चनुबाट बचाउन प्रत्येक पुस्तकमा गाता राख्नु अति आवश्यक देखिन्छ।

कतिपय पुस्तकहरूको लेखोट उडेर जान लागेको छ। खास यो समस्या बढ्ता गरेर ताडपत्रका पुस्तकहरूमा देखा परेको छ। कतिपय पुस्तकहरू कीराले खाएर अस्पष्ट र काम नलाग्ने भैसकेका छन्। यस्ता पुस्तकहरू लगतबाट कट्टा गर्नुपर्ने देखिन्छन्। अतः पुस्तकहरूको संरक्षणको निम्ति एउटा संरक्षण प्रयोगशाला स्थापना हुनु अति आवश्यक छ। संरक्षण प्रयोगशालाको निम्ति युनेस्कोबाट केही सामान प्राप्त भए तापनि प्रयोगशालाको निर्माण अझै हुन सकेको छैन। युनेश्को विशेषज्ञले दिएको रिपोर्ट कार्यान्वयन हुन सकेमा अभिलेखालयको प्रगति हुने थियो। राष्ट्रिय महत्वका ग्रन्थहरू अभिलेखालयले आफ्नो सीमित बौद्धिक तथा आर्थिक क्षमता अन्तर्गत प्रकाशनमा ल्याउने गरिरहेको छ। तर प्रकाशनको प्रक्रियामा तीव्रता ल्याउन तथा शोधकर्ताहरूलाई प्रोत्साहित गर्नको निम्ति वार्षिक बजेटमा केही रकम अनुसन्धानको निम्ति छुट्याउन वाञ्छनीय देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेखशाखाले गर्नुपर्ने कार्यहरू –

विभिन्न मन्त्रालय अन्तर्गत रहेका दैनिक चलन चल्तीमा नचाहिने रेकर्डहरू क्रमबद्ध तरिकाबाट मिलाई सुरक्षित राख्नु र सम्बन्धित मन्त्रालयलाई चाहेको बखतमा सो कागजातहरू उपलब्ध गराउनु अभिलेखालयको पहिलो कर्तव्य हो ।

आगो, पानी, धुलो, सूर्यको ताप, कीरा, सर्दी, आदि अभिलेखका महाशत्रुहरू हुन् । अतः कुनै पनि कागजातहरू अभिलेखालयमा राख्नु भन्दा अगाडि यी शत्रुहरूबाट बचाउनको निम्ति अभिलेखालयले कतिपय वैज्ञानिक तथा रासायनिक प्रक्रियाहरू अपनाउनु पर्छ । सो गर्नको निम्ति एउटा संरक्षण प्रयोगशालाको निर्माण हुन अति आवश्यक देखिन्छ ।

जम्मा अुन आएका अभिलेखहरूको क्रमबद्ध सूची तैयार पार्नु प्रकाशनमा ल्याउनु तथा अनुसन्धानकर्ताहरूलाई पुराना रेकर्डहरू अनुसन्धानको निम्ति उपलब्ध गराउनु अभिलेखशाखाको अर्को मुख्य काम हो । कस्ता कागजात धुल्याउने कस्ता कागजात सुरक्षित राख्ने भन्ने विषयमा मिति २०२७ साल कागज धुलाउने ऐन पास भैसकेको छ । रेकर्डहरू कसरी राख्ने यस विषयमा कुनै पनि मन्त्रालयको रेकर्डशाखा र अभिलेखालयको निकट सम्बन्ध रहेमा दुवैलाई लाभदायक हुनेछ ।

प्राचीन तथा मध्यकालीन इतिहासको निर्माणमा शिलालेख ताम्रलेख काष्ठपत्र तथा ताडपत्र आदिको महत्त्वपूर्ण योगदान रहेको छ । राष्ट्रिय अभिलेखालयमा यस्ता अभिलेखहरूको उतारहरू केही मात्रामा भए तापनि यो आफैंमा पूर्ण छैनन् । अतः देशको विशुद्ध राष्ट्रिय इतिहासको निर्माणको मिम्ति एउटा योजनाबद्ध तरीकाबाट सम्पूर्ण देशका कुना काप्चामा छरिएका अभिलेखहरूको संकलन हुनु वाञ्छनीय छ ।

राष्ट्रिय शिक्षाको नयाँ योजनामा अनुसन्धानकार्यमा बढ्ता प्राथमिकता दिइएको छ । शाहकालीन नेपालको बृटिश भारत तथा संयुक्तराज्यसँग विशेष सम्पर्क भएकोले यी देशहरूमा नेपाल सम्बन्धि प्रशस्त सामग्रीहरू पाइन्छन् । खास गरी लखनउ अभिलेखालय, दिल्ली अभिलेखागार, इण्डिया हाउस, लण्डन आदिमा संग्रह गरिएका नेपाल सम्बन्धी सामग्रहरूको माइक्रोफिल्म झिकाउन सकिएमा नेपाली अनुसन्धानकर्ताहरूलाई ठूलो सघाउ पुग्ने थियो ।

राष्ट्रियताको अभाव आर्थिक दरिद्रता विदेशी प्रलोभन आदि कतिपय कारणहरूले गर्दा राष्ट्रिय सम्पदा विदेशीदै गैरहेका छन् । प्राचीन अभिलेखहरू पनि विदेशिएका छैनन् भन्न सकिदैन । यसमा प्रतिबन्ध लगाउने अहिलेसम्म कुनै ठोस कानुनी बन्देज

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छैन । अतः यस्ता कागजातहरू विदेशिनुबाट रोक्न र पुराना कागजातहरूलाई व्यवस्थित ढंगबाट कानूनी व्यवस्था हुनु वाञ्छनीय देखिन्छ । सो कानूनी व्यवस्था निम्न आधारमा बताउन सकिन्छ ।

कानूनी व्यवस्था

(१) अभिलेख संरक्षणमा तीव्रता ल्याउनको निम्ति सबभन्दा पहिले श्री ५ को सरकारले माननीय शिक्षा मन्त्रीज्यूको अध्यक्षतामा एउटा सल्लाहकार समिति गठन हुनुपर्छ । समितिले प्रत्येक मन्त्रालयमा रेकर्डशाखा खडा गर्ने अनुरोध गर्नेछ । आवश्यक परेको खण्डमा समितिले रेकर्ड खडा गरेको छ वा छैन सोको जाँच गर्न सक्ने छ र आवश्यक परेमा रेकर्ड खडा गर्ने निर्देशन तथा प्राविधिक सल्लाह उपलब्ध गराउने छ ।

(२) विभिन्न मन्त्रालयमा जम्मा गरिएका एक निश्चित अवधिभन्दा पुराना कागजातहरू अभिलेखालयमा स्वतःजम्मा हुन आउने व्यवस्था हुनुपर्छ । यस सम्बन्धमा यस्ता कुनै अभिलेखहरू जो समितिको विचारमा अभिलेखालयमा जम्मा हुनुपर्छ भन्ने लागेमा सो अभिलेख अभिलेखालयमा जम्मा गर्ने भनी समितिले निर्देशन गर्नसक्छ ।

(३) राष्ट्रिय महत्त्वका कुनै पनि कागजात देशबाहिर निकासी गर्नमा प्रतिबन्ध लगाउने छ ।

(४) निकासी गरेको खण्डमा सो कागजात जफत गरी आर्थिक खण्ड वा कैद वा दुवै दिन सकिने छ ।

(५) अभिलेखालयमा रहेका अभिलेखहरू यदि कसैले जांनीजानी च्याती बिगार्न केरमेट गर्न खोज्छ भने त्यस्तो व्यक्तिलाई आर्थिक दण्ड जरीवाना वा दुवै दिन सकिनेछ ।

(६) सम्बन्धित मन्त्रालयले तोकेको शर्त अनुसार अभिलेखालयमा जम्मा हुन आएका अभिलेखहरू मध्येमा एउटा निश्चित अवधि भन्दा पुराना (५० वर्ष भन्दा पुराना) अभिलेखहरू साधारण पाठक वा अनुसन्धानकर्ताहरूलाई उपलब्ध गराउनु पर्दछ ।

काइक्रोफिल्मशाखामा देखा परेका समस्याहरू

(१) माइक्रोफिल्मशाखामा हाल जम्मा ५ कर्मचारीको दरवंदी छ तर यस शाखामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कामको बोझ दिन पर दिन बढ्दै गएको छ । नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना अन्तर्गत सधैं १, २, कर्मचारीलाई फिल्डमा पठाउनु पर्दछ । माइक्रोफिल्मशाखाले आफ्नो दैनिक काम गर्नुको सट्टा कतिपय थप काम गर्ने योजना बनाइएको छ । जस्तै मदनपुस्तकालयमा रहेका ग्रन्थहरूको माइक्रोफिल्म, नेपाल प्रेस काउन्सीलसँग पनि माइक्रोफिल्म पर्ने वार्ता चलिरहेको छ । यदि त्यहाँको कार्यहरू गर्नुपरेमा वर्तमान दरबन्दीमा केही थप दरवंदी समावेश गर्नु अति जरूरी भैसकेको छ ।

(२) एकातिर थप माइक्रोफिंल्मका बट्टाहरू सुरक्षित राख्न दराज किन्न बजेटको अभाव छ भने अर्कोतर्फ अभिलेखहरू तथा माइक्रोफिल्मका बट्टाहरू एउटै भवनमा राख्नु अभिलेख सिद्धान्तको अनुकूल छैन । किन भने अभिलेखालयको भवनको निर्माण कुनै किसिमको दैवी आपत जस्तै आगो, भूकम्प आदिबाट सुरक्षित रहने गरी बनाइएको छैन । त्यसैले हाललाई सुरक्षात्मक कदमको रूपमा माइक्रोफिल्मका बट्टाहरूलाई अभिलेखालय भवन बाहिर राख्नु वाञ्छनीय देखिन्छ । यस सम्बन्धमा नेपाल जर्मन हस्तलिखित ग्रन्थसंरक्षण परियोजनाले दिएको आश्वासन पनि कार्यान्वयन हुन सकेको छैन ।

(३) माइक्रोफिल्म सम्बन्धी मेशीनहरू १० वर्ष पुरानो भैसकेको र काम गर्ने क्रममा मेशीनमा खराबी आउन सक्ने संभावनाको प्रतिशत बढिसकेको छ । तर मेशीन मर्मत गर्ने कोही विशेषज्ञ छैनन् । त्यसैले यस शाखामा काम गर्ने कर्मचारीहरूलाई मर्मत सम्भारको आवश्यक ट्रेनिङको वन्दोबस्त हुनु परेको छ ।

(४) माइक्रोफिल्मबाट अध्ययन गर्न रिडरको आवश्यकता पर्दछ । हाल यस शाखामा एउटा मात्र रिडर छ । अनुसन्धानकर्ताहरूको मागलाई ध्यानमा राखेर थप १

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रिडरको व्यवस्था हुन आवश्यक देखिन्छ । फेरि कुनै अनुसन्धानकर्ताले मूल प्रति घरैमा बसी अध्ययन गर्न चाहन्छ भने त्यस्तो व्यक्तिलाई सस्तो मूल्यमा फोटोकपी उपलब्ध गराउन यस शाखालाई एउटा फोटोकपी मेशीनको पनि आवश्यक परेको छ । यो फोटोकपी मेशीन भएको खण्डमा अनुसन्धानकर्तालाई सजिलो हुने तथा सरकारको राजस्व पनि प्रशस्त बढ्ने हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रशासन शाखा : यसको वर्तमान प्रशासनिक ढाँचा निम्न बमोजिम छ :

प्र. अ. अ. रा. प.. (द्वितीय)

- प्राविधिक
  - **हस्तलिखित**
    - रा.प.तृ.– ४
    - रा.प.अ. (प्रथम) ४
    - रा.प.अ. (चतुर्थ) ४
    - पुस्तके (पिउन सरह)
  - **प्राचीन अभिलेख**
    - रा.प.तृतीय.– १
    - रा.प.अ. (प्रथम) १
  - **आधुनिक अभिलेख**
    - रा.प.तृ.– २
  - **माइक्रोफिल्म**
    - रा.प.तृ. १
    - रा.प.अ. प्रथम २
    - रा.प.अ. तृतीय २
    - पिउन १
  - **संरक्षण**
    - रा.प.तृ. १
    - रा.प.अ. (प्रथम) २
- अप्राविधिक
  - **सामान्य प्रशासन**
    - रा.प.अ. प्रथम १
    - टाईपिष्ट १
    - मुखीया १
    - पिउन २
    - बगैंचे १
    - स्वीपर १
  - **लेखा प्रशासन**
    - रा.प.अ. (द्वितीय) १

यदि राष्ट्रिय अभिलेखालयले आफ्नो कार्य क्षेत्र बढाउँदै लैजाने हो भने र अभिलेखालयले नाम अनुसारको काम (आधुनिक अभिलेखालयले गर्ने किसिमको) गर्दै लैजाने हो भने वर्तमान दरवंदी अपुग देखिन्छ र यसको प्रस्तावित दरवंदी निम्न अनुसारको हुनुपर्छ । यी थप दरवंदीहरूलाई भौतिक सुविधा बढ्दै गएको खण्डमा क्रमैसँग लागू गर्दै लैजानुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रस्तावित प्रशासनिक ढाँचा :

रा. प. (प्रथम)

प्राविधिक

हस्तलिखित

रा.प. (द्वितीय) १ थप
रा.प. तृतीय ४
रा.प. तृ. तिब्बती फाँट १ पथ
रा.प.अ. (प्रथम) ४
रा.प.अ. (प्र.) १ थप तिब्बती फाँट
रा.प.अ.च. ४
पिउन ४

प्राचीन तथा मध्यकालीन अभिलेख

रा.प. द्वितीय १ थप
रा.प.तृ.१
रा.प.अ. (प्रथम) २ थप

आधुनिक अभिलेख

रा.प.द्वि. १ अपग्रेड् गर्ने
रा.प.तृ. ५ थप
स. अभिलेख विशेषज्ञ ४ थप

संरक्षण शाखा

केमिष्ट रा.प.तृ. १
डकुमेन्ट रिपेयर,
रा.प.अ. प्रथम २.४
बुकवाइण्डर २
पिउन २

माइक्रोफिल्म

रा.प.द्वि. १ थप
रा.प.तृ. १
रा.प.अ. प्रथम ४ थप
रा.प.अ.तृ. २ थप
रा.प.अ.च. २
पिउन १

अप्राविधिक

सामान्य प्रशासन

रा.प.तृ. १ थप
रा.प.अ. (प्रथम) २ थप
टाइपिष्ट २ (१ थप)
पिउन २
बगैंचे १

लेखा

रा.प.तृ. १ थप
रा.प.अ. (प्रथम) १ थप
रा.प.अ. (द्वि) १

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विगत केही वर्षको राजस्वको एक झलक

	भा.रू.	
०३२।०३३	४६०७।७१	
०३३।०३४	७२६३।९१	
०३४।०३५	१७,६२६। ३	
०३५।०३६	१२,३१७।९९	
०३६।०३७	७९,२६४।७१	
०३७।०३८	४६,८४९।७४	
०३८।०३९	३१,६१०।०३	
०३९।०४०	३२,९०१।३५	(वैशाख मसा:त तक मात्र)

विगत ५ वर्षको आर्थिक बजेटको एक झलक

	तलब	भत्ता	दै.भ्र.भ.	सेवा	मर्मत	अफिस	पत्रिका	इन्धन	अरू माल सामान
०३५।०३६	२१२७०३	७६६८	११०००	१७०००	२२०००	५०००	२८०००	५००	३३०००
०३६।०३७	२२७७२८	७६००	११०००	१८०००	२८०००	५३००	२८०००	५००	३४०००
०३७।०३८	२३१४००	७६००	११०००	१८०००	२८०००	५३००	२६०००	५००	३४०००
०३८।०३९	२८४३२४	३६९४२	१२०००	१८०००	२८०००	६०००	२६०००	५००	२४०००
०३९।०४०	३०३१७४	३८१२६	१२०००	२०००	३५०००	६०००	२६०००	५००	३५०००

	फर्निचर	भैपरि आउने	सवारी	मेसेनरी औजार
०३७।०३८	१०००	२००		
०३८।०३९	१०००	२००		
०३९।०४०		२००	१०००	१०,०००

राष्ट्रिय अभिलेखालय नेपाली संस्कृति र इतिहासको अमूल्य भण्डारको रूपमा छ । यसको सुरक्षा र सम्वर्धन गर्नु नेपाली मात्रको कर्तव्य, हो । नेपालको विशुद्ध इतिहासको निर्माण र उज्ज्वलमय नेपालको निर्माणमा अभिलेख एउटा महत्वपूर्ण माध्यम भएकोले यसको विकासमा सबैको सहयोग अपेक्षित छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्मकाण्ड निबन्ध

- हरिनाथ गौतम

रहेको स्थान : हाल राष्ट्रिय अभिलेखालय

लिपि : देवनागरी

विषय : वैदिक कर्मकाण्ड ।

ग्रन्थकार : कुलनिधि शर्मा

परिचय : पाल्पा महाराजाधिराज श्री मुकुन्दसेनका दरबारका दरबारिया पण्डित विद्वान कुलनिधि शर्माले ग्रन्थको बोध गराउनु भन्दा पहिले महाराजाधिराज मुकुन्दसेनको प्रेरणाले नै रचना गरेको हो भन्ने तथ्य देखाउनुभएको छ । ग्रन्थारम्भको आरम्भ वाक्यमा वंश परिचय देखाउनु भएर ग्रन्थारम्भ गर्नुभएको छ ।

आरम्भ वाक्य :

बन्दे गणपतिं कर्मसाक्षिण जगदंविकाम् ।
श्रीशानं जानकीजानिमपि सावरणामरम् ॥१॥
श्रीसेनान्वयसागरे समजनि, श्रीमन्मुकुन्दाभिदो,
यःपूर्णद्विजराज इत्यथ जनस्याल्लादको नित्यश : ॥
पद्मानोदकसंयुताक्षितिरिति ह्यभ्रोदकापेक्षकान् ।
अभूवन् विविधा अह दिवमहो कृष्यन्ति भूकर्षका ॥२॥
तद्वंशे भूपतिनाम्नाऽमरसेनो वभूवह ॥
गन्धर्वसेनस्तत्पुत्रश्चत्वारस्तत्सुताः स्मृताः ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उद्योतसेनस्तज्ज्यायान् लक्ष्मीनारायणोऽपरः ।
तृतीयो मेदिनीसेनो महावीरः कनिष्ठकः ॥४॥
लक्ष्मीनारायणाज्जातः पुत्रः श्रीरघुवीरकः ॥
खामदत्तः प्रतापाद्याः मेदिनीसेनसूनवः ॥५॥
श्रीमानुद्योतसेनस्तु यद्योतद्योतिता दिशः ॥
वयसाऽल्पोपि विक्रान्तः स बभूवाभिमन्युवत् ॥६॥
पराक्रमे शक्रकल्पः श्रीमुकुन्दात्मजः सदा ॥
इहावतीर्णो यः साक्षान्मुकुन्दो विवुधाधिपः ॥७॥
राजचूडामणिर्योहि यशपूर्णदिगन्तरः ।
राजते मानदो मित्रबुधयो श्री मुकुन्दकः ॥८॥
पाल्पाख्यपुर्या निवसन् सपार्थिव ।
श्रीमन्मुकुन्दो हि मुकुन्दकल्पकः ॥
यस्यासितापातप्रवलन्त्यरातयो ।
यदीय कीर्त्या धवलीकृता दिश ॥९॥
यत्सुताः पंच वर्तन्ते विक्रान्ताः पाण्डवा इव ॥
तज्ज्यायान् ध्रुवराजः श्रीमहादन्तो हि वर्तते ॥१०॥
स धैर्ये हिमवत्कल्पो नीत्या शुक्रो धिया गुरूः ॥
क्षितिवद् वर्तते क्षान्त्या कर्णो विक्रमदानयो ॥११॥
सत्यकारूण्ययो पार्थ विवेके तु वृहस्पतिः ॥
रूपेण जितकन्दर्प तेजसा भानुमानिव ॥१२॥
विदुषां चाश्रितानां वै कल्पद्रुमसम त्त्वसौ ॥१३॥
अथो तदनुजःशूरवीरसेनाभिध स्तु सः ॥
नीतिविद् राजतन्त्रज्ञो वर्तते विदूरो यथा ॥१४॥
नान्मा शूरो यादवेषु प्रसिद्धः
ख्यातो वीर वीरभद्रस्त्वनाख्यौ ॥
पत्यादित्यौ तद्गुणः सन्ति यस्मिन्,
सोऽयं नाम्ना शूरवीराग्रसेनः ॥१५॥
तदनुजसचिवकरवीरकोर्णवः
सट्टङ्मति निम्नतया तु स ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिमवता वलतुंगतया समो,
द्विषदलंघ्य इतीह विराजते ॥१६॥
तस्यानुजश्चन्द्रवीरस्त्वपरो ध्वजवीरकः ॥
महादन्तादय श्चैते पंच राजसुता मता ॥१७॥
अथापि युवराज श्रीमहादन्तात्मजावुभौ
पृथ्वीपालस्तु, तज्ज्यायान् रणबहादुरो परः ॥१८॥
मुकुन्दराजरत्नस्य रत्नकल्पा सहो नराः ॥
वर्तन्ते ते प्रकथ्यन्ते तत्तदर्थप्रकाशकाः ॥१९॥
वीरांताहु त्रयं विष्णुनामकास्तु त्रयो बुधाः ॥
निध्यन्ताख्यत्रयं चैतत् तृतयं नवरत्नकम् ॥२०॥
विष्णाख्याः सकृतद्योतनिधयोर्थप्रकाशकाः ॥
आशा विजयकामानां वीरांता द्योतका यताः ॥२१॥
शूरवीरो, महावीरो, रघुवीर इमे त्रय ।
शिवार्चनात् शिवाधानात् नाम्ना शिवनिधिः स्मृतिः ॥२२॥
वाग्मि सर्वजनाल्हादकारी तारानिधिर्मतः
हर्यर्थगुणधर्मित्वा नाम्ना हरिनिधि त्वसौ ॥२३॥
नारायणगुणोपेतो नाम्ना नारायणे बुधः ॥२४॥
लक्ष्मीपतेश्चिन्तकत्वाच्छ्रीनाथस्तन्मयः कृती ॥
श्रीरामवत्कृपालुत्वात्कृपां रामस्तु कोविदः ॥२५॥
इत्यादि रत्नकल्पानां मालायां मणिनायकः ॥
कर्तव्य तन्तुपोतायां मुकुन्दो नायकायते ॥२६॥
श्रीमुकुन्दाज्ञया विद्वत् कुलाग्रनिधिशर्मणा ॥
कृतिरारम्यते सम्यक् कर्मकाण्डनिबन्धने ॥२७॥
कातीयपारस्कर गृह्यसूत्र, व्याख्यात् नानास्मृतिपद्धतीनाम् ॥
बुध्वा मतं विश्वजनीनकर्मकाण्डन्तु शान्त्यामियुतं तनोमि ॥२८॥
आसन् यद्यपि विज्ञास्तन्निवन्धाः सन्ति कोटिशः ॥
तथाप्यस्य विशेषोक्तिं केचिद्विज्ञातुमीहते इति

उपर्युक्त प्रकारले मुकुन्दसेन राज्यको वंशको वर्णन गर्नुभएर यस कर्मकाण्ड निबन्ध ग्रन्थमा याज्ञ्यवल्क्य पाराशर नारद मनु आदि विभिन्न विद्वान् ऋषिहरूको मतमतान्तर समावेश गराएर ब्राह्मण, क्षेत्रीय, वैश्य, शूद्र, चारै वर्ण र ब्रह्मचर्याश्रमी गृहस्थाश्रमी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवं बानप्रस्थाश्रमी र संन्यासाश्रमीहरूको निमित्त समेत अत्यन्त उपयुक्त कर्मकाण्ड, ग्रहयागादिको प्रयोजन याज्ञवल्क्य ऋषिको, एवमेनः शमंपाति वीजगर्भसमुद्भवम् भन्ने वचनानुसार चारै वर्ण र चारै आश्रमीहरूको निमित्त यो कर्मकाण्ड निबन्ध उपयोगी छ भनेर विद्वान् कुलनिधि शर्माले भन्नुभएर निम्न बमोजिमका विषयहरू समावेश गरी लेख्नुभएको छ । जस्तैः– कर्मकाण्डको महायागादि प्रयोजनमा संस्कारकर्महरू नभएका कुनै पनि मानिसहरूलाई महायागादिमा अधिकार हुँदैन, अत वर्ण र जाति विशेषको श्रोत (वैदिक) संस्कार र स्मार्त संस्कार हुनै पर्दछ । संस्कारहीन मनुष्यलाई सन्यासाश्रममा पनि अधिकार हुँदैन र शतचण्डी सहस्रचण्डी, लक्षहोम, कोटीहोम, ज्योतिष्टोमादि र रूद्रयागादि महायाग श्रोत कर्म र अन्य स्मार्त कर्ममा पनि प्रवृत्त हुन अधिकार प्राप्त हुँदैन । सबै नै संस्कार कर्म आरम्भ गर्दा ग्रहयाग गर्नुपर्दछ । गृहयज्ञ गर्ने ठाउँको विचार, मण्डप प्रमाण, कुण्डको विचार ग्रहवेदि प्रमाण मेखला (वप्र) प्रमाण, ग्रह शान्ति गर्दा वरण गर्ने ब्राह्मण संख्या ।

याज्ञबल्क्यस्मृति अनुसारको मुख्य ग्रहयागमा ९ जना वैदिक ब्राह्मणहरू उपयुक्त हुन्छन् ।

आचार्य (१) ब्रह्मा (१) गणेश (१) गणेश ऋत्विक (६) इत्यादि यही तथ्यलाई वशिष्ठ ऋषिले पनि सहमत दिनुभएको छ, र विद्वान् कुलनिधिले रचना गर्नुभएको यो कर्मकाण्ड निबन्ध ग्रन्थमा नवग्रहको शान्ति नगरी कुनै धार्मिक, पौष्टिक कर्म र संस्कार कर्म एवं यागादिको आरम्भ गरेमा अनिष्ट हुन्छ ।

त्यही कुरा प्रयोग पारिजात भन्ने ग्रन्थमा समेत लेखिएको छ ।

कार्यारम्भेषु सर्वेषु प्रतिष्ठा स्वध्वरेषु च ।
नववेश्मप्रवेशे च गर्भाधानादिकर्मसु ॥
आरोग्यस्नानसमये संक्रान्तौ रोगसंभवे ।
अभिचारे च यः कुर्या ग्रहपूजाविधानतः ॥
सोभिष्ठफलमाप्नोति निर्विघ्नेन नसंशयः ।

भन्ने वचन सोही कर्मकाण्ड निबन्धमा पष्टतया लेख्नुभएको छ, अतः ग्रहपूजा रहित सबै संस्कार्य कर्म र अभिचारिक कर्म पौष्टिक कर्म शान्ति स्वस्ति कर्म समेत गर्न प्रतिबन्ध छ भनेर लेख्नुभएको छ ।

यस्तै ग्रहहरूको आवाहन गर्ने समय, ग्रहहरूको वर्णनस्वरूप र ग्रहहरूको देवताको वर्णनस्वरूपको वर्णन, नवग्रहहरूको देश गोत्र स्थापना गर्ने मन्त्र पूजा गर्ने मन्त्र प्रत्यधि देवता स्थापना गर्ने मन्त्र विनायक स्थापना गर्ने मन्त्र दिक्पालहरू स्थापना गर्ने मन्त्रहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र स्थान समेत ग्रहहरूको नैवेद्यहरूको उल्लेख छ । यसमा पारस्करगृहसूत्र, शुक्लयजुर्वेद, मनुस्मृतिः याज्ञबल्क्यस्मृति, मत्स्यपुराण, स्कन्दपुराण समेतका वेदस्मृतिपुराणहरूको बचन समेत उल्लेख गरी ग्रहशान्ति ग्रहयागको वर्णन गर्नुभएको छ, र ग्रहहरूका समिधा, जस्तैः अर्क–१, पलाश-२, खदीर- ३, अपामार्ग–४, उदुम्बर–५, पिपल-६, शमी–७, दूर्वा–८, कुश–९, इत्यादि चन्दन समेतको वर्णन गरिएको छ ।

यस्तै कलश स्थापना गर्ने प्रकार, सप्तमृतिका सप्तधान्यको वस्तुहरू सप्तदश धान्यादिको वर्णन सवौषधिका द्रव्यहरू पञ्चपल्लव, पञ्चरत्न, यज्ञपात्रको लक्षण, प्रणिता पात्र र प्रोक्षणिपात्रको लक्षण चरूस्थाली र आज्यस्थालीको लक्षण संमार्जनोपनयन कुशको विचार श्रुक र श्रुवको लक्षण श्रुवको आवाहन कार्यविशेषले अग्निको नाम, नवग्रहको होम संख्या, ग्रहहरूको होम गर्ने मन्त्र, पौराणिक अभिषेक मन्त्र ग्रहहरूको सामान्य गोदान, ग्रहहरूको रत्नादि दान गर्ने मन्त्र, भूमि दान गर्दा अधिष्ठातृ देवता, यस्तै अन्य वस्तुदान गर्दा स्पर्श गर्ने स्थानको वर्णन, ग्रहयज्ञ विषयक विचार, महायज्ञमा दक्षिणादानको विचार नवग्रहहरूको प्रतिमादानको प्रकार ।

गोदानविधि, यजुर्वेदीय अभिषेक, मन्त्र, तिलक मन्त्र, वैदिक मन्त्र, ग्रहयज्ञारम्भे पूर्वाङ्गकर्मप्रयोग, स्वस्तिवाचनमन्त्रहरू, पंचामृतविधि, पञ्चगव्यविधि, गणेशपूजा, क्रममन्त्र, मातृकापूजाप्रयोगमन्त्र, आभ्युदयिक श्राद्ध प्रयोग, पुण्याहवाचन ग्रहयज्ञ प्रयोग प्रधान संकल्प- आचार्यवरण, ब्रह्माको वरणविधि, गणेशवरण ऋत्विगादिहरूको वरणविधि, नवग्रहहरूको स्थापनप्रयोगविधि, अधिदेवता प्रत्याधिदेवतास्थापनविधिः विनायकादि कार्यविशेषले अरू देवता स्थापनाविधि, दिकपालहरूको स्थापनाविधि, कलश स्थापना विधि, ग्रहहरूको ध्यान गर्ने प्रकारविधि, ग्रहहरूको पूजा गर्ने प्रकार, कलश पूजन प्रकार, रक्षाबन्धनको विधि, घृतच्छाय़ाविधि, पञ्चभूसंस्कारविधि, अग्निस्थापनविधि, ब्रह्मोपवेशादि कुशकण्डिकादिविधि, सर्व कर्म साधारण देवताहरूको ध्यान, चतुर्दश आहुति, होम, संकल्प प्रयोगविधि, नव ग्रह प्रीतये समिधादि त्यागसंकल्प, विशेष होमसंकल्प, आधार आज्य भाग, होमसंकल्प । वैश्वानर पूजा विषय, महाव्याहृति होम, प्रायश्चित संज्ञक, पञ्चवारूण होम, प्राजायपत्य होम, स्विष्ठकृद्धोम र ग्रहहरूको होममन्त्र, । विनायकादि देवताको होमविधान, इन्द्रादि दिकपालको हवन, क्षेत्रपालको होममन्त्रहरू, वास्तोस्वतिको होममन्त्र, पूर्णपात्रविधान आचार्यलाई यज्ञान्त गौदान, पूर्णाहुतिहोम । उत्तराङ्ग पूजाविधि; ग्रहहरूको दानप्रकार, अग्नि प्रतपनरत्र्यायुषधारण विधि; ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सकलकर्मक्रम र सकल कर्मप्रयोगविधि ॥

जातकर्म जातकर्मोपयोगीः- साधारण सबैकर्मका अधिकारिहरू यस्तै अरू ।

आभ्युदयिक श्राद्धको निर्णय, जातकर्मको उपयोगी निर्णय जातकर्मविधि, षष्ठिपूजाविधि, र प्रयोग-नामकरणविधि, निष्क्रमणविधि, कर्णवेधविधि, अन्नप्राशनविधि; ब्रतबन्धविधि, चूडाकरणविधि, यज्ञोपवीत (जनै) को लक्षण, कौपीन (लंगौटी) को कपडाको लक्षण, मेखला र उत्तरीयको लक्षण, दण्ड (लठ्ठी) को लक्षण, मण्डव बनाउने प्रकार जूटिकाबन्धनको विधि, केशान्तकर्मविधि, उपनयनविधि, उपनयनप्रयोगविधि, गायत्रीश्रवणविधि, अभिवादानलक्षणप्रयोगविधि, भिक्षाचरणविधानः ब्रह्मचर्यधारणविधि, वेदारम्भविधि, समावर्तनप्रकारविधिका विषयहरू उल्लेख गर्नुभएको छ र त्यसपछि

दशकर्म षोडश संस्कारअन्तरगत विवाहविधि, विवाहमा उपयोग गरिने मधुपर्क– विधि पंच भूसंस्कार पूर्वक अग्निस्थापनविधिः गोत्रको उच्चारण गर्ने विधि, कन्यादानविधि, छोलिकाभरणविधि, राष्ट्रभूतादि होमविधि, कन्यासीमन्तेसिन्दुरार्पणविधि, वरपादं प्रक्ष्यालन विधि, जीवमातृपूजनविधि, चतुर्थोकर्मविधि, अर्कविवाहविधि, प्रथमरजोदर्शन दृष्टमासादि शान्तिविधि, मूलशान्तिको निमित्त उपयुक्त शतमूलानि तद्विवरणं च दैवज्ञमनोहरोक्तानि ।

गर्गोक्त शतमूलहरू र त्यसको विवरण समेतको उल्लेख मूल, अश्लेषा, ज्येष्ठा, विशाखा-नक्षत्र जातफल र त्यसको शान्ति विधि; प्रथम दाराभिगमनविधि, गर्भाधानविधि, पुंसवनविधि, सीमन्तोनयनविधि, परदेशबाट आएको घरमा प्रवेश गर्दा गर्नुपर्ने आवश्यकविधि, जातकर्ममन्त्र-विवरणम् । चूडाकरनोपयुक्त-मन्त्रविवरणम् । उपनयनमन्त्रविवरण, समावर्तनमन्त्रविवरण, विवाहमन्त्रविवरण, चतुर्थीकर्ममन्त्रार्थ-विवरणं, अक्षरारम्भविधि, जन्मोत्सवविधि, तुलापुरूषदानविधि, तुलादानप्रशसाविधि, विरूद्धसंक्रन्ति तत्रादौ मेष संक्रान्तिविधिः, दुष्टचन्द्रशान्तिविधि, गृहप्रवेशविधि, गुहारम्भोपयोगी वास्तुशान्तिविधि, भूतवलिदानविधि, वास्तुशान्तिपूर्वकगृहप्रवेशविधि, गृहहर्म्यप्रासादारंभविधि, तत्रादौ भूमिविचारवास्तुदेवतावलिदानविधि, इन्द्रादिदिक्पालवलिदानविधि, गृहारम्भोपयोगी शिलान्यासविधि, शिलान्याससंस्थापनप्रकार इत्यादि समावेश गरेर विद्वान् कुलनिधि शर्माले कर्मकाण्डनिबन्धको निवाधग्रन्थ रचना गर्नुभएको छ ।

अन्त्यको समाप्ति पुष्पिकावाक्यमा इति श्री रूपनारायणेत्यादि विविध विरूदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री मुकुन्दसेनवर्मणा कारिते श्री कुलनिधिशर्मणा विरचिते कर्मकाण्डनिबन्धने प्रथम द्वितीय तृतीय परिच्छेद समाप्त अभूत ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सृष्टि र कल्पना

- शङ्करमान राजवंशी

जगत्

जगत् शून्य छँदा जगत्को आमा आदिशक्ति प्रकृतिभवानी जगदम्विकाको त्रिगुण तत्वको पुञ्जरूप विन्दुबाट ज्योति प्रादुर्भाव भयो र निञ्जन निराकार परमात्मा परमेश्वरमा व्याप्त भयो । अनि त्यस त्रिगुण तत्त्वमध्ये तमोगुणबाट महाकाली तथा रजोगुणबाट महालक्ष्मी सत्वगुणबाट महासरस्वती प्रकट भइन् । महाकालीले पुरूष रूद्र र स्त्री त्रयी उत्पत्ति गरिन् । महालक्ष्मीले ब्रह्मा र लक्ष्मी उत्पत्ति गरिन् । महासरस्वतीले विष्णु र गौरी उत्पत्ति गरिन् । अनि महालक्ष्मीले ब्रह्मालाई शक्ति त्रयी, विष्णुलाई शक्ति लक्ष्मी रूद्रलाई शक्ति गौरी प्रदान गरिन् । अनि आफ्नो शक्तिद्वारा ब्रह्माले अण्ड पैदा गरे जसलाई ब्रह्माण्ड भन्दछन् । रूद्रले भेदन गरिदिए । त्यसबाट स्थावर जङ्गमादि जगत् प्रादुर्भाव भयो । त्यस जगत्लाई विष्णुले पालन गरे । यी कुरा दुर्गासप्तशती चण्डीमाहात्म्यको प्राधानिक रहस्यमा बताएको छ । त्यसैले महाकालसंहितामा पनि जगदम्बिकालाई प्रकृतिमा गणना गरेको छ । प्रकृतिले नै सृष्टि गरेको भन्ने उल्लेख छ । जस्तै–

प्रकृतिः सा परिज्ञेया कालीनां जगदम्बिका ।
अन्या विकृतयः प्रोक्ताः कार्यकारणभेदतः ॥

"ती जगदम्बिका कालीहरूमध्येमा प्रकृति हुन् । अरू कार्यकारणभेदले विकृति हुन् ।"

जगत्सर्वं वशे तस्या वश्या कस्यापि सा न च ।
विश्वसर्वं सृजति सा को ऽ पि सृजति तां नहि ॥

"सबै जगत् उनै प्रकृति देवीकै वशमा छन् । प्रकृति देवी चाहिँ कसैको वशमा छैनन् । संसार उनैले सृष्टि गर्छन् । उनीलाई कसैले सृष्टि गर्दैनन् ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यही कुरा भगवान् श्री कृष्णले गीता ९ अध्यायमा भन्नुभएको छ–

मयाऽध्यक्षेण प्रकृति : सूयते सचराचरम् ।
हेतुनानेन कौन्तेय जगद्विपरिवर्तते ॥१०॥

"मेरो अध्यक्षतामा प्रकृतिले चर अचर प्राणी सृष्टि गर्छन् । यसै कारणले यो संसार चलिरहन्छ ।"

ब्रह्माण्ड–

हामीले माथि हेर्दा नीलो आकाश देख्छौं । त्यो नीलो आकाश मानो कराही घोपट्याएको जस्तो भान हुन्छ । त्यही नीलो आकाशरूपी कराहीले हामीलाई छोपिराखेको जस्तो देखिन्छ । तर त्यो नीलो आकाश कुनै पदार्थ होइन । त्यो त केवल शून्य हो जसलाई निरञ्जन निराकार परमात्मा परमेश्वर भन्दछन् । त्यसको आदि अन्त्य कसैले भेट्टाउन सकेको छैन । किनभने त्यो आकाश अनन्त छ । जुन आकाशलाई सूर्यको किरणले पनि भेदन गर्न सकेको छैन । सूर्यको किरण यहाँसम्म पुगेको छ । त्यहाँदेखि बाहेक आकाश अँध्यारो छ । त्यसैले त्यो आकाश हामीले हेर्दा नीलो देखिएको छ । सूर्यको किरण जहाँसम्म पुगेको छ । त्यहाँदेखि वरिपरिको फेरो घेरिएको अँध्यारो भागलाई लोकालोक पहाडको घेरा अर्थात् ब्रह्माण्डको घेरा भनी भन्दछन् । लोकालोक भन्नाको तात्पर्य दृश्य र अदृश्य भनेको हो । सूर्यको किरण जहाँसम्म पुगेको छ, त्यहाँसम्म दृश्य अर्थात् उज्यालो र त्यहाँदेखि बाहेक अदृश्य अर्थात् अँध्यारा छन् । त्यस लोकालोक पहाडको घेरालाई ज्योतिषबाट खकक्षा पनि भन्दछन् । त्यो कुरो ज्योतिष शास्त्रमा यसरी बताइएको छ । जस्तै–

तदब्रह्माण्डकटाहसंपुटतटे केचिज्जगुर्वेष्टनं ।
केचित् प्रोचुरदृश्यदृश्यकगिरि पौराणिकाःसूरयः ॥

ब्रह्माण्डमेतन्मिमस्तु नो वा
कल्पे ग्रहः क्रामति योजनानि ।
यावन्ति पूर्वैरिह तत्प्रमाणं
प्रोक्तं खकक्षाख्यमिदं मतं नः ॥३॥

दिनकरकरनिकरनिहतमसो नभसः सः परिध्रिरूदितस्तैः ।
(सिद्धान्तशिरोमणिकक्षाध्याय)

कसैले ब्रह्माण्डरूपी कराहीको संपुटको किनाराको त्यो घेरा हो भने । कुनै पौराणिक विद्वान्हरूले चाहिं त्यसलाई लोकालोक पहाड भने । ब्रह्माण्डको घेरा यति होस् वा नहोस् एक कल्पमा ग्रहले जति योजन घुम्छ त्यति नै ग्रहको खकक्षा भनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पहिलेका आचार्यहरूले बताएका छन् । त्यस कारण हाम्रो मत यही हो जुन सूर्यको किरणको समूहले अन्धकार नाश भएको आकाशको घेरा हो भनी ती आचार्यहरूले बताएका छन् ।

कल्प –

ब्रह्माको एक दिनलाई एक कल्प भन्दछन् । त्यस कल्पलाई १४ भागमा विभाजित गरिएको छ । प्रत्येक भागमा एक एक मनुको भोग तथा आयु मानिएको छ । यसरी १४ मनुको भोग सिद्धिएपछि हाम्रो ४ पद्म ३२ करोड वर्ष बित्दछ । त्यति वर्षमा हजार महायुग फिरिन्छन् । एक महायुगमा सत्य त्रेता द्वापर कलि हुन्छन् । यो कुरा ज्योतिष शास्त्रमा विस्तृतरूपले दिइएको छ । सामान्य विचार गर्दा उक्त कुरा कल्पित हो कि भने जस्तो छ । तर ज्योतिष गणनाले सिद्ध गरिएको हुनाले उक्त कुरा कल्पित कसरी भन्ने । त्यसको उपपत्ति निम्न प्रकारले गरिन्छ ।

आफ्नो धुरिमा पृथ्वी एक चक्कर घुम्दा सूर्य उदय र अस्त भई हाम्रो एक अहोरात्र अर्थात् एक दिन हुन्छ भन्ने, हामीलाई अनुभवै छ । आफ्नो कक्षमा चन्द्रमा एक चक्कर घुम्दा औंसी र पूर्ण गरी हाम्रो एक महिना बितेको कुरा पनि हामीलाई थाहै छ । त्यस्तै पृथ्वी आफ्नो कक्षमा एक चक्कर घुम्दा सूर्य उत्तरायण र दक्षिणायन भई हाम्रो एक वर्ष बितेको कुरा पनि हामीलाई यादै छ । सौरपरिवारमा सबभन्दा ठूलो चक्कर मार्ने ग्रह शनि हुन् । शनिले आफ्नो कक्षमा एक चक्कर घुम्दा १२ राशि भोग गर्छन् । एक राशि भोग गर्न शनिलाई हाम्रो अढाई वर्ष लाग्छ । तब शनिले १२ राशि भोग गर्दा हाम्रो ३० वर्ष बित्दछ । पृथ्वी घुम्दा सूर्यको किरण परेजति भाग दिन र सूर्यको किरण नपरेजति भाग रात भए जस्तै शनि एक चक्कर घुम्दा शनिलोकमा बस्नेको लागि १ दिन हुन्छ ।

त्यस्तै यी सबै सौरपरिवारलाई लिएर सूर्य पनि हाम्रो ६० वर्षमा १ अंशको हिसाबले ध्रुवलाई केन्द्र मानी राशिचक्रमा सर्दै गइरहेका छन् जसलाई अयनांश भन्दछन् । राशिचक्रले पनि सत्यलोकलाई केन्द्र मानी घुमिरहेको छ । सूर्यले एक पल्ट राशिचक्रालाई घुम्दा हाम्रो २१६०० वर्ष बित्दछन् । यसरी सूर्यले २०० पल्ट राशिचक्रलाई घुमिसक्दा एक महायुग हुन्छ । एक महायुगमा हाम्रो ४३२०००० वर्ष बित्दछ । त्यस्तो महायुग हजार पल्ट बित्दा ब्रह्मालाई रात पर्छ त्यति हुँदा राशिचक्रले सत्यलोकलाई आधा चक्कर घुमिसक्छ । राशिचक्रको केन्द्र ध्रुव हो । राशिचक्रले सत्यलोकलाई आधा चक्कर घुम्दा हाम्रो एक कल्प बित्दछ २ कल्पको ब्रह्माको एक अहोरात्र हुन्छ । यो कुरो ज्योतिष शास्त्रमा यसरी बताएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनुक्षमानगैर्युगैर्यूगेन्दुभिश्च तैर्भवेत् ।
दिनं सरोजजन्मनो निशा च तत्प्रमाणिका ॥२३॥

(सिद्धान्तशिरोमणि)

(७१ महायुगको १ मनु हुन्छ । १४ मनुको ब्रह्माको दिन हुन्छ । रात पनि त्यत्ति नै हुन्छ)

उपर्युक्त कथन अनुसार कल्पगणना तालिका निम्न प्रकारले बन्दछ ।

अयनचक्र	मनुष्यको वर्ष	देवताको वर्ष	युग
८०x२१६००=	१७२८००० :-	३६० = ४८००	सत्य
६०x२१६००=	१२९६००० :-	३६० =३६००	त्रेता
४०x२१६००=	८६४००० :-	३६० =२४००	द्वापर
२०x२१६००=	४३२००० :-	३६० =१२००	कलि
२००	४३२००००	१२०००	महायुग

देवताको वर्षलाई दिव्य वर्ष भन्दछन् । दिव्य १२००० वर्षको १ महायुग हुन्छ भन्ने कुरा जुनसुकै पुराण धर्मशास्त्रमा पनि बताएको छ । हाम्रो १ वर्षमा देवताको १ दिन हुन्छ भन्ने कुरा उत्तरायण र दक्षिणायनको भङ्गीले देखाएको छ । देवताको पनि ३६० दिनको एक वर्ष हुन्छ । त्यहाँ पनि १ वर्षको १ चक्कर हुन्छ । १ चक्करमा ३६० नै अंशा हुन्छन् भन्ने कुरा गोलगणितको सिद्धान्त हो । एक अयन चक्रमा ६० x३६०=२१६०० हाम्रो वर्ष हुन्छ । तव उपर्युक्त तालिका बमोजिम हजार महायुग अर्थात् एक कल्पमा ४३२००००x१०००=४३२०००००० हाम्रो वर्ष हुन्छ भन्ने सिद्ध छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शक्ति नै ब्रह्मारूप हो

- बाबुकृष्ण ढकाल

यस संसारमा हामी जुन कार्य गर्दछौं त्यो कार्य कसैको दैवी शक्ति पाएर सफल हुन्छौं । त्यो शक्ति कुन हो भने उनै परब्रह्म स्वरूप महामायाको शक्तिद्वारा नै यो ब्रह्माण्ड (संसार) सुचारू रूपले चलिरहेको छ ।

एकैव सा महाशक्तिस्तया सर्वमिदं ततम्

परब्रह्मको एकै महाशक्ति भिन्न भिन्न नाममा र रूपमा प्रकट भएर विभिन्न प्रकारका कार्य कारणहरूको सम्पन्न भइरहेका छन् । एकातिर रचनात्मक कार्य हुन्छ र अर्कोतिर विध्वंसात्मक कार्यद्वारा सृष्टिको व्यवस्थित रूप तथा नियन्त्रित गर्दछ । एकातिर त्यही शक्ति विश्व प्रसूताको रूपमा आमा बन्दछिन त अर्कोतिर जगत्को रक्षा र पालना गर्ने रूपमा बाबु बन्न पुगेको छ । एकातिर लक्ष्मीरूपमा जगत्लाई सरस, सुरम्य, सुखपूर्ण बनाउँदछिन् । अर्कोतिर अलक्ष्मीरूपमा ऐश्वर्यले उन्मत्त भएका स्वेच्छाचारी र खराब लतमा लागेका प्राणीहरूलाई नाना प्रकारका दण्ड दिएर उनीहरूलाई सुमार्गमा लगाई दिन्छिन् । त्यही अचिन्त्य विराटशक्ति एक भगवान्को रूप र भगवतीको नामले प्रख्यात हुन्छिन् । जुन अर्द्धनारीश्वरको नामले ईश्वर-ईश्वरी, महेश्वर-महेश्वरी भनी कहलाइएका छन् । ब्रह्मशक्ति जो हो उनै हुन् ।

जुन शक्ति आदि पुरुषको रूपमा एकातिर मोक्ष चाहनेहरूलाई मोक्ष गराई अर्कोतिर आदिशक्तिको रूपमा आफ्ना भक्तजनहरूको आध्यात्मिक, आदिदैविक, आदिभौतिक तापहरूलाई निवारण गर्दछन् । आदिशक्तिको यो अर्थ हुन्छ कि आरम्भिकशक्ति र आदि पुरुषको अर्थ हो । आरम्भिक नै व्यापक हो । व्यापकत्व पनि एक शक्ति हो । शक्ति रहित व्यापक हुन सक्तैन । ईश्वर व्यापकत्व शक्तिबाट नै सर्वव्यापक छ र संज्ञाको भिन्नताले संज्ञी भिन्न हुन सक्तैन । जस्तो कि जललाई नीर, क्षिरलाई दूध, गिरिलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूधर, सूर्यलाई दिनकर, शशिलाई चन्द्रमा, विधातालाई ब्रह्मा, हरिलाई विष्णु, हरलाई शिव, आदि शब्दहरूमा भेद भएता पनि वाच्यार्थमा भेद छैन एउटै अर्थ हुन्छ ।

ब्रह्मा र शक्तिमा लिङ्ग भेद र नाम भेद भए तापनि अनन्यता एवं एक रूप हुनमा भेद छैन । यदि शक्ति र ब्रह्मामा भेद मान्ने हो भने ब्रह्माको भिन्न भिन्न कार्य र शक्तिको विभिन्न सत्ता स्वीकार गर्नै पर्दछ । यस प्रकार एक ब्रह्माको स्थानमा अनेक ब्रह्माको कल्पना गर्न पर्दछ । शक्तिहरू भिन्ना भिन्नै मानेमा त्यसको अभावमा धारणा शक्ति लोप हुनेछ । यस कारण ब्रह्मा र शक्तिमा सदा अभेदसम्बन्ध मान्नु नै यथार्थमा उचित हुन्छ । शास्त्रमा बताएको पनि छ कि :—

न तस्य कार्य करणं न विद्यते
न तत् समश्चाप्यधिकं श्च दृश्यते
परास्य शक्ति विविधैव श्रूयते
स्वाभाविकी ज्ञानवला क्रिया च ॥

ईश्वरको कुनै कार्यकारण छैन । त्यसबाट ज्यादा र त्यस बराबरको केही छैन । जुन पराशक्ति अनेक प्रकारको सुनिन्छ । ज्ञान, बल, क्रिया उसको स्वाभाविक शक्ति हो । यदि ब्रह्माबाट ज्ञानशक्ति हट्यो भने ब्रह्मा अज्ञानी, बल हट्यो भने सामर्थहीन, र क्रियाशक्ति हट्यो भने अकर्मण्य हुन्छ । त्यसैले ब्रह्मालाई आनन्दमय रूप पनि भन्दछन् । वेदान्तमा भनिएको छ कि, "आनन्दमयो अभ्यासात्" केही गरी उसबाट आनन्दशक्ति छुट्याइदियो भने त्यो निरानन्द हुन्छ । यस ब्रह्मबाट ब्रह्माको परिभाषा घटन सक्तैन । यो सिद्ध हुन्छ कि स्वभाव र स्वभावमानको तादात्म्यं अविच्छिन्न र नित्य सम्बन्ध छ ।

यहाँ कोही यस्तो पनि भन्दछन् कि संसारमा शक्ति र शक्तिमान्मा सधैं भेद देखिन्छ, तर वास्तवमा संयोग सम्बन्धको नाश हुनु हो समवायको होइन । आत्मा र शक्तिको चैतन्यता सदा अभिन्न र अविच्छिन्न छ । चैतन्यता नै ब्रह्म हो । वेदशास्त्रमा शक्तिको रूप चैतन्यता नै मानिन्छ । दुर्गासप्तशतिमा पनि यही भनिएको छ ।

या देवी सर्वभूतेषु चैतन्येत्यभिधीयते ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।

श्वेताश्वतर उपनिषद्को अध्याय ६ मा वर्णन गरिएको छ कि, दिव्य गुणयुक्त, एक रूपा, सबै प्राणीमा लिप्त, सर्वव्यापक, सर्वान्तर्यामी, सर्वकर्मफलदाता, सर्वाधिकारी भएर बस्ने सबै देख्ने चेता (चैतन्य) सत्त्व, रज, तम, देखि रहित छ । सर्वमान्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विज्ञानसिद्ध सिद्धान्त हो । जसबाट उत्पन्न हुन्छ र त्यही अन्तमा उसकै इच्छानुसार उसैमा लय हुन्छ । यसकारण सबमा शक्तिको इच्छाले नै यो निर्वाह सिद्ध छ । सम्पूर्ण सृष्टि शक्तिबाट उत्पन्न भएको हो ।

शक्ति वास्तवमा ब्रह्मास्वरूपिणी हो वेदशास्त्रको प्रमाणबाट सिद्ध हुन्छ । जुन ऋग्वेद. मं. १०, सूक्त १२५ मा बताइएको छ । म सबैको ईश्वरी स्वामिनी हुँ । उपासकहरूलाई धन दिन्छु । सूर्य चन्द्रादि नक्षत्रहरूलाई चलाउने परब्रह्मा ज्ञानस्वरूप म नै हुँ । त्यसको गुणयुक्त सच्चिदानन्दस्वरूपिणी सब प्राणीहरूमा चैतन्यरूपमा रहने मलाई सब कर्ममा विधानरूपमा मानेका छन् । विश्वको सृष्टि म नै गर्दछु । म कुनै अर्को अधिष्ठाताको अपेक्षा गर्दिनँ । आफै आफ्ना इच्छानुसार अत्यन्त द्रुतगतिद्वारा प्रवृत्ति मार्गमा लगाउँछु । पृथ्वीदेखि आकाशसम्म । दृश्यादृश्य, स्थूल, सूक्ष्म, संसारदेखि भिन्न निर्विकार अकल्पित असङ्ग एकरस, अचर ब्रह्मा चैतन्यरूपमा म नै हुँ ।

देवी भागवतमा यस्तो वर्णन आउँदछ कि– एक दिन ब्रह्माले विष्णु भगवानसँग सोध्नुभयो । हे प्रभो ? हजुर कसको ध्यान र तपस्या गर्नु हुन्छ ? भगवान् आज्ञा गर्नुहुन्छ कि हुन ता संसारमा दुनियाहरू तपाईंलाई सृष्टिकर्ता, मलाई पालनकर्ता र शिवलाई संहारकर्ता शक्ति पनि सम्झन्छन् । तर वेदपारङ्गत व्यक्ति तपाईंको राजस, मेरो पालक र शिवको संहारक शक्तिलाई पराशक्तिको आश्रित भनी सम्झन्छन् । शक्तिको प्रेरणाले नै क्षिरसमुद्रमा सुती जगत्को पालना गर्छु । अतः म उनै आदिशक्तिको ध्यान गर्दछु । भनी ब्रह्माजीलाई बताउनुभयो, त्यसकारण उनै परब्रह्म स्वरूपिणी शक्तिलाई विश्व प्रसूता सर्व भूतेश, महेश्वरी सच्चिदानन्द स्वरूपिणी, चैतन्यरूपा, सृष्टि स्थिति संहार कारिणी ब्रह्मस्वरूपिणी आनन्दस्वरूपिणी ब्रह्मा विष्णु शिवरूपा आदि नामले सम्बोधन गरेर उनै देवीको स्तुति गरिएको छ ।

उनै भगवतीले देवीभागवतको स्कन्ध ७ अध्याय ३२ मा आफ्ना स्वरूपको वर्णन यसरी गरिएको छ । म नै चित्शक्ति, परब्रह्मस्वरूपिणी हुँ, म नै आगाको तातोपन सूर्यको किरण, कमलको शोभा वराबर ब्रह्मबाट अभिन्न छु, म नै ब्रह्मा विष्णु शिव, गौरी, ब्रह्माणी वैष्णवी सूर्य तारागण, चन्द्रमा, पशुपक्षि, चाण्डाल, व्याधा, क्रूरकर्मी, सत्यकर्मी आदि यावत् जगत्स्थित, स्त्रीलिङ्ग, पुलिङ्ग दृश्यादृश्य, श्रव्य वस्तुहरू छन्, ती सब म नै हुँ । यसबाट यो सिद्ध हुन आउँदछ कि, उपर्युक्त युक्ति र वेदादि सब शास्त्र प्रमाणबाट निर्विवाद सिद्ध छ । शक्ति नै ब्रह्मा हो । अस्तु ॥

✡

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख एक नमूना

- शङ्करमान राजवंशी

'अभिलेखालय' यो नाम अभिलेख र आलय शब्द मिलेर बनेको छ । अभिलेख भन्नाले प्राचीन हस्तलिखित ग्रन्थ तथा शिलापत्र, तामापत्र, ताडपत्र, काष्ठपत्र, भुजापत्र, कागजपत्र इत्यादिमा उल्लिखित वर्णनहरूलाई भन्ने गरेको छ । यस्ता सामग्रीहरूको संकलन भई व्यवस्थितरूपले रहने घरलाई अभिलेखालय भनिन्छ । यस अभिलेखालयमा मल्ल राजाहरूका पालादेखिका हस्तलिखित ग्रन्थ तथा देवमन्दिर विहारहरूमा राखेका शिलापत्रको प्रतिउत्तर, गुठीव्यवस्थाका लागि गरिदिएका तामापत्र धार्मिक काममा प्रयोग भएका भुजापत्र, काष्ठकलामा प्रयोग भएका काष्ठपत्र, लेनदेन कारोबारमा प्रयोग भएका ताडपत्र चिठ्ठीपत्र संबन्धी कागजातहरू संकलन गरिएका छन् । इतिहास निर्माणका लागि यस्ता सामग्रीहरू अत्यन्त उपयोगी छन् । प्राचीनकालमा अंशवण्डापत्र कस्तो किसिमले हुन्थ्यो, गुठीपत्र कस्तो हुन्थ्यो, लेनदेन कारोबारमा फाछ्र्यापत्र कसरी गरिन्थ्यो, शिलापत्र राख्ने काइदा कस्तो हुन्थ्यो भन्ने बारे नमूना स्वरूप यहाँ दिइएको छ ।

वण्डापत्रको नमूना

१) सम्वत् ६८५ वैसाख शुदि ८ जसनाराम प्रजापति वुनाराम प्रजापति बुवा भनिसुन्द्र

२) प्रजापति स्वह्म वा काय थीथी मनोमानिन वदिवताल चिलका थ्वते जसनारामया भाग छें

३) वाधु छे सपायन दयानन्दया दाहावगु समनकिवाछे प्यवोस स्ववो दक्षिण पट्टी ङाक

४) सिया दाहावगु क्वथुकिवाछें खुवोस छवो पक्षिंपति पूव्वे पनालावियमाल वुङा व वुवाछि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५) काल्हाचा वछि फसपाको सपायन कासाकोवुतवको तववेल छको देक्व जइना सपाय
६) न कासा चो सोवोस छवो ताकजो स्ववोस छवो सिमिनिवु श्ववोस छवो थ्वते छवु किवापोक्व
७) दुधपिध न्यापुस्यापु लहना गहना अष्टरोहन थापा चूलि चुहनु मदुतोगोह्म सेन लिचु
८) क वा खाल्हानं वह्मायाके गल अगल शतछि तका १०० मोह काय भाषा थ्वतेया दृष्टसा
९) क्षि द्वांजु भोख्वाल प्रजापति काय्‌चा रन्तमणि प्रजापति काय्‌चा केहरसिं प्रजापति लिखितं
१०) दैवज्ञ गया नारा शुभम् ॥

वण्डापत्रको अनुवाद

ने.सं. ६८५ वैशाख शुद्धि ८ मा जसनारान प्रजापति वुनाराम प्रजापति बुवा मनिसुन्दर प्रजापति तीनजना बाबु छोराले मनोमानले वण्डा गरेको यसमा जसनारणको भागको घर वाथाछेंमा जोडीएको दयानन्दको अपुताली आएको समेत किवोछे ४ भागको तीन भाग दक्षिणपट्टि ङाकसीको अपुताली आएको क्वथुकिंवाछे ६ भागको १ भाग पश्चिमपट्टी छुट्याएर दिनुपर्‍यो वुङावखेत आधा काल्हाचा आधा फसपाको समेत कासाको खेत, तवको तववलछेको देक्व जइना समेत कासाचो तीन भागको एक भाग, ताकजो तीन भागको एक भाग सिमिनिखेत तीन भागको एक भाग यति घर खेतको भाग र ऋण धन वाहीरी भित्री लहना गहना अष्टलोहन फछ्या भयो । यस्मा लिनुदिनु छैन । जसले लिनु बाकी भन्न आउला गल अगल १०० रूपिया लिने भाषापत्र भयो । यस पत्रको दृष्ट साक्षी भोख्वाल प्रजापति भतिजा रत्नमणि प्रजापति केहरसिं प्रजापति लेखक दैवज्ञ गयानारान शुभम् ॥

गुठीपत्रको नमूना

१) स्वस्ति ॥ अद्य वाराहकल्पेत्यादि ॥ श्री श्री जय जिताभित्र मल्ल प्रभुथाकुल श्री श्री उग्र प्रभुथाकुर नेह्मस जय प्रताप वोव वेलास ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) याछें टोलया नउननिया ङा कोनछे स्वाङ छखा सिगुथी छे पंचप्रमुखनं दय्का काशिराम भारो देवराम कृष्णराम शिवराम ।

३) चुकूनदेव सूर्य भीम गया पूर्णसि पुनराम भायराम पुनराम थ्वते समेस कतिनं दयका हरल गाम हुलवु पेपिक बु ।

४) दुन्ता जुरो ॥४ सिगुथि बुजुरो थ्वते सेन ज्येष्ठ मकानसे ल्होयायमाल युगादि कुन्हु जाके छ भु श्री श्री श्री अजाजु देवसके छाय्मार ।

५) छे वुसुनानं कचंमल यातसा पंच महापातक राक सुनानं ध्व वस्तु निदानं यातसा इहलोकस पुत्रपौत्र धन धान्य वृद्धि रस्तु सं. ७९९ चैत्र वदि ।

गुठीपत्रको नेपाली अनुवाद

कल्याण होस् । आज वराह कल्पेत्यादि ॥ श्री श्रौ जयजितामित्र मघ्ल प्रभु ठाकुल श्री श्री उग्रमल्ल प्रभु ठाकुल दुईजनाले जयप्रताप आउनु भएको बेलामा याछें टोलका नउननीका ङाकोनछें जोडिएको एउटा मुर्दा गुठीको घर पंचप्रमुखले बनाए काशिराम भारो देवराम कृष्णराम, शिवराम, चुकुनदेव, सूर्य, भीम, गया पूर्णासिं पुनराम, भायराम, पुनराम यतिले सबैको सम्पत्तिले बनाएर हरलगाम ह्वलवु ४ रोपनि राखियो । यो मुर्दागुठीको लागि भयो । यति मध्येमा थाकली क्रमले चलाउनु पर्‍यो । युगादिको दिन चामल एक थाल श्री श्री श्री अजाजु देवलाई चढाउनु पर्छ । घर खेतमा कसैले कचिंगल गर्‍यो भने पञ्चमहापातक लाग्ला यो वस्तुलाई संरक्षण गर्‍यो भने यस लोकमा पुत्रपौत्र धन धान्य वृद्धि होला ने.सं. ७९९ चैत्रवदि ।

फछ्र्यापत्रको नमूना

(सम्वत् ९ ५९ श्रावण शुद्धि ११ ग्राहक तौलाछे टोलया सुन्दर प्रजापतिनं स्वहस्तेन गृहे शि ओकार याङा ओ काया धार्णक स्वटोलया थओ फुकिजा दाजु दयानन्द प्रजाप्रतिनं स्वहस्तेन गृहे शिओकार याङा ओ विया तस्य भर्ण अधलि मोहो सिक्का थां षुयनेतका थां ६२ तस्या कस्य धार्णकया थओ लुछे ञाविशिक कुथुकेवाछे, छे नपाचोगु यो को चा समेतं थओ भागदको सपायन फछ्या याङा ओ वियधुनो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काया विया फछ्र्या जुल ॥ लिचु न्ह्यचु मदु तो ॥ यथा चात्रा पूर्व सोसिमान न्हपाथ्यं जुलो ॥ थ्व पत्रया दृष्ट शाक्षि धाणंकया थ्व ओ फुकिज किजा मनिलाय प्रज्ञा प्रति काय्चा भागिनन्द प्रजाप्रति, काय्चा धनविर प्रजाति जोगनरसिं प्रजाप्रति तौलाछेया धन्त प्रजापति विलभद्रसिं प्रजापति ॥ लिषिति दैवज्ञ मनि नारायन ॥ शुभम् ॥

फछ्र्यापत्रको नेपाली अनुवाद

नेपाल सम्वत् ९५९ श्रावणें शुदि ११ मा ग्राहक तौलाछे टोलका सुन्दर प्रजापतिले आफ्नै हातलें गृह स्वीकार गरी लिएको ऋणी सोही टोलका आफ्नै फुकी दाजू दयानन्द प्रजापतीले आफ्नै हातले गृह स्वीकार गरी दिएको त्यसको मोल अधलि मोहोर सिक्का थान ६२ ले आफ्नो लुछे सँगैको कुथुकेवाछे र त्यमले चर्चे जति सबै आफ्नो भाग जति फछ्र्या गरी लेन देन भयो । यसमा अरू कारबाइ छैन । यसको ४ किल्ला पहिलेकै वमजिम भयो । यस पत्रको दृष्टसाक्षी ऋणीको फुकी भाई मनिलाल प्रजापति भतिजा भागिनन्द प्रजापति धनवीर प्रजापति जोगनरसिं प्रजापति । तौलाछेका धनवन्त प्रजापति वीरभद्रसिं प्रजापति । लेखक दैवज्ञ मनिनारायण । शुभम् ।

गुठी व्यवस्थाको नमूना

असन टोलको शिलापत्रको मूल

२	१
श्री असभलु	श्री भैरवि

१) श्री गणेशाय नमः ॥ ॥ अद्य मार्गसिलमासे कृष्ण पक्षे अमाबास्याँ तिथौ मूलनक्षत्रे-गंधेजागे शुक्र ।
२) वासरे धनु राशिगते सवित्रे सयव राशिते चन्द्रमसि ॥ थ्वते महापर्व दिनस महाबुटोल
३) बुधिनाशं निह्म फुकिजया स्वाचितन पितृ मातृ निह्मस्या नामन पिंड थयकेयात
४) गावुरो ५ केलटोल चिवाहाननी कोस्वक छेया स्वाधिकार दको छे थतल्यं कोतल्य याङ छेद्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५) गुथीयाङ दुन्ता जुलो ॥ थ्वते वुया वालि ओ छेया वाल पसलया वालन पौष शुक्लया एकादशी

६) या नामनं पिंद थयमाल कार्तिक कृष्णया सप्तमी कूनु मातृ सिद्धिलक्ष्मीया नामनं पिंद

७) थये धूनकालि निप्वातस घेल तोला ९।९ दओ जनबाहा देवयाके देओ छोयकल ओ

८) षानुओकोटस ओहल तोला ३ ॥ किकींपा ३ ओह तोला ४ या सिखलस हनागु मोह १४२

९) तोलसिह समेत....१... प्रितिन दुन्ताजुल ॥ वर्खपतिं पौष कृष्णया अस्तमि कून्हु

१०) १ दयका ओ तिसा विचाल यानां ओ पुजा याय्माल कार्तिक कृष्ण सप्तमी षुनु पोपाचु द

११) यका ओ असंटोलस... २... देवता पूजा याय्माल ॥ पुन भाषा जिपि निह्‌य दाता पनि

१२) जुलनास निह्मस्यां स्त्रीपुरूष सहीतनं पिंद थयमाल सालिकसं पूजा याना ओ

१३) ,, थ्वतेस देव दक्षिना दं. १२ पिंद थय्त देव दक्षिना दं. ४ पिंद दक्षिना दं.

१४) ....त दक्षिना दं २४ जोसी दक्षिना दं. १२ आचर दक्षिणा दं. १२ थ्वते निधान

१५) माल ॥ वर्षप्रति छे ल्होनेयात मोहल तका २ जगेरा तया ओ तय्माल ॥ गु

१६) थिहार दातापनिस निह्म फुकिजया सन्ताननं वर्षप्रति पालासितु पिंद गुथि च

१७) ले याय्माल ॥ पुन भाषा गुथिहारया छेषांह्मा ५ जक ओयमाल षुह्म ओयमदो

१८) जुलो । ॥ थ्वतेस लोभ याना ओ लोप यातसा माहापाप लाक जुलो ॥ लोभ मयास्यं

१९) वर्षप्रति निदान याना ओतेकाले गुथिहारया संतानया जनधन लक्ष्मी वृद्धि

२०) जुयाओ अन्तकालस स्वर्गवास लायु ओ जुलो ॥ स्वदत्तं परदत्तं वा जे हर

२१) ति वै वसुंधरा षस्तिवर्ष सहस्राणि विस्तायां जायते क्रिमि ॥ ॥.........

२२) या दृष्ट साक्षि ज्यावत् सूर्य्येत्वं जुल ॥ सम्वत् ९७३ मि

२३) ति माघशुक्ल तृतीया शुक्रबार थ्वते मितिस शिलापत्र सालिक प्रतिष्ठा याना

२४) ओ सालिक थापना याना दिन जुलो ॥ ॥ शुभ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

असनटोलको शिलापत्रको
नेपाली अनुवाद

श्री गणेशलाई नमस्कार ॥ आज मंसिर महिना कृष्ण पक्ष आमावास्या तिथिमा मूल नक्षत्र गंधयोग शुक्रबारमा धनुराशिमा सूर्य त्यही राशिमा चन्द्र भएको यस महापर्वको दिनमा बुद्धिनारां २ फुकिले स्वचित मनले बाबु आमा दुईको नामबाट श्राद्ध गराउना निमित्त गाबुरो खेत रोपनी ५ केलटोल चिबाहाननीको घरको आफ्नो अधिकार भएजति तलमाथिको तला गुठीमा राखियो । यस खेतको आयस्ता र घरको पसलको वाहालले पौष शुक्ल एकादशीमा बाबुको र कार्तिक कृष्ण सप्तमीमा आमा सिद्धिलक्ष्मीको नाममा श्राद्ध सिध्याएर ९९ तोला घिउको दुईटा देवा वत्ती सेतो मच्छिन्द्रनाथमा बाल्ने र खारूओकोट नामक पात्रलाई चाँदी तोला ३॥ किर्किपा ३ लाई चाँदी तोला ४ ले सित्री बनाई मोहर १४२ उनीकन सिंह समेत परमेश्वर १ प्रितिका लागि चढाइयो । प्रतिवर्ष पौष कृष्ण अष्टमीको दिन तोला १ बनाई गहना हेरचाह गरी पूजा गर्नुपर्छ कार्तिक कृष्ण सप्तमीको दिन पोपाचु बनाई असन टोलमा श्री देवता २ लाई पूजा गर्नुपर्छ । फेरि भाषा हामी दुई दाताले स्त्री पुरुष सहित भई श्राद्ध गर्नुपर्छ । सालीकमा पूजा गरी यसको लागि देव दक्षिणा दं १२ श्राद्धमा देव दक्षिणा दं. ४ पिंड दक्षिणा दं. — २० जोशी दक्षिणा दं. १२ आचार्य दक्षिणा दं. १२ यति पुऱ्याउनुपर्छ । प्रतिवर्ष घरको लागि मोहर टंक २ जगेडा राख्नुपर्छ । गुठियार दाता दुवै फुकिका सन्तानहरूले पालैसित श्राद्ध गुठी चलाउनुपर्छ । फेरि गुठियारका घरैपिच्छे ५ जना मात्र आउन पाइन्छ । ६ जना आउन पाइँदैन । यसमा लोभ गरी लोप गरेमा माहापाप लाग्ला । लोभ नगरी प्रतिवर्ष निदान गरेमा गुठियारका सन्तानको जनधन लक्ष्मी वृद्धि भई अन्तकालमा स्वर्गबास पाइन्छ । आफ्नो दत्त होस् वा अरूको दत्त-होस् जसले हरण गर्ला त्यो साठी हजार वर्षसम्म विष्टामा कीरा भइरहला । यसका दुष्ट साक्षी चन्द्र सूर्य भए । नेपाल संवत् ९७३ मिति माघशुक्ल तृतीया शुक्रबारमा यो शिलापत्र सालीक स्थापना गरी प्रतिष्ठा गरियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उजीरसिंहले तयार गर्न लगाएको जंगी तथा निजामती स्थिति बन्देज

- बलरामदास डंगोल

उजीरसिंह थापा र उनका पुर्खा एक परिचय

उजीरसिंह थापा, नेपालको इतिहासमा प्रसिद्ध पाएका भीमसेन थापाका माहिला भाइ, नैनसिंह थापा (१८३४-६८) का जेठा छोरा र माथवरसिंह थापाका दाज्यू थिए। नेपालको इतिहासमा थापा परिवारको भूमिका पनि कम महत्त्वको छैन। उजीरसिंहका वराज्यू वीरभद्र थापाको उल्लेख वि.सं. १८०१ को नुवाकोटको लडाइँमा भएको पाइन्छ* । यिनी केही समयसम्म गोरखाको दूत भई कास्की दरबारमा पनि खटिएका थिए** । वीरभद्र थापाका जेठा छोरा जीवन थापा (१७९२-१८१३) कीर्तिपुरको लडाइँमा परेका थिए भने माहिला छोरा वंशराज थापा (१७९७-१८२३) का छोरा केहरसिंह थापालाई मरवट मिलेको थियो। वीर भद्रका कान्छा छोरा अमरसिंह थापा (छोटा) थिए। यिनले पनि कतिपय लडाइँमा आफ्नो योगदान दिएका थिए। भीमसेन थापाको (१८६३-९४) मुख्तियारी कालमा अमरसिंह थापालाई पाल्पा माथि अधिकार गर्न पठाइएको थियो। यिनी पाल्पाको हाकिम हुँदा नेपाल अँग्रेज युद्धको सम्भावना प्रबल हुँदै गयो। अमरसिंह थापा अँग्रेजसँग युद्ध गर्नुपर्छ भन्ने भारदारहरू मध्ये एक थिए। यिनको विचारमा विना युद्ध आत्मसमर्पण गर्नु कायरता हुने छ। "हामीले अँग्रेजसँग टक्कर लिन सक्यौं भने हाम्रो ख्याति एक वीर जातीको रूपमा सम्पूर्ण भारतमा गनिने छ" भन्ने यिनको धारणा थियो। यही विचारबाट प्रभावित भएर नै यिनका छोरा मुख्तीयारं भीमसेन थापाले अँग्रेजसँग युद्ध गर्ने अठोट गरेका थिए। तर दुर्भाग्यवशः नेपाल अँग्रेज युद्ध हुनुभन्दा

*रणवीरसिंह थापा, **इतिहास प्रकाश

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केही अघि नै अमरसिंह थापाको देहावसान भयो । यिनको देहावसान पछि भीमसेन थापाले आफ्नो भतिजा उजीरसिंह थापालाई पाल्पाको सुरक्षाको निम्ति खटाए । उजीरसिंह थापाको जन्म वि.सं. १८५२ चैत्र कृष्ण प्रतिपदाको दिन भएको थियो* । यिनको पिता नैनसिंह थापा (१८३४-६८) ले काँगडाको युद्धमा प्राण त्याग्नु परेको थियो । पाल्पामा खटिँदा उजीरसिंह थापा २० वर्षका कलिला नवयुवक थिए । स्यूराज तथा बुटवलको इलाका पाल्पा अन्तर्गत नै पर्दथ्यो । बुटवलको प्रश्नलाई लिएर नै नेपाल अँग्रेज युद्ध शुरू भयो ।

कम्पनीको सरकाले जनरल उडको नेतृत्वमा पाल्पा हान्न ६०० सेना गोरखपुर तर्फबाट बढायो । पाल्पा विजय गरी राजधानी र नेपालको पश्चिमी प्रदेशको बीच यातायातको पंक्तिलाई तोड्नु नै यसको मुख्य उद्देश्य थियो । उजीरसिंह थापा नुवाकोट गढीमा तैनाथ थिए भने नेपाली सेनाको केही जवान बुटवलको जीतगढीमा थियो । अँग्रेजी सेना जीतगढ नजिकैको सालवनसम्म आइपुगे पछि नेपाली सेनाले भीषण आक्रमण गऱ्यो । अन्दाजी आधा घण्टाको लडाइँमा अँग्रेज तर्फको ३०० सिपाही मारियो । अँग्रेजतर्फ भागाभाग भयो । मे.ज. उडले आफ्नो स्थिति सुधारी ३ महिनापछि फेरि कुसुमघाट तर्फबाट बुटवल दरबारमा भीषण गोलाबारी गर्न थाल्यो । तर यस पटक पनि कर्णेल उजीरसिंह थापाले बडो बहादुरी देखाए । उजीरसिंहलाई सहयोग गर्ने कुम्मेदान जयशुर थापा कृपाशुर थापा आदि कतिपय वीर थिए । फलतः अँग्रेज सेनामा फेरि भागाभाग भयो । वीर नेपाली सेनाले अँग्रेजी सेनालाई सिमाना पारसम्म लखेटे । यस विजयले गर्दा नै उजीरसिंहको नाम रण उज्ज्वल रहन गयो । यसै विजयको उपलक्ष्यमा कर्नेल उजीर सिंहले पाल्पामा रणउज्जेश्वरी भगवतीको तीन तले मन्दिर बनाउन लगाए र सो मन्दिरको गजूर आफ्नो उचाई बराबर स्थापना गरे** । भाद्र महिनामा यसको सिन्दुरयात्रा गर्ने चलन पनि यिनले चलाए । लडाइँ समाप्त भएपछि पनि यिनी पाल्पा कै हाकिममा कायम रहे । यिनको पाल्पा हाकिमी कालको कैयन् चिठ्ठीपत्रहरू राष्ट्रिय अभिलेखालय तथा परराष्ट्र मन्त्रालयमा पाइन्छन् । यस्तै अभिलेखालयमा रहेको एउटा चिठ्ठीको आधारमा उजीरसिंहको मुख्यानीको मृत्यु शीतलाको रोगबाट भएको पाइन्छ भने अर्को एउटा चिठ्ठी अनुसार उजीरसिंहको मृत्यु पनि एक्कासी औलोको ज्वरोले गर्दा वि.सं. १८८१ मा २९ वर्षको उमेरमा हुन गयो ।

*ऐतिहासिक कुण्डली, **श्रीनगर कार्तिक २०२९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यही उजीरसिंहले वि.सं. १८७९ मा जंगी तथा निजामती कर्मचारीहरूलाई तालीम गर्न भनी एउटा किताब तैयारी गर्न लगाएका थिए । सो किताब राष्ट्रिय अभिलेखालयमा सुरक्षित राखिएको छ । यो पुस्तक लगत नं. २/३०७ मा दर्ता भएको छ । यो पुस्तकको आफ्नै किसिमको महत्व भएकोले यसको सारांश यहाँ संक्षिप्तमा दिइएको छ । यो पुस्तक ६ परिच्छेदमा छ ।

प्रथम परिच्छेदमा हाकीमले काम गर्दा र भर्ना गर्दा ध्यान राख्नुपर्ने कुराहरू परेका छन् भने दोस्रो परिच्छेदमा हाकीमले पल्टनका जवान भर्ना गर्दा ध्यान राख्नुपर्ने कुराहरू छन् । तेस्रो परिच्छेदमा पल्टनका जवानहरूले नियम अनुशासनमा नबस्दा दण्डको भागी बन्नुपर्ने कुराहरू परेका छन् भने चौथा परिच्छेदमा अदालतका हाकीमले ध्यान दिनुपर्ने कुराहरू छन् । पाँचौं र छैटौं परिच्छेदमा कस्तो अपराध गरेमा कस्तो किसिमको सजायँ दिनुपर्छ भन्ने कुराहरू छन् ।

कर्नेल उजीरसिंह थापाले आफ्नो सैनिक तथा प्रशासनिक कामको अनुभवको आधारमा वि.सं. १८७९ मा जंगी तथा निजामती सेवाका कर्मचारीहरूलाई काम लाग्ने विचार गरी यो पुस्तक तैयार पारेका हुन् । यसमा दिइएका अर्ति अनुसार काम गरेको खण्डमा कर्मचारीको मान मर्यादा बढ्ने छ भन्ने उनको (उजीरसिंहको) निजी विश्वास छ ।

पहिलो बन्देज

१) कुनै पनि कर्मचारीले मान, पदवी, पाएपछि घमण्ड, अभिमान गर्नुहुँदैन । यदि अभिमानको वशमा परी कसैले अरूमाथि अन्याय गर्दछ भने उसलाई ईश्वरले दण्ड दिन्छ । कर्मचारीले नूनको सोझो चिताई काम गर्नुपर्छ । पापदेखि टाढा रहनुपर्छ । आफ्नो मुलुकको रैयतलाई रिझाई र शत्रुलाई रूवाई काम गर्नुपर्छ ।

२) कुनै पनि काम बडो सोच विचार गरी आफ्नो चित्तले खाए पछि मात्र गर्नुपर्छ । एउटा काम गर्दा अकस्मात अर्को कुनै जसरी काम पर्न आयो भने पनि हडबडाउनु हुँदैन । प्राथमिकता अनुसार परेको काम गर्नुपर्छ ।

३) कुनै पनि व्यक्तिलाई सजाय गर्नुपर्दा राम्रोसँग बुझी तहकीकात गरी अपराधीले अपराध स्वीकार गरेमा मात्र अपराध अनुसारको दण्ड दिनुपर्छ ।

४) अपराधीलाई कारकेर गर्दा मरणान्त हुने गरी शासना गर्नु हुँदैन । यदि शासनाको डरले मात्र अपराध स्वीकार गरेको रहेछ भने पछि आफैलाई नराम्रो पर्न जान्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५) कुनै पनि मानिसको कुरा राम्ररी सुनी जाँची बुझी मात्र जवाफ दिनु राम्रो हुन्छ । कुरा राम्ररी नबुझी यसै हाँमा हाँ गर्नु ठीक हुँदैन ।

६) कुनै पनि मानिसलाई विश्वास पर्दो काम दिंदा सो मानिसको स्वभाव राम्ररी बुझी पत्यार लाग्दो काम दिनुपर्छ । यश सबै आफूले लिन्या अपयश सबै अर्काको थाप्लोमा पार्ने काम गर्नु हुँदैन ।

७) खराब गर्नेलाई दण्ड र राम्रो गर्नेलाई पुरष्कारको नीति लिई काम गर्नुपर्छ । बिराउँदा दण्ड दिने राम्रो गर्दा पुरष्कार नदिने काम गर्नु हुँदैन । बिराउँदा दण्ड नदिने राम्रो गर्दा पुरष्कार मात्र दिने काम पनि गर्नु हुँदैन । विराउँदा दण्ड पाइन्छ, सपार्दा रिझ पाइन्छ भन्ने नीति लियो भने मात्र काम गर्नेको जाँगर बढ्छ ।

८) यदि कुनै मानिसले आफूले चिताएको भन्दा राम्रो सल्लाह दिन्छ र उसको सल्लाह अनुसार काम गरे उही नै जान्या ठहर्छ भनी अहम् भाव लिई राम्रो नेक सल्लाह त्याग्नु हुँदैन । नुनको सोझो हुने उत्तम विचार जसले दिए पनि सो ग्राह्य हुनुपर्छ ।

९) यदि कुनै कर्मचारीको विरोधमा कुनै किसिमको उजुरी परेको छ भने एकोहोरो कुरा नसुनी राम्ररी तहकीकात गरेर मात्र सजाँय गर्नू ।

१०) काम गर्नेले नै चुक्दछ । एकचोटि चुक्यो भन्दैमा सबैको अगाडि उसलाई हप्काई दप्काई गर्नु हुँदैन । एकान्तमा बोलाई हप्काई दप्काई सम्झाउनु पर्ने भए सम्झाई अब उप्रान्त यस्तो गल्ती नगर्नु भनी चेतावनी दिनू । यति भनेर पनि फेरि त्यही गल्ती गर्छ भने नियम अनुसारको दण्ड दिनू ।

११) कुनै पनि प्रशासकले जंगी, मुलुकी तथा अदालत तीनै तरफ विचार पुऱ्याई काम गर्नुपर्छ । जंगी तर्फ मात्र ध्यान दिए सेनाले रैतीलाई पिरोल्द छ । रैती तर्फ मात्र हेऱ्यो भने अदालत बलियो हुँदैन । अदालतले आम्दानी मात्र हेऱ्यो भने दुनियाँले इन्साफ पाउँदैन । सिपाही शूर अदालत बलियो र रैयत सुखी रहेमा मात्र मुलुक गुल्जार हुने हुनाले यी तीनैमा समन्वय राखिनुपर्छ ।

१२) जंगीतर्फ मानिस भर्ना गर्दा शूरा, चतुर, पक्षपात नगर्ने, विवेकी र समय अनुसार काम गर्ने मानिस भर्ना गर्नुपर्छ । चाकडी गर्ने र चाकडी चाहने व्यक्तिलाई जंगीतर्फ मुख्तीयारी दिनु हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१३) काजी खजान्चीतर्फ भर्ती गर्दा पक्षपात नगर्ने चलाक, रीश इबी नराख्ने, खुशामत नगर्ने मुलुकी कामको लागि लायक हुन्छ । पक्षपात गर्ने हुस्सु स्वभावको तथा खुशामत चाहने व्यक्ति मुलुकी कामको निम्ति उपयोगी हुँदैन ।

१४) अदालती काममा भर्ना गर्दा पक्षपात नगर्ने, चतुर, समय बुझ्ने, पैसामा लालच नगर्ने, पापको डर मान्ने व्यक्ति उत्तम हुन्छ ।

दोस्रो बन्देज

सिपाही भर्ना गर्दा पल्टनको हाकिमले ध्यान राख्नुपर्ने कुराहरूः–

१) पल्टनमा भर्ति गर्दा एकै पटक उच्च ओहोदामा भर्ति नगर्नु । तिलंगा भै (सिपाही भै) क्रमैसित बढ्दै आयाको मानिस उत्तम हुन्छ ।

२) ठूला बडाका छोराहरूलाई पनि पहिले भर्ना गर्दा हुद्दा भन्दा माथि नदिनू । काम सिकी जान्या पछि जौन लायक ठहर्छ सोही बमोजिम दिनू ।

३) ठूला बडाका छोरा होशियार छैन भने उत्तरदायित्वको काम नदिनू । जीविकाको बाटो मात्र गरिदिनू । पक्षपात गरी ओहदा दियो भने पछि आफैलाई धोखा हुन्छ ।

४) १५ देखि ३० वर्षको जवानलाई पल्टनमा भर्ना गर्नू । ५० देखि ५५ वर्षसम्म राख्नू । यसो गरे पल्टन सधैं नयाँ रहन्छ ।

५) लडाइँबाट भाग्याका सिपाही पल्टनमा नहाल्नू ।

६) पल्टनमा भर्ति गर्दा छोटा जातका सिपाही भर्ति नगर्नू । एक पटक भर्ति गरी सकेपछि यो छोटो यो बडो जातको भनी भेदभाव नगर्नू ।

७) सिपाहीलाई सधैं आफ्नो काबूमा राख्नू ।

८) नशा पान गरी सधैं गाफील भै रहन्या, अर्ध बौलाहा मुख मुख लाग्न्या यस्ता सिपाही लस्कर भित्र एक घडी पनि नराख्नू । यस्तालाई पिटी लस्करबाट धपाइदिनू ।

९) लस्करमा मतैक्य राख्नू । लस्कारको कुरा बाहिर जान नदिनू । बाहिरको कुनै खबर पनि लस्करको हाकीम छेऊ ल्याउन सदा ताकीता गर्नू ।

१०) बैरीको शक्तिलाई कहिले पनि होच्याउन हुँदैन । आफ्नो शक्तिमा बढ्ता अभिमान पनि गर्नु हुँदैन । बैरीदेखि सधैं होशियार भै बस्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

११) जुन बेला पर्ला उसै बेलामा गरूँला भनी भन्न हुँदैन । यो सानु काम छ अर्कालाई अन्याई दिया पनि हुन्छ भनी कहिले पनि भन्नु हुँदैन ।

१२) आफ्नो लस्करलाई गाना बजानामा अइश गर्न नदिनू । लस्करका जवानलाई बाहिरका मानिस, महाजन, व्यापारी बनियाँ आदिसँग मेल जोल बढाउन र किनमेल गर्न दिनु हुँदैन ।

१३) आफ्नो लस्कर भन्दा वैरीको लस्करको ख़जाना धेरै छ भनी कहिले पनि आफ्नो लस्करलाई नभन्नू । बैरीको लस्कर बढी छ के कसो होला भनी आफ्नो लस्करमा नैतिक बल कहिले पनि नघटाउनू ।

१४) लस्कर धेरै भया पनि हाकीम कायर भएमा काम फतह हुँदैन ।

१५) लड्ने लडाउन्याको हुकुम एउटालाई छ, शासनाको हुकुम अर्कालाई छ भने पनि आट्याको काम हुँदैन ।

तेस्रो बन्देज

१) पगरी, हुद्दा, सिपाही गैरहले आपसमा मिलेर बस्नुपर्छ । कहिले पनि झैझगडा गर्नु हुँदैन । कदाचित झगडा भै हाल्यो भने पनि देख्नेले "झगडा नगर" भनी सम्झाउनु बुझाउनु । यति भएर पनि मानेन भने सो झगडाको खबर लस्करको कमान्डीङ्ग अफिसरसम्म पुर्‍याउनू र कमान्डीङ्ग अफिसरले तजबीज माफिकको शासना गर्नू ।

२) झगडा फसाद दंगा आदिमा पनि लस्करका जवानले आफू भन्दा माथिको अफिसरसँग बेअदवसित बोल्न, हातपात गर्न, तलवार खिच्न हुँदैन । यदि कसैले यसो गर्छ भने उसलाई कमान्डीङ्ग अफिसरले तजवीज माफिकको शासना गर्नेछ ।

३) यदि कुनै लस्करले आपसमा झगडा गर्छ, लूटपीट गर्छ भने कमान्डीङ्ग अफिसरले तजबीज माफिकको शासना गर्नेछ ।

४) यदि लस्करको कुनै जवान बीच झगडा गर्ने मनसुवा छ भनी कसैले थाहा पायो भने आफूले मेल मिलाप हुन्या काम गरिदिनू भएन भने आफूले लस्करको कमान्डीङ्ग अफिसरसित जनाइदिनू । आफूले पनि झगडा मेट्याउने काम गरेन फलाना फलानाको झगडा पर्‍या छ भन्यो भने लस्करको हाकीमले जो तजबीज आउला सो गर्नेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५) पगरी, हुद्दा सिपाही गैरहलाई पजनीमा राजी विराजी गराउँदा जसको चित्त बुझ्दैन उसले पल्टन कंपनीको चाकडी छाडी जानू । बुढा खाडा, बेरामी गल्या काम गर्ने नसकन्यालाई पजनीमा अदल बदल भए पछि अरूले थमौती गरी लेखी सक्या पछि हामी यसमा बेराजी छूँ भनी नभन्नु । कदाचित पजनीमा राजी भयो भनी थमौती गन्या पछि बेराजी छौं भनी यदि कसैले भन्छ, अनुशासन विरूद्ध काम गर्छ, पल्टनको जागिर छोडी भाग्छ भने त्यसतालाई कमान्डीङ्ग अफिसरले तजबीज माफिकको शासना गर्नेछ ।

६) पगरी हुद्दा सिपाही गैरहले आफ्ना निजी काममा जानू पर्दा विदा साधेर मात्र जानुपर्छ । विदा नसाधी गएमा, कवायतमा गयल भएमा दण्डको भागी हुनेछ ।

७) यदि कुनै जवानले चाँडो कामले वा सानु कामको निम्ति १५, २० घडी का विदाले पुग्न्या भनी लस्करको हाकिमसँग विदा नसाधी आफू भन्दा ठूला पगरी हुद्दा सित विदा भई गयाको छ भने उसले पनि कमान्डीङ्ग अफिसरलाई विदामा गएको भनी जनाएन भने कमान्डीङ्ग अफिसरको तजवीजले गयल हुन्यालाई तोकिएको शासनाको आधी दण्ड हुने छ ।

८) पल्टनमा सामेल भए पछि उसमा आफ्नो चित्त बुझेन भनी मिति नपुग्दै पजनी नआइकनै चाकडी छोडन आयो वा छोड्यो भने लस्करको हाकीमको तजवीज माफिक शासना हुनेछ ।

९) कसैले पनि पल्टनका जवानलाई वहकाउने वा चाकडी छोडी जाने किसिमको अर्ति दिनु हुँदैन । यसो गरेमा हाकीमको तजवीज माफिक दण्ड दिइने छ ।

१०) कुनै पनि पल्टनका जवानले आफू माथिको अफिसर हुँ भनी घमण्ड गर्न हुँदैन । आफू मुनीका सिपाही माथि तथा दुनियाँ रैती उपर बल जबरजस्ती गर्नु हुँदैन । पल्टनलाई कुनै चीज चाहिएमा दुनियाँ रैयतलाई खुशी राजी पारी पैसा तिरी लिनु पर्छ । रैयतको चित नबुझाई जबरजस्ती गन्यो भने लस्करको हाकीमको तजवीज माफिकको दण्ड हुनेछ ।

११) यदि पल्टनको कुनै जवानले कसैको ऋण खायाको छ भने साहुको ऋण भाषा अनुसार बुझाउनू । साहुको ऋण नबुझाई साहुलाई हुल बेइज्जत गन्यो भने हाकिमले तजवीज माफिकको दण्ड दिने छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१२) यदि पल्टनका कुनै जवानले कसै माथि वेइन्साफसँग जबरजस्ती गऱ्यो भन्ने चाल कसैले पायो भने उसले तुरून्त कमान्डीङ्ग अफिसरलाई जाहेर गर्नु पर्छ । यसतो बल जबरजस्ती गरेको कुरा पछि चाल पाइयो भने बल जबरजस्ती गर्नेलाई दिएको दण्डको आधा दण्ड वात दबाई राख्नेलाई पनि दिइनेछ ।

१३) पल्टनका कुनै पनि जवानलाई सुम्पिएको काम अरूबाट ज्याला दिई गराउनु हुँदैन । यसो गरेमा ज्याला दिई गराउने र ज्याला लिई गर्ने दुवै दण्डको भागी बन्नेछ ।

१४) पल्टनलाई रशद तथा अरू सामान दिने ठेकेदार माथि कुनै किसिमको जोर जुल्म गर्नु हुँदैन । यदि कसैले गर्छ भने दण्डको भागी बन्ने छ ।

१५) कुनै पनि पल्टनका जवानले कसैको खेतको वाली, बारीको सागपात पोखरीको माछा आदि नोक्सान गरिदिनु हुँदैन यदि कसैले गर्छ भने दण्डको भागी बन्नेछ ।

१६) पल्टन कुच गर्दा पल्टनलाई वेसाह (रशद तथा अरू आवश्यक सामान) दिउँला भनी पछि लाग्ने साहु महाजनले बनियाँ दोकानदार आदिले पनि पल्टनको उर्दि बमोजिम काम गर्नुपर्छ । उर्दि बमोजिम नगरे दण्डको भागी हुनेछ ।

१७) पल्टनमा काम गर्ने सबै कामदारहरू जस्तै फलाँस, चिरूवादार, दरोगा, मुन्सी, डिठ्ठा, विचारी, जोशी, पुरोहित, वैठके, चपराशी, धोवी, हलकरा, डोले आदि सबैले आफूले ठेक्याको काम गर्नुपर्छ । यदि ठेकिएको काम नगरी आलटाल गर्छ, काममा ठगी गर्छ, वालीमात्र खाने उपाय गर्छ भने यसता व्यक्ति दण्डको भागी बन्नेछ ।

१८) कुनै पनि जवानले कवायदमा अफिसरको आदेशले भेला हुने ठाउँमा अथवा सवारी शिकार आदिमा वेरामी भएमा मात्र छाडी अन्यत्र गयल हुनु हुँदैन । कदाचित वेमारी नभइकन पनि गयल भएमा दण्डको भागी हुनेछ ।

१९) यदि कसैले नचाहिदो धाक रवाफ शेषी गर्छ र रैतीलाई दुःख दिन्छ, अनावश्यक हतियार खिच्छ भने त्यस्तालाई दण्ड दिइनेछ ।

२०) कुनै पनि जवानले आफूले नचिन्हेको मानिससँग वातमार्नु हुँदैन । कोही वेश्या स्वास्नी मानिस भया पनि उसमाथि बलजबरजस्ती गर्न हुँदैन । यदि कसैले बल जबरजस्ती गरेको देख्यो भने देख्नेले पनि कमान्डीङ्ग अफिसर छेऊ उसलाई पक्री लैजानुपर्छ । यसो नगरेमा जबरजस्ती गर्नेलाई दिएको दण्डको आधा दण्ड तमाशा हेर्नेलाई दिइनेछ ।

२१) विदा नमागी आफ्ना खुशीले षलंगा, छाऊनी छोडी नजानू । गाफील भै नशामा नरहनू । सामेलको विगुल बज्नासाथ कुनै पनि समय भए पनि गारदमा हाजिर हुनू । यसो नगरेमा दण्डको भागी बन्ने छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२२) लस्करको जवानले करारमा राख्याको केटालाई कवोलको मिति नपुग्दै अरू कसैले बढता ज्याला दिउँला भनी फकाई लैजानु हुँदैन । यसो गऱ्यो भने फकाउनेलाई दिइएको दण्डको आधा फकिनेलाई पनि दिइने छ ।

२३) सेनाको जवानले गाउँ घरमा के कस्तो छ चेवा लिई रहनुपर्छ । कोही चोर, साइँ धुवा खुनी हो भन्ने थाहा पाए पछि त्यसलाई पत्री तुरून्त कमान्डीङ्ग अफिसरछेउ लैजानू । पक्रन नसके अफिसर समक्ष खबर गर्नू । थाहा पाइकन पनि बुझ पचाई रह्यो भने तजबीज अनुसारको दण्ड हुनेछ ।

२४) विदा न साथी छाउनी किल्ला देखि बाहिर रात बिताउन हुँदैन ।

२५) विना कारण कुनै पनि जवानले भेरी विगुल बजाउनु हुँदैन ।

२६) ड्यूटीमा तैनाथ रहँदा कुनै पनि जवानले नशा खाई लठ्ठ भैरहनु हुँदैन ।

२७) पल्टन कंपनीलाई भएको कुनै किसिमको उर्दि पल्टका जवानले आफ्ना दाज्यू भाइ भतिजा कसैलाई पनि भन्नु हुँदैन ।

२८) पल्टनका जवानले आफ्ना पल्टनका प्रहरी चौकीका इशाराका उर्दि बाहिरका मानिसलाई भन्नु हुँदैन ।

२९) कुनै पनि जवानले लस्करका जवानहरूलाई बटुली बात मार्नु हुँदैन ।

३०) जुवा भाङ आदि लस्करलाई बन्देज गरेका कुरा यदि कसैले लुकी चोरी गऱ्यो भने दण्डनीय हुनेछ ।

३१) कसैले पनि विना इजाजतको सरकारी खजाना खराब गरी बन्दुक पड्काउनु हुँदैन ।

३२) आफ्ना जिम्मामा रहेका खजाना, वारूद, गोली, हतियार, घोडा, घोडाको साज जतनसाथ राख्नुपर्छ । हिना मिना गर्नु हुँदैन ।

३३) पहरा चौकीमा हतियार लिई खटिएको वखतमा नसा खाई लठ्ठ भै रहनु हुँदैन ।

३४) वैरी सित मुठभेड हुँदा भाग्नु तथा आफू तैनाथ भएको किल्ला ठाना चौकी छोडी भाग्नु वा वहकाउनु हुँदैन ।

३५) कुनै पनि जवानले हतियार वंदुक आदि लडाँईका सामानहरू लुकाउन्या तथा विगार्नू हुँदैन ।

३६) वैरीलाई कसैले पनि रूपैयाँ पैसा, अनाज, गोलावारूद आदिले मद्दत गर्न हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३७) वैरीलाई कुनै किसिमबाट मद्दत नगर्नू । वैरी अपठ्यारा ठाउँमा पऱ्यो भन्ने थाहा पाए पछि तुरून्त अफिसरलाई खबर गर्नू ।

३८) कसैले वैरीसँग विना इजाजत चिठ्ठीपत्र गर्न वा खै खबर पठाउनु हुँदैन ।

३९) वैरीसँग पेट मिलाई आफ्ना किल्लेदार थानेदारसँग जोर जनरजस्ती गरी जग्गा खाली गराई दुश्मनलाई सौपन्या काम कदाचित नगर्नू ।

४०) लडाइँ जितेपछि आफ्नो जिम्मा लाग्याका ओडार निशान छोडी लुटपीट गर्न जानु हुँदैन ।

४१) कमान्डीङ्ग अफिसरको आदेश मान्नु नै सरकारको हुकुम मान्नु हो । आफूले गर्ने काममा आलटाल गर्ने बेशर्मी हो । यसतो मानिस लडाइँमा पनि सन्मुख हुँदैन । भाग्नैको शूर गर्छ । यसतालाई पल्टनमा नराख्नू निकाली दिनू ।

४२) सबैले पगरी अनुसारको मान मर्यादा तथा सैनिक अनुशासन अनुसार आचरण गर्नुपर्दछ । कसैले भाइ भतिजा छोरा नैत हो भनी पगरी अनुसारको आचरण नगरेको खण्डमा अरूलाई नमानेको ठहर्दैन पगरीलाई नै नमानेको ठहर्छ ।

चौथो बन्देज

अदालतमा बस्ने मानिसलाई चाहिने काम

१) यदि कसैले कुनै किसिमको फिराद गर्न आयो भने दुवै झगडियालाई जोडी दुवैको कुरा सुनी बुझी पक्षपात नगरी घुस नखाई पंचको चित्त बुझाई निसाफ गरी झगडा-छिन्नू ।

२) कसैलाई खारखेर गर्दा हप्की दप्की गरी ठूला शासनको डर देखाई खारखेर नगर्नू, प्राणान्त हुने गरी केरकार नगर्नू । अलग्ग राखी युक्तिपूर्वक सोधपुछ गर्नू । २।४ दिनसम्म सोधपुछ गरी लेखाई लिनू । कुरा अघि पछि लेखायाको मिल्छ मिल्दैन अनेक युक्तिसाथ तहकीकात गरी कायल गर्नु । यति कुरा मैले विरायाको हो भनी पंच कचहरीका अगाडि उसलाई वकाई कायलनामा लेखाई लिनू । जबरजस्तीसँग कदाचित कायलनामा नलेखाई लिनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) झगडियाले साक्षी राखेको छ भने साक्षी वकाउनू । झगडियाले भनेको र साक्षीले भनेको कुरा मिल्छ मिल्दैन तहकीकात गर्नू । यसरी राम्ररी जाँच बुझ गरेर मात्र इन्साफ गर्नू । साक्षीले भनेको आधारमा मात्र कुनै निर्णय लिनु हुँदैन ।

४) झगडा फैसला गर्दा कदाचित धर्म वकाउनु पर्‍यो भने भलादमीबाट धर्म बहकाउनू । धर्मको ज्ञान भएको भलादमीले धर्म विरूद्ध भूठो बोल्दैन । तर धर्मको ज्ञान न भएको स्वाँठले मनमा जो आउँछ बक्छ । त्यसले धर्म नै भनेर पनि नरहनू । अरू किसिमबाट पनि तहकीकात गरी ठहर्‍याउनू ।

५) आफ्ना नाम, जात, देश लुकाउने, धेरै जूवा खेल्ने, वेश्यासित धेरै बस्ने, बोल्दा वचन साफ नहुने, ओठ मुख सुखाउने, ओठ चाट्ने, निधारबाट पसीना चुहाउने, भेष बदली हिंड्ने, आमदानी थोरै खर्च धेरै गर्ने, कुरा फेर्ने यस्ता लक्षण चोरका हुन्छन् । चोरिएको धन साधु कहाँ पनि हुन्छ । साँचो मानिस झुठा पनि हुन्छ । भूठा मानिस साँचो जस्तो पनि हुन्छ । त्यसैले चिन्हको लक्षणले मात्र चोर न भन्नू । अरू धेरै तरहबाट तहकीकात गरी ठहर्‍याउनू ।

६) यदि कसैले कचहरीले सोधेको प्रश्नहरूको उत्तर सन्तुष्टि पूर्वक दिन सक्दैन भन्दैमा त्यो चोर वा साइधुवा हो भनी निष्कर्षमा आउनु हुँदैन । लठ्याङ्ग्रो रहेछ चोर होइन । वाठो रहेछ, कुरा फेर्दो रहेछ, चोरै होला भनी भन्नु हुँदैन । त्यसैले राम्ररी तहकीकात गरेर मात्र कुनै निष्कर्षमा पुग्नु उत्तम हुन्छ ।

७) धेरै कुराबाट तहकीकात गरी मात्र मुद्दा छिन्नू । पंच कचहरीको चित्त बुझी सानै कुरा भए पनि पक्षपात गरी मुद्दा छिन्ने काम नगर्नू ।

८) सम्पूर्ण प्रमाण बुझी झगडा छिन्न पनि अकल नभएमा (अपठ्यारो परेमा) मात्र न्याहा ली झगडा छिन्नू ।

९) सम्पूर्ण प्रमाण बुझी झगडा छिन्न अकल पनि छैन । न्याहा ली झगडा छिन्दा वेअकली भन्ने आरोप लाग्ने डरले मनपरी किसिमबाट जब्रजस्ती किसिमबाट कायलनामा लेखाई मुद्दा छिन्नु हुँदैन । पछि आफ्नै थाप्लोमा आइपर्छ । त्यसैले सबै पक्षलाई सन्तुष्ट हुने गरी मुद्दा छिन्ने काम गर्नू ।

१०) कैयौं तरहका मानिस हुन्छन् । कैयौं तरहका तहसीर (अपराध) हुन्छन् । ऐनमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नलेखिएको कुरा अदालतमा आयो भने उसको अपराध वेश गरी जाँची बुझी ठहऱ्याई दण्ड शासना गर्नू । दण्ड शासना गर्दा ऐनमा लेखिएको छैन भनी कसैलाई धेरै कसैलाई थोरै दण्ड नदिनू । अपराध माफिक सबैलाई बराबरको दण्ड दिनू ।

११) अपराधीलाई आर्थिक दण्ड दिंदा पैसा छैन कसरी दण्ड तिर्ने भन्यो भने चारआनाको एक कोर्राको हिसाबले कोर्रा लगाई छाडी दिनू ।

१२) आर्थिक दण्डको सट्टा कोर्रा लगाउँदा यदि अपराधीको ज्यानै जान्छ भने ज्यान लिने काम नगर्नू । पहिले उसको शरीरले सहने गरी कोर्रा लगाई झ्यालखाना राख्नू फेरि केही समय पछि उसको शरीरले सहने गरी कोर्रा लगाउनू । यसरी २/४ पटक गरी भए पनि उसको ज्यान बचाई लेख्या बमोजिम कोर्रा लगाई छाडिदिनू ।

१३) कसैले सर्वस्व हुने अपराध गरेको छ भने अरूको भागमा पर्ने अंश मात्र सर्वस्व गर्नू । उसको भाई छोरा बाबूको अंश सर्वस्व गर्न हुँदैन ।

१४) कसैलाई जातबाट पतित हुने दण्ड दिइएको छ भने उसको निधारमा दमलुस गरिदिनु । दमलुस भनेको अक्षर लेखी गोदना गर्नु हो ।

१५) आइमाईले अपराध गरेको छ भने उसलाई पनि हपकाई दप्काई कारकेर गरी तहकीकात गर्नू । कारकेरको शिलशिलामा निर्वस्त्र भने गर्नु हुँदैन । निर्वस्त्र गरी कारकेर गर्नु आईमाईको निम्ति मरण सरह हुन्छ । अपराधै गरेको रहेछ भने निर्वस्त्र गरे पनि हुन्छ, तर उसको खराब दिनले मात्र बात लागेको रहेछ भने वितल पर्छ । तसर्थ तहकीकात गरी चाँडै छिन्न नसकिए तापनि ६/७ महिना वर्षदिन लागे पनि अरू कुराबाट तहकीकात गर्नू । आईमाईलाई कारकेर गर्दा निर्वस्त्र पार्ने काम कदापि नगर्नू ।

१६) अपराधी दण्डको डरबाट भागी गयो भने पनि उसको परिवारलाई शासना नगर्नू । अपराध सावित नहुनज्यालसम्म उसको सर्वस्व हुने अपराध भए पनि सर्वस्व नगर्नू । त्यस कारण पहिले अपराधीलाई तहकीकात गर्नू । इन्साफले ठहरे बमोजिम गर्नू । केवल अडकल कै भरमा त्यसले विराएकै हो भनी दण्ड दिन हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१७) अनजानमा यदि कसैले जात जाने किसिमको अपराध गरेको रहेछ र चाल पाए पछि यस्तो भवितव्य पऱ्यो भनी भन्न आउँछ भने तहकीकात गरी अनजानमा नै यस्तो विराउ परेको रहेछ भन्ने प्रमाणित भएमा उसलाई अरू शासना गर्न हुँदैन । धर्मशास्त्र अनुसार प्रायश्चित गर्न लगाउनू ।

१८) अनजानमा गल्ति गर्दा प्रायश्चित्तको व्यवस्था भए पनि यदि कसैले आफूलाई जन्माउने आमासँग अनजानमा विराउ गरेको रहेछ भने पनि यस्को प्रायश्चित हुँदैन । त्यस्तालाई मृत्युदण्ड नै प्रायश्चित हुन्छ । त्यस्तो पातकीलाई उसले इच्छा गरे अनुसार मृत्यु दण्ड दिनू ।

१९) मामाकी छोरी, फुपूकी छोरी विवाह गर्ने सानीआमा बेहोर्ने तथा अरू अरू कुरा पनि परा पूर्वकालदेखि चली आया बमोजिमको रीत गर्दा खत लाग्दैन, तर गोवध भने कसैले गर्न हुँदैन ।

२०) करनी सम्बन्धमा आईमाईलाई धर्मशास्त्र अनुसारको प्रायश्चित दिनू । करनी बाहेक अरू अपराधमा आईमाईलाई पनि पुरुष सरह दण्ड दिइनेछ ।

पाँचौं तथा छैठौं बन्देज

पाँचौ तथा छैठौं बन्देजमा अपराध अनुसारको दण्ड तोकिए तापनि छैठौँ वन्देजको अपराध स्पष्ट छैन । संभवत पाँचौं वन्देजमा तोकिएको अपराधहरूको दण्डलाई नै छैठौं वन्देजमा अलि नरम गरिएको जस्तो लाग्दछ । त्यसले पाँचौं वन्देज अन्तर्गत नै रही छैठौं वन्देजको दण्ड ब्राकेट भित्र उल्लेख गरी दिइएको छ ।

१) कसैले मृत्यु दण्ड पाउने किसिमको अपराध गरेको छ भने उसलाई भुण्डाई वा काटी मार्नू । भुण्डयाई वा काटी मार्दा ब्रह्महत्या लाग्ने ब्राह्मण गैरह जातलाई र आईमाईलाई नेलैमा राखी गाल्नू (जन्मकैद गर्नू) यदि चाँडै मार्नूपऱ्यो भने यस्तालाई वर्षादमा औलो लाग्ने ठाउँमा र जाडोमा चौरमा राख्नू । तर नमारिकन नछाड्नू । जात अनुसार नलफल काट्नु भयामा काटिन्या जातका नलफल काट्नू । ब्राह्मण गैरह हत्या लाग्ने जातका शिर मुडी देश निकाला गरिदिनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आईमाईलाई शासना गर्दा जात पतित गरिदिनू अथवा देश निकाला गरिदिनू ठूलो अपराध छ भने नाक काटी देश निकाल गरिदिनू । (छैठौं बन्देजमा भने कस्तै अपराध गरेता पनि ज्यान नमार्नू । मारिने किसिमको अपराध गरे तापनि उसलाई जन्म कैद राख्नू । उसलाई खान लाउन दिई सरकारी काम जस्तै सडक बनाउने, ढुङ्गा चपरी ईँट बोकाउने आदि काममा लगाई राख्नू । ज्यान राखी दिया बखत मौकामा काम आउँछ ।)

२) लडाइँमा खटाउँदा नजाने, भाग्ने वा वैरी सित मेलो मेसो गर्ने यस्ता नमकहरामी हुन् । यसतालाई जात विशेष हेरी बिउ मारिदिनू । (जीउँदै खाडलमा गाडी थाप्लामा एक मुठी नून राखी माटोले पुरी मारिदिनू)

३) लडाइँको बखत आफ्नो तरफको सुराख वैरीसम्म पुऱ्याउने चिठ्ठी लेख्ने, वैरीलाई बाटो देखाउने तथा वैरीसँग अगुवा भै आउने यस्ता नमकहरामी हुन् । जात विशेषलाई जीउ मारिदिनू । (यसतालाई भुडी फोडी मारिदिनू)

४) आफ्ना सेनाको अख्तीयारवालालाई आएको चिठ्ठी लुकाई राख्ने वैरीसम्म पुऱ्याउने यस्ता नमकहरामी हुन्, जात अनुसार जीउ मारिदिनू (यस्तालाई भूँडी फोडी मारिदिनू)

५) चौकीको कुरूवा गरी बस्नेले वैरी आएमा सूचना नगरी वैरीसँग मतो गरी वैरीको फौजलाई पस्न दिने यस्ता नमकहरामी हुन् । जीउ मारिदिनू । (यस्तालाई निशाना थापी गोली मट्याङ्ग्रा ढुङ्गाले हानी मारिदिनू)

६) कसैले रीश रागमा परेर आफ्नो अपराध अरूले थाहा पायो भनेर थाहा पाएको व्यक्तिलाई माऱ्यो स्वास्नीको लोभले, ऋण तिर्न नपर्ने लोभले अथवा धनको लोभले नाहकमा कसैको ज्यान लिन्छ भने त्यस्तालाई जात विशेष जीउ मारिदिनू । (जस्ता तरहले उसको जीउ मारेछ उही किसिमबाट जात अनुसार मारिदिनू) ।

७) नाहकमा अर्काको ज्यान लिन खोज्नेलाई कथंकदाचित ज्यान लिन नसके तापनि नाहकमा अर्काको ज्यान लिन खोजे बापत जात विशेष हेरी जीउ मारिदिनू (यस्तालाई नमरून्ज्याल नेल हाली राख्नू) ।

८) यदि कुनै कडा आदमी (उच्च ओहदाको कर्मचारी) लाई मार्ने काम कसैले गर्छ वा मार्ने सल्लाह दिन्छ भने त्यस्तालाई जात अनुसार जीउ मारिदिनू । (यसतालाई आजीवन नेल हाली राख्नु बडा आदमी भए महिना दिनसम्म खलाती बोकाई दुनियाँलाई देखाई आजीवन जेल राख्नू)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९) राजकाज सम्बन्धी नभई आफ्नै घर गृहस्थीका कारणबाट मार्ने सल्लाह दिएको रहेछ भने सय रूपैयाँ धन भए पचास रूपैयाँ दण्ड गर्नु ।

१०) सधवा, विधवा वेश्या जो भए पनि आफ्नी आमासँग विराउ गर्नेलाई जात अनुसार जीऊ मारिदिनू । (यस्तालाई जात अनुसार नलफल काटी मुखमा हाली सिई उधो मुन्टो गरी झुण्डयाई मारिदिनू)

११) मन्त्र सुनाउने गुरुकी स्वास्नी, गुरुमा गुरुकी छोरी आदिसँग जानी जानी विराउ गरेछ भने जात विशेष जीऊ मारिदिनू । (यस्तालाई सात वर्ष नेल हाली चौवीस कोर्रा लगाई छोडिदिनू)

१२) आफूलाई पढाउने वा कुनै इलम सिकाउने गुरुकी स्वास्नीसँग विराउ गर्दा आफ्नो नाता गोताको नपरेमा अरू आईमाइस्ँग विराउ गरेमा जो शासना हुन्छ सोही गर्नू । तर नाता गोतामा परेको गुरुकी स्वास्नी वा छोरीसँग जानीजानी विराउ गरे जात अनुसार जीऊ मारिदिनू । (सात वर्षसम्म नेल हाली उहाँ उप्रान्त २४ कोर्रा हानी छाडिदिनू) ।

१३) विवाह गर्न नहुने गुरुकी छोरीसित विराउ गरेमा जात अनुसार नलफल काटिदिनू । (यस्तालाई चार वर्षसम्म नेल हाली राख्नू उहाँ उप्रान्त चालीस कोर्रा लगाई छाडिदिनू)

१४) कोही कुनै जातको पनि एका हाडमा मूल पुरुषदेखि सातौं पुर्खासम्मका आफ्ना दाज्यू भाइमा र आफ्ना मावलीतर्फ ५ पाँच पुस्तासम्म ससुराली तर्फ बुढी सासू, जेठीसासू समधिनीमा जानी जानी विराउ गर्नेलाई जात अनुसार मारिदिनू । आफ्नै हाडनातामा भए पनि पत्रिया (पतित) भएका आईमाईसँग जानी जानी विराउ गरेछ भने जातअनुसार नलफल काटिदिनू । बचाउनु पर्ने रहछ भने भगवानले बचाउला मर्नेरहेछ भने मरिजाला (यस्तालाई ७ वर्ष नेल हाली चौबीस कोर्रा लगाई छाडिदिनू । हाडनाता पर्ने भए तापनि पत्रिया भएमा ४ वर्ष नेल हाली, ४० कोर्रा लगाई छाडिदिनू ।

१५) कुनै जातका पनि एका हाडमा आठ पुस्तादेखि माथि १४ पुस्तादेखि तल र मावलीपट्टि छैटौं सातौं पुस्तासम्म जानी विराउ गर्न्या छ भने ऊ स्वास्नीको लोग्ने रहेछ भने जार हान्न दिनू । जार हानेन भने जात अनुसार नलफल काटिदिनू । तर यस्तो नाता भए तापनि पतित आईमाई भएको खण्डमा सय रूपैयाँको सम्पत्तिमा २५ रूपैयाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दण्ड गर्नू । (यस्तालाई चार वर्ष नेल हाली चालीस कोर्रा लगाई छाडिदिनू । तर पतित आईमाई भएमा सय रूपैयाँको सम्पत्तिमा २५ रूपैयाँ दण्ड गर्नु ।

१६) मावलीपट्टी गोत्र नफिर्न्या पनि आठ पुस्ता उपरान्त वात लाग्दैन । आठ पुस्ता माथि विराउ भयो भने अरू नाता नलागेको सँग विराउ हुँदा जे जस्तो दण्ड हुन्छ सोही अनुसारको दण्ड गर्नू ।

१७) कुनै जातमा एक हाडमा १५ पुस्तादेखि माथि २१ पुस्तादेखि तल आफ्ना दाज्यू भाइमा जानाजानी विराउ गर्छ भने ऊ स्वास्नीको लोग्ने रहेछ भने जार हान्न दिनू । जार हान्दैन भने सय रूपैयाँको सम्पत्तिमा २५ रूपैयाँ दण्ड गर्नू । तर यस्तो नातामा पतित आईमाईसँग विराउ गरेमा सम्पत्तिको शयकडा दशमात्र दण्ड गर्नू । छैठौं बन्देजमा पनि दण्डको नियम सोही अनुसारको छ ।

१८) कुनै पनि जातमा २२ पुस्तादेखि माथि जति सुकै पुस्ता भए पनि एकाहाडमा जानी जानी विराउ गर्दा जार हान्न दिनू । जार हानेन भने सय रूपैयाँको सम्पत्तिमा ५ रूपैया दण्ड गर्नू ।

१९) बाबुका आमाका आफ्ना मावलीतर्फ छोरीपट्टी र इनैका भान्जा भान्जीतर्फ तीन गोत्र नफिरी छोरी मूल पुरूषदेखि ५ पिंडीसम्मको आफ्नो नातामा जानी जानी विराउ गर्‍यो छ भने जात अनुसारको नलफल काटिदिनू । यसमा आफ्नै नाताका तर पतितासँग जानी जानी विराउ गरेकोमा आलमालको दशौं दण्ड गर्नू । तीन गोत्रसम्म परिवर्तन भैसकेको छ मूल पुरूषदेखि ६ पुस्ता पनि भएछ भने नाता गोता लाग्दैन । यस्तामा अरू नाता गोता नलाग्नेसँग विराउँदा माफिकको दण्ड शासना जो लेखिएको छ सोही बमोजिम गर्नु । (यस्तालाई चार वर्ष नेलमा राखी ४० कोर्रा लगाई छाडिदिनू तर पतिता भए दशौंद दण्ड गर्नू) ।

२०) देवता साक्षी राखी मित लगाएकोमा खास मित आमा वा मितीनीलाई जानी जानी विराउ गरेमा जात अनुसारको नलफल काटिदिनू । (यस्तालाई ४ वर्ष नेल राखी ४० कोर्रा लगाई छाडिदिनू) ।

२१) जात भातबाट पतित हुने गरी यदि कसैले कसैको छोरी विगार्‍यो भने जात अनुसार नलफल काटिदिनू । तर केटीको आमा बाबुले आफ्नो ज्वाई स्वीकार गरे नलफल नकाट्नू १०० रूपैयाँको सम्पत्ति भए दस रूपैयाँ दण्ड गर्नू । यस्तैमा उँधो (तल्लो)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जातले उभो (माथिल्लो) जातमा विरायाको भए दुई विराम गरे मारिदिनू । (यस्तालाई चार वर्ष नेल राखी ४० कोर्रा लगाई छाडिदिनू अथवा ज्वाँई स्वीकार गरेमा सम्पत्तिको दशौंद मात्र दण्ड गर्नू । उधो (तल्लो) जातको विराउ रहेछ भने वारह वर्ष नेलमा राखी १२ कोर्रा लगाई छाडी दिनू, अछुतोले विराउ गरेछ भने जीउ मारिदिनू ।

२२) जात भाताट पतित नहुने भए पनि यदि कसैले विराउ गर्‍यो भने वा महीनावारी नभएकोलाई जानी जानी विराउ गर्‍यो भने सम्पत्तिको दशौंद दण्ड गर्नू ।

२३) अर्का लोग्ने मानिससित विराउ भया आफ्ना जात भातदेखि पतित हुने जातका रज भयाका विवाह नभएका माथिल्लो जात वा वरावरी जातकाले विरायो विराउ गर्‍यो भने जात अनुसार नलफल काटिदिनू । तर छोरीको बाबुले ज्वाई स्वीकार गर्‍यो भने नलफल नकाटी दशौंद जरीवाना गर्नू । पानी चलन्यामा उधो (तल्लो) जातले उभो (माथिल्लो) जातमा विरायेछ भने नलफल साफ गरी काटिदिनू । यस्तालाई ४ वर्ष नेल हाली ४० वर्ष नेल हाली ४० कोर्रा लगाई छाडिदिनू । ज्वाई स्वीकार गरे सम्पत्तिको दशौंद दण्ड गर्नू पानी चलन्या भरीमा उधो (तल्लो) उभो (माथिल्लो) जातमा विराया छ भने ६ वर्ष नेल हाली तीस कोर्रा लगाई छाडिदिनू ।

२४) अर्का लोग्नेसित विराउ भएका आफ्ना जात भातदेखि पतित नहुन्या रज भएका विवाह नभएका स्वास्नी मानिसलाई उभो (माथिल्लो) जातले र बराबरी जातसम्मकाले जबरजस्ती गरी विराये छ भने सय रूपैयाँ सम्पत्ति भया दुई रूपैयाँ दण्ड गर्नू ।

२५) मुसलमान र म्लेच्छ जात वाहेक छुत हुन्या पानी नं चल्ने कसाई कुशले गैरह जातका रजभयाका वा रज नभएका विवाह नभएका वा विवाह भयाका सधवा विधवालाई उभो (माथिल्लो) जातले विराया छ भात पानीमा आफू पनि अरूलाई पनि बेरिएछ भने सय रूपैयाँको सम्पत्तिमा साठी रूपैयाँ दण्ड गरी प्रायश्चित दिनू । अरूलाई सय रूपैयाँमा दस दण्ड गर्नू । आफू जानी जानी वेरिया वापत दमलुस गरी उसै जातमा मिलाई दिनू ।

२६) छुन पनि नहुन्या कामी, शार्की दमाई भाँड गैरहजातका सधवा विधवा कन्या जस्तै सुकै भया पनि उभो जातले विराया छ, भात पानीमा वेरेछ भने जात अनुसार जीऊ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मारिदिनू । भात पानीमा अरू कसैलाई वेरेछ भने दमसुल गरी उसै जातमा मिलाई दिनू । (यस्तालाई भातपानीमा वेरेछ भन्या सात वर्ष नेल हाली दलसुल गरी छाडिदिनू । अरूलाई वेरेनछ आफूमात्र वेरिएछ भने दमसुल गरी छाडिदिनू ।

२७) कसैको विवाह गऱ्याका सधवा स्वास्नीलाई माथिल्लो जातले वा बराबरीका जातले विराउ गऱ्यो भने लोग्नेले जार हान्यो भने हान्यो, हानेन भने १०० रूपैयाँको सम्पत्तिमा ५ रूपैयाँ दण्ड गर्नू । पानी चलने भरीका उधो (तल्लो) जातले उभो (माथिल्लो) जातमा विराया छ भने आफ्ना लोग्नेले जार हान्यो भने हान्यो, जार हानेन भने नलफल काटिदिनू । तल्लो जातले माथिल्लो जातमा विराए छ भन्या तीन वर्ष नेल हाली पचास कोर्रा लगाई छोडिदिनू ।

२८) अर्का लोग्नेसँग विराउ भए पनि आफ्ना जात भातदेखि पतित नहुनेभए जार नहान्या जातिका विवाह गरेको स्वास्नीलाई उभो जातले (माथिल्लो) अथवा बराबरी जात सम्मकाले जबरजस्ती विराये छ भने १०० रूपैयाँको सम्पत्ति छ भने ५० रूपैयाँ दण्ड गर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाकवि लक्ष्मीप्रसाद देवकोटाका अप्रकाशित कविताहरू

(नेपाली साहित्य जगतमा महाकवि लक्ष्मीप्रसाद देवकोटाज्यूको अमर योगदान रहेकोमा कसैको दुई मत हुन सक्दैन । उहाँका कतिपय कृतिहरू प्रकाशमा आइसकेका छन् । यिनै महाकविज्यूको कवितासङ्ग्रहको केही अप्रकाशित कविताहरू राष्ट्रिय अभिलेखालयको सङ्ग्रहमा रहेको छ । यी कविताहरूलाई नै यहाँ यथावत दिइएको छ ।

श्री सरस्वत्यै नमः

✡

१

जीवनको ध्वनि जीवनमा
मधुर प्रतिध्वनि गर्छ,
हृदय डुलाउँछ हृदयैलाई,
गुंजन वहुविध भर्छ,

सबको मुटुको स्पन्दन, कंपन
बन्दछ लहरी लयदार,
आँशु र हाँसो, घाम र बदली
हरूको आउँछ सार,

पछिको सपना, अघिको विपना,
नजर खुला र उज्याला,
उच्च पंखका शब्द गगनमा,
बादल तहमा रंगवाला,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सागर उछलन सिपिमा बोल्दछ,
कोयलि बोल्छ वसंत,
कोहि बजाउँछ हृद्‌तंत्रीमा
मानव ध्वनि हि अनंत

1

The voice of life makes
its echoes unto life,
Heart calls into heart,
And fills with varied echoes

The throbbings of
all hearts pass out
into wave lf melody,
And tears and smiles,
sun and cloud
breathe their essence

The dream of the future
And the reality of the past
And the eyes bright and open,
And a flutter of wings
on the Ethereal heights
where the clowds are
coloured is masses.

The tumult of the Ocean
speaks in the sea shell,
The cuckoo voices the spring,
Someone strikes upon

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

the chords of the heart,
notes of human feelings.

२

बादल मिल्छन् हरियालीमा,
शीत लिएर सुगन्ध
मिल्छन् वातावरण मधुरमा
उडी बफाई मन्द
घाम हावामा फुलहरू फुल्छन्
सुन्दरताको सार लिई,
ज्योति घुसीकन फुल्छे उनसँग,
पृथिवी फुल्छीन् वास दिई
सागर घुस्दछ गिरिको मुटुमा
भुल्भुलाई गाई
आफ्नै पथकन खोजी चल्दछ
पाउन आफूलाई
तारा हाँस्छ उषाको शिरमा
गर्न जगत्को आह्‌वान,
चिडिया उड्छ सुनौला नभमा
गर्न प्रभाती गान ।

2

The clouds melt into the rich verdure of vegetation
And the dew drop, inhhiling the fragrance of the flower
On which at settles and melts away,
in slow evaporation into the sweet sumounding air.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

The flowers open to the sun and the air
And they take the principle of beauty
hight passes into their bloom,
And the earth blooms in them
in the sahpe of fragrance,
The Ocean passes into the heart of the mountain
and thence welling up it moves in searching its
own path in order to find itself
The star graces the forehead of Dawn
to make a call to the world,
And the bird takes its flights in a
golden sky to make its morning warble

३

के को झल्का ! के को झाँकी !
कताकताको गान !
कस्को मूर्ति मनोहर, छाया ?
कस्को स्वरको भान ?
केले छुन्छ चकोर नजरमा ?
केले उठ्दछ छाल ?
विचित्र ज़ीवन लठ्ठ परेको
गर्दछ प्रश्न, विशाल ?
तार बुट्टे शारि निलोमा
चन्द्रफूल लगाई
स्वर्गदेखी वर्लिन् रजनी
जगत प्रशन्न गराई
कडा जगत्मा कोमल जादू,
जीवन फूल निदायो,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हवा भुलीकन मोहनि हेर्दछ,
सपना सपना छायो
कल्पनाले श्रृङ्गार लिई
जब छाइन् संसार,
मोहनीमा शान्त उज्यालो
आयो सुन्दर उद्‌गार
एक जुरेली उपवनमा
मस्त, मधुर जुनेली गाना;
सुन्दरताको सपना बोल्दछ
सफा, सुरीला स्वर साना

3

What flash ? What gleam ?
What melody from where ?
Whose shape so fine of shadows ?
What voice is it that
seems to be a voice ?
What touches the bird's rapt eyes ?
What raises the wave ?
strange life, intoxicated by itself, makes its
question to the vast !

The bright Night descended from Heaven
With a blue saree decorated with stars
-patterns, and a flower, called the moon,
gracing its knot, And the world was
rapturous with joy.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

A soft charm came over a harsh world,
    And life, like a flower, went into sleep
And the breeze, forgetting itself, looked at her charm,
And dreams and dreams came hovening over the air
When imagination decorated herself
When imagination decorated herself
    and overspread the world with her charm
fine pouring came out into the quiet
    charm of her light.
A nightangle in the garden sings her
    rapt moonlight melodies
And the vision of beauty sings her
    short, fine notes.

४

चिच्याहटले जीवन फर्क्यो,
    दूर पस्यो फुलबारी,
सिर्जनाको इच्छा गरिकन
    नवीनताको भारी
कति हेर्नाको भार नजरमा ?
    कति शुन्नाको बोझ ?
विफल उदासी खोज जगत्मा,
    उराठ लाग्दा रोज
हाय ! असुन्दर, झूठा रँगमा
    किन यो भ्रमण उदास ?
आफ्नै जगत रचूँ भनि जीवन
    फर्क्यो विफल, निराश !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सडक र घच्चा, धुलो, पसीना
बाट अनौठा उपवनमा
जहाँ परीहरू नाच्छन् सुन्दर
झर्नाको मृदु झनझनमा,
जादूको यो वाग विचित्र
मनचिन्त्य चराका गान,
विचरण सुन्दर, फुका पँखेटा,
पुष्प-रसको मदिरापान,
देवूदत झैं एकान्तमा
उडि उडि गर्दछु गान,
सपना भित्र म पस्छु जगत्को,
गर्न नयाँ जग निर्माण
कति हेर्नू यो ? कति शुन्नू यो ?
हाय ! असुन्दर बोझ !
आउ मँ साथ उडीकन छिनभर,
हेरन रचना, खोज !
सुन्दरताको जादू उपवन,
सच्चा मृदुल विलास,
वाग फुलेको दूर हवामा
डुल्नु छ मधुर विलास !

4

Life turned from monotony
and passed into a distant garden
she longed for creation of beautiful novelty
she found the world a perpetual burden
on her eyes, and a perpetual. weight on her ears
she found her quests fruitless in the world

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

And the days full of dullness
Alas ! why this pensive wandering
in the ugly and false colouring
that is why life turned in dispair
to create her own world.
out of the road and the dust, the push and the sweat
into the strange garden
Where the fine fairies dance to the murmurs of
covered falls
It is the garden of magic
and the warblings are the fancy birds,
Wandering here are fine and and the wings are free
And here is the drink of flower wine
Like an angel, I fly in solitudes and
sing my songs,
And I pass into the dreams of men to
create new worlds.
How long this seeing and this hearing.
Ah! it is an ugly burden, all of it
came with me for at monent's flight
to see my creation and my search.
The garden is the magic garden of beauty
And true sweets are here;
And it blooms somewhere in the distant air
And to take walks in it
is a fine luxury;

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५

शिखर उज्याला, वैभव वहुविध,
वीरता झैं गिरिका छाति,
फूल मनोहर हृदय फुकेका,
दृश्य मनोहर वहुभाँति,

उच्चताको पवन छ जोशी,
शान्त गगनमा सुन्दर ज्योति;
प्रकृति मनोहर किल्ला बाँधी
देखाउँछिन् दिव्य विभूति ।

धर्म्म उठाउन गिरिका काँध,
प्रवाह रसाउँछ पर मैदान;
वनको मुटुमा गूँज्छ सँधैभर
शीतल हृदय भरीकन गान ।

मैले देखेँ सपना यौटा,
जागृतिले पंख फिजाइ
नव प्रभातमा हेरिरहेकी
कंठ उठेको केहि फुलाई ।

केले छायो शिखर र वन, घर ?
केको रंग विचित्र र छायो ?
केको लहरी वहरी आयो ?
के के हृदय घुसेर समायो ?

5

Bright peaks, rich and varied wealth
And the mountainous breasts are like
Shapes of heroism;

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

And the flowers are like soft heart
fully opened;
And the scenes are charming in
their varied beauties.
The breeze on the heights is full of life;
The quiet sky receiving a beautiful light
Nature makes her fine fortress and
exhibits her divine charms.
And the shoulders of the mountains look like
sustaining a grand religion;
And the flow fertilises the distant plains.
And in the heart of the woods is melody
that fills all hearts with its echoes.
I saw a dream.
A wakening was just spreading her wings
and looking at a new dawn, with
her throat bloated up in the effort of song.
What come over the peak, the wood and the house ?
what tinged the air ?
what waves undulated everywhere ?
what passed into the heart and
tugged at its core ?

६

तिनि हुन् वनकी कलिली छोरी
मृगका छन् मृदु लोचन;
फुलले छाउँछ झोपडि सानो,
यौवन गर्दछ शासन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सोह्र वसन्त फुलेका उनमा,
सुनगाभाको मृदुल शरीर
बोलि छ उन्को नाना लहरी
झुल्दछ झोपडि जसको तीर,
सपना जस्ता भेडा चर्छन्,
चिडियाहरूका सुरिला तान
हृदय भरीभरि गूँजि उठ्दछ
जब तिनि गर्छिन् वनमा गान ।
दूर, अकेला सपना जस्ती
सपनाको देश मनोहरमा;
फुका, उज्याली, प्रकृति महलमा
सरल सुकोमल सुषमा,
तिनि हुन् वनकी कलिली छोरी,
प्रकृति फुलेको मानव जिउमा,
तिनि हुन् वनकी कलिली मोहनी
सजीव, उज्याली नित मनमा ।

6

She is the soft daughter of the forest
Hers are the eyes of the gazelle
A hut is covered with flowers
And youth it is that reigns supreme
Sixteen springs have their bloon in her,
Hers is the body of the gold-bloom
Her voice is of the ripples of the riv
Where her small hut trembles in doubling
Her sheep graze like a flock of dreams,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

And the warbling of the fine throated
birds seem to fill up her heart
and pass out in echoes as she sings her
solitary songs.
Far away and alone like a dream
    She graces a region of dreams
She is like a simple. soft vision of beauty
    in the free, bright mansion of Nature
She is the soft daughter of the forest
    In her Nature blooms in the human form;
She is the soft charm of the forest
Always alive and radiant in my mind.

७

मैले देखेँ अप्सरा
    बलिरहेकी सुरपुरबाट
पंख–फिजेकी, नजर-झुकेकी,
छाति फुकेकी, हाँसिरहेकी,
    पुष्ट मृदुल ललाट
दिनको स्वर्ण-किनार समीप
    चट्ट चित्र चले झैं चारू
वर्लिरहेकी हलुका गतिले
    सुन्दरताकी रूप पँखेरू,
गुलावले ढाकिइ केश सबै
    स्वर्ण-मुहार खुलेको;
पृथिवीको अवलोकन गर्दै
    पंख छ सुस्त चलेको,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अस्तकालको गगन गुलावी
झल्का एक दिएर
अप्सरा ती अलप भइन्
मननै स्वर्ग लिएर

गुल़ाव गगनकी अप्सरा
देखी मोहनि लाग्यो;
सपनाहरूमा आई बोल्छिन्
होश जगत्को भाग्यो ।

7

I saw a fairy
she was coming down from Heaven,
Wings spread out and eyes lent down,
bosom expanded, and a soft
forehead and a graceful smile

By the golden margin of the Day
She moved finely like a beautiful vision;
Descending with a soft motion
a winged form of beauty
Her hair was covered with roses,
And her golden face was set off by them,
And bending over the earth, she was
gently moving her wings, almost imperceptibly
It was the rosy sky of the sunset
She gave me just a glimpse;
And them she vanished into the evening
and took my heart away to heaven

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

She is the fairy of the rosy heaven
I saw her and fell under her charm;
she sometimes come to speak in my dreams
And she has taken away my
sense of reality in the world.

८

दिन र निशाको नीलो ढकनी,
चलच्चित्रका खेल अनेक;
रंग दगुर्छन् पर्दा माथी,
हेर्दछ जीवन एक उदेक,
छोप्दछ नभले स्वर्ग उपरको,
पृथिवी ढाक्छिन् नरक तल,
ज्ञान हवामा फन्फनि घुंदछ,
फल्दछ विष झैं तिक्त फल
विशालताको भीषणताले
तर्सिरहेको नित अनजान;
जीवन अड्दछ आस लिईकन
फल भनि ताकी अशमान,
अल्पताको त्रास दशनमा
जलको वुद्वुद काँपिरहेछ,
पहुँच र ताक नमिल्दा दुःखले
निराशपना नै छाइरहेछ
दुई दिन जिंउनू, त्रास र शंका,
भुल्भुलैया बीच विचरण,
जीवन बस्दछ टोल्हाई कन
के हो जन्म, जरा र मरण ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तैपनि होला, तैपनि आशा
नजर गराईकन वन्द
विधिले हेर ! फिराउँछ जीवन
अन्वेषणमा स्वच्छन्द.
केहि कतैको, चेत कहीँ को,
सुन्दर सारहरूको स्वाद;
तैपनि आश जगाई अडाउँछ
आँशु र हाँसो, हर्ष-विषाद
किनले केले आफैं थाकी,
कर फैलाई नित तृष्णामा;
कता कसोगरी हरूमा घुंदै
घुस्दछ अविदित गुप्त निशामा
शराव, गाना, नाता, व्यवहार
फेरी, चूर, घन अन्धकार,
को वनाउँछ, को घुमाउँछ
जीवन विचित्र निराधार ?
यौटा फोका रंग फुटेको
थरथर काँपी निशिदिन
कुन झोकामा फुट्न तयार छ
हाय ! विचित्र छ जगजीवन !

९

के यही हो आखिर सबको,
के यही हो आखिर ?
साँझ उपर छन् तारा-आँशु,
नजर भरी छन् नीर !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कोमल स्पर्श, चमक नजरको,
झिलिमिलि रंगिलो जीवन,
विशाल तृष्णा विशाल आशा,
सबै चितामा दनदन !
छाति छातिको सुन्दर आधार
पत्थरमा पटकि लिनें,
क्रूर जगत्को यही हो चाला ?
रगत शुकाइ दिने ?
दुःखले जिउनु, दुःखले म
आश चितामा दनदन !
भुवाहरूमा लेटी आखिर
पत्थरमा जीवन !
किन तव आशा, किन तव मोहनि,
किन तव सुन्दर तान,
फूल फुले सरि जिउकन आगो,
छटपट गर्दो प्राण !

१०

न रूनु, न गर्नू दुःखको शब्द
सहनू हाँसि दिनु,
झरी र वदली एक तमाशा,
आखिर नीर हुन
आँशु उज्याला, हास्य मनोहर,
धीर सदा, नित गंभीर,
हुरिले झरिले काम गछ गर्नू,
छैन गिरिको उरमा पीर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चेतना हो, देखाउन हो,
हेर सबैतिर छान,
रोग सताउँछ गर्न सफाई,
आशा राख्दछ प्राण
हानि न गर्नु, न भुल्नु, न छल्नु,
आत्माको पछि चल्नु,
जे परि आयो सहनु र दहनु
क्रुद्ध भई न त वल्नु
रस लिनु, शोसनु सार, न डुब्नु,
अहार्य नियमको भर,
कहीं न डर्नु शरण न पर्नु
संझनु जगदीश्वर !

10

Do not weep. Make no mournful cries
Endure and smile. Rain and cloud are mere plays.
In is the blue at last.
het thy tears be bright
thy smiles, full of charm
Ever patient, ever constant,
The rain and the storm must do their work,
yet the breast of the mountain feel no sorrow
It tis all to warn and to show
work and take thy choice.
Diseases annoy for purification
And Hope nourishes life.
Do not harm.
Forget not. deceive not,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Follow thy soul;
Whatever betide, endure and burn
but never be inflammed
Take the essence
Suck the juice
But do not drown thyself.
Rest on the exorable laws.
Never fear; Never kiss
the dust of other's feet,
Remember thy god.
Yet over all the sweat and fatigue
of the limbs and forlorn misery of the heart,
Something seems to speak to me,
with a message of hope after all
To tread thorns, to move in sorrows
And to go in search is
something sweet after all
Ouset is the strange luxury of life !
There is something in being able
to move and to progress
we had rather this
with all the shocks of grief.
Let the world annoy ur, but
we had rather lecome soft and liquid
Let the evening be a death, but
we had rather become roses for a day
Rather have a gods features, though it
means the shouldering of mountains.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Rather share the world's wail
And hear and weep our tears,
Rather fatigue ouerselves in a quest
Than to remain idle and silent
hard and fruitless
Without a single message
for the world.

११

जीवन-छाया आउँछ चल्दछ,
रहने पौष्टिक सार
जीवलाई काम उसैले
दिन्छ छुटे संसार
अन्तरात्मा सुन्दरतामा
पाउँछ मीठा व्यंजन;
मैलालाई हटाउ, सधैं भर
सुन्दर सत्मा मन
खाना के हो ? पान छ कस्तो ?
कस्तो जीवनभित्र ?
सार अनेकन मधुर चुनीकन
पोषण गर्नु पवित्र,
भावनाले स्वाद दिलाउँछ
कल्पनाले गर्छ तयार,
ज्ञान त ल्याउँछ बटुली, खोजी
सुन्दर सत्का सार
साँवल पछिको, साँवल यहिंको,
जगतैभित्र छ सारा
खाली खोजनु, छान्नु, बनाउनु
आफ्नो पर्दछ भार.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

11

Life is the shadow that passeth;
It is the nourishing essence that remains
Take the world away
And the spirit lives upon it.
When the spirit is in beauty
It gets sweet dainties.
Remove all dirt, and
Let thy mind dwell upon Truth
What is thy food and thy drink
what life do then live in thee ?
Select sweet essences. and
Nourish thyself.
Devotion giving the teste,
Imagination makes the preparation,
And Knowledge it is that searches and gathers
the essence of truth and beauty.
The ratuns for the here and the hereafter.
Are all in this very world,
The burden on thee is merely that of.
search. selection and preparation.

१२

काँप्यो जमिन, संसार घुम्यो,
आश भए चकनाचूर
जीवन रोयो धाप परीकन,
तृष्णा रही एक अपूर,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एक रोममा जीवन अड्दछ,
फुल्ने आशा, शुष्क छ काठ,
मुर्दा जीवन, छाया मूर्ति छ
यातनाको पढ्नु छ पाठ,
हृदय शुकेको, ध्येय लुकेको,
जगत छ वाग उजाड,
सहन न शके सहिकन बस्नु,
शिरमा बोक्नु पहाड !
कता गए सब अधिका रंग,
मूक विलौना अनुहार,
सफर कताको, आश कताको
एक अँधेरी पारावार,
काँपि रहेको जीवन बुद्बुक,
फुट्न तयार तयार
घोर विपद्मा हाँसिरहेको
खाई मनमा मार ।

12

The earth trembled
the world spun
Hopes went into splinters
Life, caught in a quagmire,
Wept over itself.
And thirst alone remained unquenched.
Life hangs by a hair;
Hope tries to bloom
upon a dried log;

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Dead life sees shadowy forns
And learns the lessons of sorrow.
Here is the bearing of the unbearable
The weight of mountains on a human head ?
Where are the colour of the past ?
Even the features are like a silent lamentation
Wither is the journey ?
Whrere the hope ?
It is a dark, shoreless ocean
The bubble of life ready to burst
Is trembling but at the same time,
It is smiling with prismatic lights
over the shudders
of its own mind.

१३

शिला

सुख दुःख, शोक र ताप तँलाइ
दिन्नन् केहि असर !
कलिलो मासु भिरल्ने छैनन्
रोग र मृत्यु र डर ?
मस्त, मगन र वेपर्वाही
अन्धो तेरो जीवन !
जगको घोर विलौना सहने,
दहने मानव मन !
के तँलाई आउँछ कहिल्यै
प्रश्न विशाल जगत्‌को ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीवनका यी घोर समस्या ?
कष्ट अकेला पथको ?
विशालको यो भीषण आकृति
दिन्छ तँलाई त्रास ?
के कहील्यै जगको यो स्थिति
कँपाउँछ तेरो आश ?
अघी पछीको दृष्टि सताउँछ
के तेरो जीवन ?
मौन, न काँकी, शान्त तँ बस्छस्,
चक्कर मार्दछ दिन !
चाल भएका हामी खोज्छौं
शान्ति र सुखका बाटा,
नित्य निराश भइकन थाकी
झेली कष्ट र काँटा !
अचल तँ बस्छस् शान्त विलासी
हामीलाई गिज्याई
बोली दे हे पत्थर बस्छस्
तत्व तँ कस्तो पाई ?
भुली, न हेरी, न शुनी, न जानी,
एक, अकेला, एकान्त,
ठक्कर ठेसहरूले न दुःखी
आँशु न झारी, शान्त !
न गरी केही, चर्चा छोडी,
त्यागी प्रश्न विशाल,
अन्तरीक्षमा पृथिवीसँग घुमि
छाडि विचार र जंजाल;

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्त अचल भै मौन, अकेला,
जगस्थितिको आधार,
के यही हो जीवन सत्त्व ?
सुख दुःखहरूको पार ?
थाकी थाकी बीच राहमा
देखी तेरो मस्ताना
तेरा हँस्सी मानव गतिमा,
अन्वेषणमा नाना,
थाकी थाकी बीच राहमा,
सोध्छौं हामी पाषाण !
के हो आखिर शान्ति ? कतातिर
क्लान्त पथिकको आराम ?
तेरो मौन र वेपर्वाही
शंका भर्छ मलाई !
पयर अडाउँछ, प्रश्न उठाउँछ
सोध्दछु आज तँलाई !
अहा ! हरे के छैन कि बोलि
मानवजीवनलाई ?
खोजनु, रोजनु, थाकि अकेला
एक सहाय न पाई !
तैपनि पसिना, पथर गलेका,
हृदय दुःखी र हताश,
उपर मलाई भन्दछ केले
केहि खुलाइ आश !
काँढा कुल्चनु, दुःखमा चल्नु
खोजनुमा छ मिठास !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्वेषण नै जीवनको हो
एक विचित्र विलास !
चल्न शक्नू, गति हुनु केहि छ
बरू होस् दु:खको मार !
कलिलो हुनु होस, रसिलो हुनु होस्,
बरू सताओस् संसार !
गुलाव बन्नू दिनभरलाई
बरू होस् साँझ-प्रहार !
देवताको आकृति पाउनु
वरू बोक्नु गिरिभार !
शुभ विलौना, आँशु वहाउनु,
हिस्सा होस् जगक्लेश,
खोजनु थाकी, बस्नु न सित्तै
मौन, कडा, विनु सन्देश !

— लक्ष्मी

13

Stone

Joys, sorrows, deaths and care
Have no influence on thee !
Though hast no diseases. death, and
The fears therof which tease the delicate flesh.
Blind is thy life
Carefree, selfabsorbed, and indifferent
But the human mind is to bear
And to burn with the vast lamentation
of the world

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Does the vast problem of the world ever cross thee ?
These big questions of life,
And the heavy hardships of the path
To be pursued alone !
Does the terror of the vast make thee nervous ?
Does this law of the inexorable ever make thy
    hopes shudder ?
Does the vision of the before and the after
    ever tease thy life ?
Mute and steady, and quiet thou sittest
And the days circee over thee

We, who have motion
are ever in search of
    peace and happiness
Speak, O stone, how dost thou sit here ?
    With what principle to stand on ?
Ever forlorn, ever fatigued
Cast on thorns and thistees
Yet thou sittest motionless
In quiet luxury laughing
    Over us all !
Forgetting, refusing to see and to hear and to know,
One, alone and remote
not feeling stumples ond shocks,
Without a lear unperturbed
not going any thing,
giving up all tests

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

and all quests and the vast problems
rolling with the earth the and days away
from thoughts & their net works is if
the true principle of life,
to live above joys and sorrows
quiet unmoved silent and alone
dependent upon the law of the world.

Tired in the midpath
I see thy perfect and superp
in difference
I see thy smile at the
tidious of human beings and their varied quests.

Tired in the mid path
We ask thee, o stone
What then is peace after all ?
Where then is the Rest for
the fatigued way fear

Thy silence and thy indifference
fill me with doubts
arrests my steps, raises my questions
and I imploringly inquire
        off thee.
Ah ! Is there no voice for human life ?
No word
Is it all a searching and a choosing without a help.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१४

म गएँ घुँदै दूर कतैतिर
    उपवन
एक पहाडी उपत्यकामा
    यकदिन
फूल फुलेका रंगिविरंगी
    फनफन
नाला चल्दा हरियालीमा
    गुनगुन,
चरा भरीभर वनको मुटुमा
    चिरविर,
बादल घाम लुकामारी
    छिरविर,
शिखरहरूका वुर्जा सुन्दर
    देवहरू
शान्ति वर्लदा जुनको चादर
    खस्छ गह्रुँ
पालुवामा कलिला पहिला
    चारुतरू,
कोकिल काँही बोल्दछ केही
    वसंत वरू
म गएँ यौटा एकान्त सरी
    चारू कुना
वनको मुटुमा, कोमल आसन
    सानु मुना,
त्यहाँ निदाएँ सपना देखैं,
    हृदय भुल्यो,
हवा सुशीतल मन्द मधुर
    स्वप्न फुल्यो
निद्रैमा वसि गीत अनेकौं
    वरपर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गाइ रहँछू, मानो जलको
मरमर
पातहरूले ढाकिइ जलको छाल
केवल गान
मात्र हवाको तरंग वने भैं
स्वप्निल तान,
विउँभौं देखेँ अवेर भएको
अस्ताचल
लालि हराइ अँधेरि रहेको !
थोपा जल !

14

I went wandering far away into a a garden
in a valley one day.
Flowers of various hues were there.
The rive murmured as they
meandered through the green.
The birds filled the heart of the wood
with warble
And the cloud played at hide and seek
with the sun making shadows and lights
Peaks rose like turrents
and the angels were there
And as peace descended, her scarf of moonlight
fell heavily down
Lovely trees were in their
first, soft sprouts
somewhere the cuckoo spoke something or rather

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

as it was the spring.
I went into a fine corner
which was like solitude
in the heart of the garden
where there was a soft couch of blades
there I slept and dreamt.
My heart rocked.
The air was cool, slow and heavy
A dream bloomed therein
In my sleep, I sang unconscious songs
Many were they like the murmur of a brook
covered over with leaves
So that only waves of lovely filled the air
like dreamy notes
I woke and found it late
The rose was fading
on the western peak into the
approaching shadows
Just a drop !

१५

साधु

जस्को जगमा घाम छ रविको,
जस्को हृदय छ फूल,
जस्को छाति पहाड छ, पत्थर,
तर छ दयाको मूल,
मनमा जस्को हानि न घुस्दछ,
जस्का मृदुल विचार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फैलि हवामा दिन्छ सुगन्ध,
जस्को कठिन छ पार,
जस्ले जिउँदछ भाव र भाषा,
सम छन् पहुँच र ताक;
तैपनि उन्नति, तैपनि आशा
स्वर्ग र घर छ मिलाप !
शान्त, छुटेको शङ्का, जगकन
पछि पाई सन्तोष,
आफ्नो रूप विचारि रहेको,
राखि जगत्को होश !
न अति छुटेको, न अति टुटेको,
जगमा बसिकन एक,
उडानहरूमा तत्पर भइकन
राख्ने जगतविवेक !
अरूभन्दा पर, दूर अलीकति,
अन्तः करण सफा
जग मै बसिकन स्वर्ग पुगेको
त्यहि हो साधु अहा !

15

Saint

There is a sun's light in his world
His heart is a flower. His breast is adamant,
But is the fountain head of sympathy.
No harm runs into his mind.
His thoughts are soft and lend fragrance to the air

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

It is hard to find his limit
He lives his emotions and his words
Equal in his reach to his aim,
Yet there is progress and hope
And the blend of home and heaven
Calm, doubts resolved, he gets contentment
After a study of the warld
He is always trying to see himself
And yet he is on is guard
in the world.
Neither too much detached. mor too much renunciatory
Alone in the world he lives;
Ready for flights, and
Yet keeping the good sense of the world.
A lit away from others
A lit farther with a clear conscience
He lives in the world and
Yet he is in heaven
Such is the true saint

२३

स्वदेश

मुटुको रसले फुल्दछ उपवन,
सपना वादल भेष
लिइकन न्यौछावर गरि चल्छन्,
हरियो हुन्छ स्वदेश !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चल्दछ एक सुवास हवामा
जीवनको अति बेस,
चिडिया अरू ता आए, गाए,
कोकिलको सन्देश !

23

Mother Country

The juice of the heart waters the garden into bloom
Dreams take the part of clouds.
Which sacrifice themselves to make the
mother country green

A frangrance moves in the wind
of a life lived nobly
Other birds come and sing
But it is the cuckoo
that sings the a message.

२४

क्षण

क्षणमा पाउनु दिव्य अनन्त,
अल्पैभित्र विशाल,
दाना भरमा पूर्ण मनोहर,
कणमा सागर, छाल;
दुई दिन कस्ले भन्दछ जीवन ?
दिव्य शिखाको राप

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्षणकन दिन्छ शिंगार विचित्र
छविले युगका लाख !
क्षण र पलाको सुन्दर जगमगि
जीवनको श्रृंगार,
अमित र अमर जुहारतक
जागृत क्षण छ अपार !

24

To get the divine Infinite in a moment
the vast in the little
the Full charm in the very grain;
and the ocean and its wave
in a tiny drop !

Who calls life a things of but a day ?
the heat of the flame divine
glorifies the little moment
With the light of ages

the beautiful blazes of moments and seconds
are the very wealth and adornments of life
the heightened and awakened moment
is the priceless gem which is the...........?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बौद्धवादी केन्द्रिय एसियाका जनताहरूको मध्यकालीन संस्कृति तिब्बती साहित्यको इतिहासमा नीतिशास्त्रहरू

– एन. डी. वोल्सो खोयेमा

"नीतिशास्त्र" नामले प्रख्यात नीति-शिक्षाका रचनाहरूले तिब्बती साहित्यमा ठूलो प्रभाव पारेको छ किनकि यिनीहरूका वौद्धवादका आचारनीति जनसमुदायहरूलाई स्पष्ट बुझिने किसिमले दिइएको थियो । त्यसैले तिब्बती अनुवादमा भारतीय नीतिशास्त्रको अध्ययनले केवल तिब्बती मात्रै नभई मंगोल तथा बुन्यातहरूको ललित साहित्यमा कस्तो प्रभाव पारेको थियो भन्ने कुरा निश्चित गर्न सहयोग गर्दछ । आंशिक रूपमा नीतिशास्त्रको अनुसन्धानले भारतीय शास्त्रसँग सम्बन्धित त्यस्ता पाण्डुलिपीहरू जस्तै शाक्य पण्डितहरूका "सुभाषिता" १३ श.गौ-चौग-दान्वी-दौन्ये का वृक्ष र जल वारेको शास्त्र १८ श. जस्ता विभिन्न काल अवधिका तिब्बती साहित्यमा यिनीहरूको प्रभावको चरणको विश्लेषण गर्न सहयोग गर्दछ । नीतिशास्त्रहरू संस्कृतबाट अनुवाद गरिएका हुन् तर त्यसमध्येका वहुसंख्यक मूल ग्रन्थ हाल संरक्षित छैनन् । यस्ता पाठहरू जस्तै मासुराक्षिको 'नीतिशास्त्र' रविगुप्ताको "अर्थकोष" भारारूचीको "शतगाथा" (३७,४०) मूलपाठ विलीन भएका छन् ।

भारतीय नीतिशिक्षाका रचनाहरू तिब्बतमा यति लोकप्रिय भएका थिए कि तिब्बती बौद्ध विधि दान्जुरमा यिनीहरूलाई समाविष्ट गरिएका थिए । यी कृतिहरूको तिब्बती भाषामा अनुदित भएको ठीक तिथि तोक्न प्रायः असंभव छ । कठिनाइ सर्व प्रथम यसमा छ कि तथाकथित लीजाव तथा भारतीय पण्डितहरू जस्ता तिब्बती अनुवादकहरूको जीवन बारेमा सहि तथ्यांक प्रायः फेला पार्न सकिँदैन, जसलाई तिब्बती भाषामा संस्कृतका पुस्तकहरू अनुवाद गर्न तिब्बतमा निम्त्याइएको थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्पष्ट छ कि अनुवादकहरू पाल्चैग तथा एशेइ-दे तिश्रो–दैत्सानका छोरा राजा साद्न लेगको समकालिक थिए । यिनीहरू ८ औं शताब्दीको उत्तरार्ध तथा ९ औं शताब्दीको पूर्वार्द्धका थिए । पाल्वेगले पान्तान–कामेद प्रासादबाट गार्चाग पान्तान– मा प्राप्त टेवस्टबाट क्याटलग बनाएका थिए तर यी आज प्राप्य छैनन् (५, १२३, ६, १, १३) अनुवादकहरू रिन्चेन-सान्पो ९५८ १०५५ जसले काश्मीरमा शिक्षा हासिल गरेका थिए तथा न्गारी स्थित थौलिंग गुम्वामा अनुवाद कार्य गरेका थिए र शाक्य लोदोइ मगधस्थित विक्रमशिला विश्व विद्यालयका वैज्ञानिक आतीश (९८२-१०५४) का समसामयिक थिए । यसको अलावा तिन सान्पो आतीशका शिष्यहरू मध्ये एक थिए । अनुवादक वाल्जी-ल्हुन-पौदे नवौं शताब्दीको उत्तरार्द्ध र दशौं शताब्दीको पूर्वार्धका थिए र अनुवादक चौइजी-सेइएव एघारौं शताब्दीका थिए (२९, ५१-५२, ३३, ४७) ।

यी परोक्ष तथ्यांकहरू हेर्दा यो निश्चित गर्न सकिन्छ कि ९-११ औं शताब्दीको बीचमा भारतीय नीतिशास्त्र तिब्बती भाषामा अनुदित भएका थिए ।

तिब्बती बुद्धवादी विधि दान्जुरमा "नीतिशास्त्र" नामक प्रख्यात आठ मूल पाठहरू समाविष्ट छन् (tibetan lugs-kyi bstan-bces)

<u>१. सतः हितोपदेश कविताको रचनाः</u> – यसको नामले नै बताए जस्तै यी १०० चतुष्पदीबाट बनेको छ । प्राक्कथन अनुसार यसको लेखक भारतीय दार्शनिक नागर्जुन थिए त तिब्बती भाषामा यसको अनुवाद भारतीय वैज्ञानिक सर्वाजन्यादेव तथा तिब्बती लौज्जादा पाल्वेगद्वारा गरिएको थियो । यो रचना वोधिसत्व तथा 'अर्थशास्त्र' का लेखकको प्रशंसाबाट शुरू भएको छ । जसबाट यस कृतिको कौटिल्यको कृतिसँग प्रत्यक्ष सम्बन्ध भएको पुष्टि गर्दछ । नागर्जुनको 'एकशय हितोपदेश"को मुख्य उद्देश्य चतुष्पदी बौद्ध अभिव्यक्ति रूपमा "अर्थशास्त्रको" प्रमुख बुँदाहरू प्रष्ट्याउने तथा शास्त्रहरूलाई घरायसी फाइदा र उपयोग बारेमा सिकाउने भनि बताइएको छ ।

कौटिल्यको विचारमा राजाले जसको लागि राजनीतिको रूपरेखा तयार पारिएको हो जीवनका तीन मुख्य मुख्य उद्देश्य तथा तत्त्व पालन गर्नुपर्छः– जस्तै धर्म, अर्थ, र काम तर अर्थलाई कौटिल्यले बढि महत्त्व दिएका छन् किन भने अर्थले नै नेतृत्वदायी काम गर्दछ । नागर्जुनको कृति यस अनुरूप बाँडिएको छैन । किन भने "एकशय उपदेश"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मा मुख्यतया राजनीति तथा राज्य सन्चालन गर्ने जस्ता प्रश्नहरूमा ध्यान दिइएको पाइन्छ । जस्तै राजाको आचरण मन्त्रीहरूको स्थान र उत्तरदायित्व राजाका मन्त्रीहरूको आवश्यक गुण, सल्लाहकारहरूको उपयोगिता तथा राजाको मातहत कर्मचारीहरूको सम्बन्ध आदि । अन्य शब्दमा भन्ने हो भने "अर्थशास्त्र"को प्रथम अध्ययन "आचरण नियम" का प्रश्नहरूसँग सम्बन्धित छन् । यस हितोपदेशको वहुसंख्यक भागले शासकलाई घरायसी फाइदा तथा उपयोगिताको बारेमा सिकाइएको छ, जुन कि उनको सहयोगीहरूको सल्लाहकार सभाद्वारा प्राप्त गरिन्छ र राजाको सत्ता सम्बन्धमा आवश्यक सल्लाहकारहरूको छानविन गर्दा अति होसियारी तथा बुद्धिमत्तापूर्वक गर्नुपर्छ तथा त्यस्तालाई मात्रै लिनु पर्छ जसले वास्तविकतामा नै फाइदा गर्न सक्तछन् ।

एक दुई चतुष्पदीमा त विवेकशील र साधारण फलदायी मानिसको तुलनात्मक दृष्टिबाट हेरिएको छ ।

<u>२. प्राचीन हितोपदेश</u>ः– रचनाको प्राक्कथनमा भनिएको छः– नीतिशास्त्र जसलाई प्राचीन हितोपदेश भनिन्छ, दोश्रो भाग नागार्जुनद्वारा संगृहित गरिएको हो । यस कृतिको प्रथम भाग पनि थियो भन्ने कुरामा कुनै पनि प्रमाण छैन । भारतीय वैज्ञानिक एस.के. पाठकले सहि उल्लेख गरेका छन् । कि प्रथम भाग "एकसय हितोपदेश हो" जुन पहिले नै समावेश गरिएको थियो । त्यसैले प्राक्कथनमा उल्लेख गरिएको छैन कि यो नै प्रथम भाग हो भनेर । एस.के. पाठकले दुवै पाठको संस्कृति नामका प्रथम शब्दको आधारमा आफ्नो अनुमान गरेका हुन्, जसको लेखक नागार्जुन भनिएको छ (३३, ३८) । जुन कि तिब्बती अनुवादमा "छ-दास" हुन जान्छ ।

नार्तान्स्क र पेकिंगबाट प्रकाशित यस शास्त्रको प्राक्कथनमा अनुवादकहरूको नाम रहेको छैन । "नीतिशास्त्र"को देर्गस्क प्रकाशनको प्राक्कथनमा जसको नाम "प्राचीन हितोपदेश" रहेकोछ, अनुवादकहरू भारतीय पण्डित शिलेन्द्रवोधी र एशेइ-दे भनिएका छन् । "प्राचीन हितोपदेश" मा मुख्यतया चतुष्पदीकः २६० विभिन्न पद भएका कविताहरू समावेश गरिएका छन् ।

ग्रन्थ परिच्छेद विभाजित छैन, जसमा चतुष्पदीलाई विषयगत वर्गीकरण गर्न सकिन्न । किन कि आफ्नो विषयसूची अनुसार यो उपदेश जीवनका विविध पक्षसँग सम्बन्धित कुराहरूलाई प्रस्तुत गरिएको छ ।

<u>३. मानिसलाई तिर्खा मेटाउने थोपाः</u> – मूल पाठको प्राक्कथन मुताविक यस शास्त्रको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखक भारतीय दर्शनशास्त्री नागार्जुन मानिन्छ । तिब्बती भाषामा अनुवाद पण्डित शिलेन्द्रबोधी तथा तिब्बती लौच्जावा इशेइ-दे ले गरेका हुन् ।

नागार्जुनले आफ्नो रचना मन्जुश्रीको प्रार्थनाबाट शुरू गरेका छन् चतुष्पद नं. १ । यस "मानिसलाई तिर्खा मेटाउने थोपा" मा ९० कविता समावेश गरिएको छ जसमध्ये ७८ चतुष्पद (५२ ८४ ८५) तृपद (५०, ५१, ६८, ७१, ७७, ७८, ८६ र ८९) पञ्चपद ५९– षष्ठपद छन् । मूलपाठमा परिच्छेद मुताविक विभाजन छैन ।

कविताहरूमा मुख्यतया चार प्रश्न छन् ती हुन्– प्रत्यक्ष र सत्यवान हुने, शास्त्रको अध्ययन गर्ने शास्त्रको ज्ञान मुताविक असल काम गर्ने, कुनै पनि ढिलासुस्ती तथा आलस्यविना काम गर्ने ।

४. कविताहरूको वहुमूल्यताः– मूलपाठ १४४ सतपदीय चतुष्पबाट बनेको छ । यी कविताहरूको वहुमूल्यता निमा-वापाले तयार पारेको र तिब्बती भाषामा जन्मनाशन्ति तथा तिब्बती अनुवादक वल्जी लहुन-पो-डेले अनुवाद गरेका हुन् भनी प्राक्कथनमा भनिएको छ ।

रचना नीतिशास्त्रको नियम मुताविक मन्जुश्रीको प्रार्थनाबाट शुरू हुन्छ ।

५. सय कविताहरूः– प्राक्कथन अनुसार यसका लेखक चौज-रेड हुन् तथा अनुवादकहरूमा भारतीय वैज्ञानिक विनयचन्द्र र तिब्बती लौत्जावा चोइफी शेइराव थिए । रचना तीनवटा वहुमूल्य पदार्थको प्रार्थनाबाट शुरू हुन्छ । त्यसपछि कवितामा असल मान्छेको गुण तथा खराबको अवगुणबाट शुरू हुन्छ र उदात्त कार्य गर्ने र धनी मानिसलाई एक आपसमा तुलना गरिएको छ ।

६. वहुमूल्य हारः– प्राक्कथनमा भनिएअनुसार "वहुमूल्य हार" नामक रचना दन्योद-दांर शिक्षकले गर्नुभएको हो । तिब्बती भाषामा भारतीय वैज्ञानिक कमलगुप्ता तथा तिब्बती लोच्जाबा रिन्चेन-सान्तोले गरेका हुन् ।

यो "नीतिशास्त्र" ३७ चतुष्पदबाट बनेको र यसमा पारिवारिक उपदेश समाविष्ट छ ।

७. चाणक्य नीतिशास्त्रः– यसको लेखकत्व मौर्यवंशका चन्द्रगुप्त नाम गरेका राजाका प्रख्यात मंत्री विष्णुगुप्त वा कौटिल्य मानिन्छ ।

संस्कृतमा "चाणक्य नीति शास्त्र" आठ किसिमको छ, जुनकि गद्य र पद्यमा लेखिएको छ । परन्तु एउटै पनि तिब्बती किसिमको चाणक्य नीति शास्त्रसँग मिल्न जाँदैन जुन दान्जुरमा समाविष्ट छ ।

'चाणक्य नीतिशास्त्र'लाई तिब्बती भाषामा भारतीय वैज्ञानिक प्रभाकर श्रीमित्र तथा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिब्बती लोचजावा रिन्चेन-सान्पोले अनुवाद गरेका हुन् ।

मूल पाठ २५४ चतुष्पदबाट बनेको छ र ८ भागमा विभाजित छ जसको परिच्छेद छैन । प्रथम भागमा २३ चतुष्पद द्वितीयमा– ३३ तृतीयमा–३१ चतुर्थमा १७ पञ्चममा– २५ छैठौंमा २३ सातौंमा २९ र आठौंमा र ८३ ।

प्रथम भागमा नैतिक नियम अनुसार काम गर्ने सल्लाह दिइएको छः– आफूलाई पनि नहोस् भन्ने ठानेको कुरा अरूलाई पनि नगर्ने । दोश्रो र तेश्रो परिच्छेदमा राजालाई कसरी आफ्ना भाइ-भारदार छान्ने भन्ने सल्लाह दिइएको छ । चारौं र छैठौं परिच्छेदमा राजाका मन्त्रीहरू तथा दूतहरू कस्तो गुणले भरिपूर्ण हुनुपर्छ भन्ने कुरा उल्लेख गरिएको छ । सातौं र आठौं परिच्छेद विभिन्न विषयमा चतुष्पद समाविष्ट छ जुन कि असल कार्य खराब राजाको चरित्र विश्लेषण तथा राज्यको सुरक्षा आदि ।

<u>८. नीतिशास्त्रः</u>– प्राक्कथनमा लेखक मसुरक्षा हो भनी दिइएको छ तिब्बती भाषामा भारतीय वैज्ञानिक धर्मश्रीभद्र तथा तिब्बती लर्गनजावा शाक्य-लौदौइले अनुवाद गरेका हुन् ।

कृतिले १२८ चतुष्पद समावेश गरेको छ जुन ७ भागमा बाँडिएको छ । परिच्छेदको नामाकरण गरिएको छैन । प्रथम परिच्छेदमा कसरी साथी खोज्नुपर्छ भनी सिकाएको छ । दोश्रोमा कसरी ज्ञान प्राप्त गर्ने भन्ने विचार पोखिएको छ । तेश्रो-पाँचौं परिच्छेदले खराब मानिस र शत्रु सँगको संघर्षमा के कस्तो कार्य गर्नुपर्छ भन्ने कुरा उल्लेख गरिएको छ र छैठौं र सातौ परिच्छेदमा राजाका मंत्री तथा दूतहरूको लागि नियमहरू दिइएको छ । 'नीतिशास्त्रहरू" काव्यको रूपमा लेखिएको छ । तिब्बती पद्य रचना सिल्ल्याविक पद्धतीको छः फरकताको पाप सर्व प्रथमतः कवितामा भएको शब्दांशको संख्या तथा वास्तवमा सिल्लविक मैट्रिकको मुख्य सिद्धान्त कविताको समान जटिलता प्रस्तुत गर्दछ । 'नीतिशास्त्रको मैट्रिर्कका फरक पर्ने इकाई नै हरफहरू कविता वा भारतीय परिभाषिक शब्द अनुसार पद हो । ४ पदले चतुष्पद-हरफ सम वेश गर्दछ । वास्तवमा हुन पनि रूली अनुवादमा हरफहरूको संख्या तिब्बती मूलपाठसँग नमिल्न पनि सक्तछ ।

"नीतिशास्त्रहरू" त्यस्तो किसिमको नैतिक शिक्षाका कृति हुन् जुन कि कुनै निश्चित सौन्दर्य शास्त्र मुताविक छ । प्रत्येक पाठ चतुष्पदका विभिन्न संख्याबाट बनेको हुन्छ र सात नौ, एघार तथा तेह्र शब्दांश कविताहरू समावेश भएका हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'नीतिशास्त्रहरू' दुई नियमका सिद्धान्त (lugs gnyis)[3] अनुसार रचना गरिएका हुन्छन् र यसले आध्यात्मक आनन्द धर्म गुरूका साथै सबैलाई दिन्छन् । नीतिशास्त्रको चतुष्पद वास्तवमा दुई द्विपदमा विभाजित हुन्छन् । प्रथममा प्रमुख विचार व्यक्त गरिन्छ र दोश्रोमा काव्यात्मक रूपले सजाइएको हुन्छ र साहित्यिक तुलनाद्वारा जोडिन नसक्ने विचार दिएको पाइन्छ ।

Skye-bo ngan-pa snyan snra yang, di-la yid brtan rung ma yin rma bya sgra snyan sgog-na yang sha dug chen za-be ying.
खराब मानिसले मिठामिठा कुरा गरे तापनि त्यस्तोमा भर पर्नु हुन्न । मयूरको आवाज अतिनै सांगितिक छ तापनि यसको मासु अति नै उत्तेजक हुन्छ (१८, १७६)[4]

यूरोपीय तिंब्बतीशास्त्र-साहित्यमा "नीतिशास्त्रहरू" विशेष रूपले अध्ययन गरिएका छैनन् । यसको अपवादत्यही 'नीतिशास्त्र' छ जसको नाम "प्राचीन हितोपदेश" छ जसको तिब्बती पाठ अँग्रेजी भाषामा अनुवाद गरेर छोटो भूमिका सहित भी.एल. केम्वेलले सन् १९१९ मा कलकत्तामा प्रकाशन गरेका थिए ३४ ।

भी. एल. केम्वेलको अनुवाद पछि "नीतिशास्त्र" मा लामो समयसम्म ध्यान गएन । सन् १९७४ मा मात्रै भारतीय वैज्ञानिक आर. के. पाटकको "तिब्बतमा भारतीय नीतिशास्त्र" नामक सूचनामूलक कृति प्रकाशनमा आयो ३३ । "नीतिशास्त्रहरू" को बारेमा छोटो जानकारी एल. स्टेर्नवारन ३६ को ग्रन्थ तथा ए. इ. किवानोमको लेखमा प्राप्त गर्न सक्तछौं (१०, २०१, २०२, २०३, २०५) ।

भारतीय नैतिक तथा शिक्षात्मक लेखहरूको लेखकत्व सहि रूपले तोक्न कठिन छ । लेखकहरूको नामबारेमा हामीहरू केवल प्राक्कथनबाट जानकारी हासिल गर्न सक्तछौं यिनीहरूका कृति कुन समयसँग सम्बन्धित छ भनेर सहि तिथि तोक्न सकिन्न । परंपरा अनुसार "नीतिशास्त्रहरूका संकलन ७८०-९८०, १०-२०२ का वर्षहरूमा सरचना गरिएका थिए ।

भारतीय नीतिशास्त्रहरूको अध्ययनले यो देखाउँछ कि– भारतीय कहावत शाब्दिक रूपमा वा केही रूपान्तरद्वारा विभिन्न श्रोतहरूमा वृहद् रूपले प्रयोग गरिन्छ एक कृतिबाट अर्को कृतिमा हस्तान्तरित हुन्छन् । सारत्व अनुसार यी एक आपसमा मिल्दछन् हुन त यिनीहरूको लेखकत्व पौराणिक नियम निर्माता मनु र चाणक्य नै हो भनिन्छ (७, ६) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भारतको लिखित शिलालेखहरूमा शिक्षापद् साहित्यले ठूलो स्थान ओगटेको छ। यी हुन् विभिन्न कथा कहानी चुटकिला भएका कृतिहरू। यस्ता संग्रहमा "पन्चतन्त्र" तथा "हितोपदेश" पर्दछन्। बुद्धको पुनर्जन्मको बारेमा जातक कथाहरू अर्ति दिने चरित्रका छन् जसले बौद्धपरंपरामा लोककथा चरित्रको प्रथम लिखित अभिलेख हो र पालीको "त्रिपितक" तीन टोकरीमा समाविष्ट छन्।

तिब्बती शिक्षामय साहित्य बुद्धवाद सँगसँगै तिब्बतमा गएको प्राच्य भारतीय साहित्यको प्रभावबाट देखा परेको हो।

तिब्बती लेखकहरू प्राय उनीहरूको पूर्वजहरूद्वारा प्रस्तुत गरिएका सामग्रीहरू हुन्थे मूलपाठभित्र त्यस्ता परिवर्तन थिए जसमा लेखकले मुख्य विचार मात्रे लिई मुख्य लालित्य विस्तृत रूपले थपिएको हुन्छ। मूलपाठका भागहरूमा ठाउँहरू अदली बदली गर्दछ तथा प्रख्याती पाइसकेको चरित्रचित्रण तथा कथा वस्तुलाई प्रयोग गर्दछ– कुनै पनि लेखकको मौलिक कृतिको चरित्र वा विधि विकासको सामान्य नियमले शर्तयुक्त बनाइएका हुन्छन्। तिब्बती लेखकको कृतिगत विशेषता जान्नको लागि तिब्बती ग्रन्थ शाक्य पण्डितका "सुभाषिता"का हरफहरू भारतीय "नीतिशास्त्र"को तिब्बती अनुवाद प्राच्य भारतीय साहित्य 'पञ्चतन्त्रहरू' तथा 'हितोपदेश' जस्ता अभिलेखका साथ अन्य जातकसँग पनि तुलना गर्न सकिन्छ।

"शुभाषित"का अन्वेशकहरूले आफ्ना कृतिहरूमा वारंबार यी रचनाहरूको भारतीय शिक्षागत कृतिहरूसँग मिल्दोजुल्दो भएको कुरा दर्शाएका थिए (३६, ५, २४, २३१) भने "पञ्चतन्त्र" (३७.१६) तथा हितोपदेशका (३४, ६.) केही उपदेशहरूसँग पनि मेले खान्छ। "शुभाषिता" देख्दाखेरी के कस्तो सामग्री प्रयोग गरेका थिए भनेर शाक्य पण्डितले उल्लेख नगरे तापनि तर आफ्नो इन्भोकेशनमा लेखेका छन् कि उनले नागार्जुनको शैक्षिक कृतिहरू प्रयोग गरेका थिए। त्यसको अलावा शाक्य पण्डितलाई अन्य शिक्षागत कृतिहरू राम्रोसँग थाहा थियो। यही बारेमा उनको जीवनी भनेर लेखकको भनाइ छ। गुन्तान विहारका वैज्ञानिक शाँग जल्वा-पाल लिखित जीवनमा भनिएको छ "चाणक्यको" 'नीतिशास्त्रको" तथा 'मानवलाई तृप्ति पार्ने थौमा" शास्त्र पढिसकेपछि 'शाक्य पण्डित ललित उपदेशहरूका सुभाषिताको मूल्यताहरू संरचना रे (२१ २८१ ए १)। यो पुरै तर्कयुक्त छ कि शाक्य पण्डितहरूको लागि र केही हदसम्म त" नीतिशास्त्र श्रोत नै भएको थियो जुन कि तिब्बती बौद्ध विधिमा समाविष्ट छन्। यस सन्दर्भमा भारतीय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"नीतिशास्त्र"लाई तिब्बती अनुवादमा "शुभाषिता"बाट केही त्यस्तै कविताहरूसँग तुलना गर्न सकिन्छ । मूलपाठहरूको सामिप्यता बढि स्पष्टरूपले प्रस्तुत गर्न सकिन्छ तिब्बती मूलपाठहरूलाई ल्याटीन अक्षरमा प्रस्तुत गरेर यदि चतुष्पदि "नीतिशास्त्रै" तथा "शुभाषिता" लाई मूल रूपमा उतार्ने हो भने ।

थोपा जसले मानिसलाई तृप्ति पार्छ :

Shes nab bdan-pa lus-cung yang
der thabs çan gyis brayas mi bya
dpr na blo gasl ri-bong gis
Seng ge srog dang bral-ba bzhin

बलियोले असललाई अवहेलना गर्नु हुँदैन यदि उ कमजोरी भए तापनि ।
उदाहरणः चन्ख खरायोले सिंहलाई मारिदियो (२, १७७ वि[4])

"प्राच्य उपदेश"

yang-lo blo-yod de stoba ldan
blo-med stobs-kyis ci zhing bya
ci-zhing seng-ge stobs dang ldan
ri-bong gis ni srong dang bral

जो बुद्धिमान् छ त्यही वलवान हुन्छ
पूर्ख केवल आफ्नो वलद्वारा केही काम मात्रै गर्न सक्छ
वलवान् सिंह खरायोद्वारा मारियो (२१, १६९ ए[4-5])

"शुभाशिता"

blo dang ldan na nyams cung yang
stoba ldan dgra bos ei byar yod
ri drags rgyal-po stobs ldan-pa
ri bong blo dand ldan pas bsad

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कम शक्ति तर वुद्धिमान
वलिया शत्रुले पनि हटाउन सक्तैन
एवं वलवान जंगलका राजा
खरायो द्वारा मारिएको थियो ५ (२४, १ नं. २५)

"प्राच्य उपदेश"

rgyal-po dang in yon-tan ldan
de gnyis idra-pa ma yin te
rgyal-po rang-gi ynl-ne bkur
yon-tan ldan-pa kum tu kbur

स्वदेशे पूज्यते राजा
विद्वान् सर्वत्र पूज्यते । (२१, १७१, ६)

"सय कविताहरू"

rgyal-po yong - tan lden-pa gnyis
mnyan zhing dgra na pa ma yin te
rgyal- pa rang gi ynl na khur
yon - tan ldan - pa kun - tu khur

राजा तथा असल गुणसम्पन्न सत्य मानिस
उनीहरूको शत्रु नभए तापनि एक आपसमा एकै किसिमका हुन्छन्
स्वदेश पूज्यते राजा सत्यवान सर्वत्र पूज्यते (२६, १८६ वि[6])

"शुभाषिता"

rgyol-po rang ynl ehe-ba tsan
dam-pa gang du phing sar bkan
me - ton phel cher nyin vei rgyan
gtsug gi nor - bu gang du'ng mchod

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजा आफ्नो मुलुकमा मात्रै महान् हुन्छ
पवित्रलाई सर्वत्र मान्दछन् उ जहाँ कहीँ किन नजाओस
फुल एक दिन मात्रै सुन्दर देखिन्छ
वहुमूल्य मुगा जहाँतहीँ मूल्यवान् हुन्छ (२१, ११ नं. १३)

यस्ता किसिमका उदाहरणहरू प्रशस्त दिन सकिन्छ तर यो कुरा बुझ्नको लागि पर्याप्त छन् कि भारतीय उपदेशका केही अंशहरू शाक्य पंण्डितहरूको रचनाहरूमा प्रयोग गरिएका तथा परंपरागत विचारबाट आफ्ना विचार र अनुभव प्रकट गरिएका कुरा "सुभाषितताबाट" एक उदाहरण प्रस्तुत गरी "प्राच्य उपदेश" चाणक्य नीतिशास्त्र" तथा त्यस्तै किसिमका नीतिशास्त्रहरूका चतुष्पदसँग तुलना गर्न सकिन्छ ।

"प्राच्य उपदेश"

rgyal-po nor sogs ngoms-pa ned
mkhas-pa legs-bshad kyrs mi ngoty
rgya-mtsho chu yis ngoms pa med
dzing rten sdng la bltas mi rgoms
धन दौलतले राजालाई तृप्त पार्न सकिन्न
असल अर्तिको अंशबाट राम्रो मानिसलाई तृप्त पार्न सकिन्न ।
महासागरलाई पानीले तृप्त पार्न सकिन्न
संसारलाई दुःखले तृप्त पार्न सकिन्न । (२१, १६७, १)

"चाणक्य नीतिशास्त्र"

rgyal-po nor gyis ngoms med cing
rgyal-pa nor-bu sogs ngoms-pa med
rgya-mtsha chu yis ngoms- pa med
mkhas-pa legs bshad kyis ini ngoms

जुहारतद्वारा राजालाई तृप्त पार्न सकिन्न
वहुमूल्य पदार्थ तथा अन्य सामानद्वारा राजालाई तृप्त पार्न सकिन्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पानीले महासागर तृप्त पार्न सकिन्न
राम्रा अर्तिबाट असल मानिसलाई तृप्त पार्न सकिन्न (२५, १, १९४६[4-5])

"सुभाषिता"

rgya-mtsho chu yis mi ngoms shing
rgyel-po'i bang mdzod nor gyis minl
dod yon shyang-pas-mi ngms te
mkhas-pa legs-bshad kyis mi rgom
पानीले समुद्रलाई तृप्त पार्न सकिन्न ।
राजाको ढुकुटीलाई बहुमूल्य पदार्थद्वारा तृप्त गर्न सकिन्न
असल उपदेशद्वारा राम्रो मानिसलाई तृप्त पार्न सकिन्न (२४, १ नं. २९)

"सुभाषिताको" परिच्छेद ५ नं. २३ को चतुष्पदी पट्टि ध्यान देऔं ।
को खराब स्त्री खराब साथी
खराब राजामा भर पर्दछ
चंख मान्छे के सदा वनमा बस्न चाहन्छ
जहाँ जनावरहरू बस्दछन् (२४, ५, नं. २३)

आफ्नो विषयानुक्रमणिका अनुसार प्रथम हिचडी "सय कविताहरू" चाणक्यनीतिशास्त्र" तथा "प्राचीन हितोपदेश" सँग मिल्दाजुल्दा छन् । यो प्रष्ट होस् भन्नाको लागि चतुष्पदीका तिब्बती भाषामा अनुदित रचनाहरू ल्याटीनीभाषामा प्रस्तुत गरौं ।

"शत कविताहरू"

yul ngon bshes ni ngan-pa dang
chung-ma ma ngan dang shor ngan dang
rgyal-po skye-bo ngan spong-ba
de-dag rtag-tu boo bdd-thob

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बराबर सुखको अनुभूति गर्नेछन्
यदि खराब राजा खराब वातावरण खराब स्त्री
खराब नातेदार तथा खराब स्थानीयता इन्कार गर्दछन् भने (२६, १८७, ए[1])

"चाणक्य नीतिशास्त्र"

chung-ma ngan dang mdza-bo ngan
rgyal-po agan dang bshes ngna dang
brel-po ngan dang rten ngan dang
stng-da yangs- su spang-bar bya

खराब स्त्रीबाट खराब साथीबाट
खराब राजाबाट खराब नातेदारबाट
खराब संबन्धबाट र खराब सहाराबाट
तुरुन्तै इन्कार गरिहाल्नु पर्दछ। (२५, ७, २०० ए)

"प्राचीन हितोपदेश"

chung-ma ngan dang mdza-bo ngan
rgyal-po agan dang nye-du agan
khyim-mtshes ngan dang yal ngan rnans
thag ring du ni spang bar bya

खराब स्त्री खराब साथी
खराब राजा खराब नातेदार
खराब छिमेकी तथा खराब स्थानबाट
तुरुन्तै इन्कार गर्न उचित हुन्छ। (२, १६५, वि[5])

"सुभाषिता"

chung-ma ngan dang mdza-bo ngan
rgyal-po ngan su-zbig bsten

को ? खराब स्त्री
खराब साथी तथा खराब राजाको भर पर्दछ (२४[6], ५ नं., २३)

विषयगत सामीप्यता भए तापनि उपदेशहरू एक आपसमा फरक छन् र यसले गर्दा यो भन्न सकिन्छ कि शाक्य पण्डितहरू भारतीय "नीतिशास्त्र"बाट प्रोत्साहित भएर प्रथम श्रोतसँग नमिल्ने चतुष्पदी लेखेका थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भी. एस. दिलिकोमाले सहि उल्लेख गरेकीछिन् कि "भारतीय साहित्यका सर्वोत्तम नमूनाहरूको अनुवादले नै तिब्बती मौलिक ललित साहित्यको उत्पत्ति हुनुमा आधार तयार पारेको हो । यी मध्ये प्रथम त्यस्तो कृति अति प्रचलित 'शैक्षिक रचना" उपदेशात्मक रचनाहरूको वहुमूल्य पदार्थ" "सुभाषिता"—एन. वि. जुन कि १३ औं शताब्दीको पूर्वार्धमा शाक्य पण्डितद्वारा लिखित कृति नै हो ।

"उपदेशात्मक रचनाहरू" भारतीय शैक्षिक कृतिहरूको प्रभावमा उत्पन्न भएका हुन् र यिनीहरूकै नमूनामा बनाएका हुन् तर यी सम्पूर्ण भए तापनि शाक्य पण्डितको पुस्तक तिब्बती राष्ट्रिय साहित्यको विलकुलै अकाट्य कृतिमा गनिन्छ" (९, ८९)

शाक्य पण्डितको 'सुभाषिता' प्राचीन भारतीय साहित्यका कृतिहरू 'पन्चतन्त्र' र 'हितोपदेश'[6] सँग मिल्दोजुल्दो छ । भी. एस. दिलिकोमा ठान्दछिन् कि 'पन्चतन्त्र' तथा 'हितोपदेश' तिब्बती भाषामा ९-११ औं शताब्दीतिर अनुदित भएका हुन् । (९-८९)

'पन्चतन्त्र' पाँच मुख्य मुख्य बुँदाहरू 'वा' पाँच पुस्तक ३-४ औं शताब्दीमा बनाइएका हुन् । प्रत्येक पुस्तकको आफ्नै परिच्छेद विषय छ । रचना नयाँ नयाँ कथासारलाई एक आपसमा आवद्ध तरिकाबाट गरिएको छ । यो तरिका विभिन्न तथा विविध प्रकारले छरिएका कथाहरूलाई गाँसेर 'माला'को रूपमा रचना गरिएको छ । अर्थात् प्रत्येक पन्चतन्त्रको पाँचै भागलाई जस्तै प्रत्येक भागको भित्री कथालाई आबद्ध पारेको छ । संग्रहको पाँचै पुस्तकमा रचना सम्बन्धी एउटै तरिका अपनाइएको छ । विभिन्न कथालाई एउटा कथावस्तुमा समावेश गरिएको छ । कथाहरूको वीचमा सम्बन्ध प्रतिपादन गर्नमा एउटा कथाको नैतिकता तथा अर्को चाहिंको इसारा समाविष्ट कवितात्मक हरफहरू निकै नै मौलिक छन् । कविताले कथासारको गाँठोमा ध्यान केन्द्रित गर्दछ । पन्चतन्त्रका मनोरञ्जनपूर्ण कथाहरूको आमोद प्रमोद तथा शैक्षिक उद्देश्य पनि थियो । संग्रहको चरित्रमा स्वाभाविक देखिन्छ र यसमा पाठकहरू समक्ष प्राचीन भारतको प्रतिदिनको जीवनबाट लिइएका स्मरणयुक्त तथा प्रष्ट दृष्य न्यायालय, धार्मिक चाडपर्व, वलि, घरायसी सामानहरूको उत्पादन विवाह, खाना तयारी, अतिथि सत्कार आदि 'प्रस्तुत' हुन्छन् ।

"हितोपदेश" प्राचीन भारतको साहित्यका शैक्षिक स्मारकहरूमा पर्दछ । यसका रचयिता कुनै एक नारायण मानिए । रचनाको उद्देश्यः— व्यवहारिक उपदेश सिकाउनु तथा असल अर्ति दिने हो । यी अर्ति उपदेशहरू केवल वोरिङ्ग अर्तिबाट मात्रै भरिएका छैनन् यी त व्यावहारिक जीवनबाट लिएका विविध घटनाबाट भरिएका छन् । "हितो पदेश" पञ्चतंन्त्र उत्तर-पश्चिमी प्रकाशनसँग सम्बन्धित छ तर यसले प्रशस्त आत्मनिर्भर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपाठ प्रस्तुत गर्दछ । यसमा केही कथाहरू पञ्चतन्त्रको प्रख्यात प्रकाशनको कुनै पनि प्रकाशनमा पर्दैन । (१२, ७)

भारतीय संग्रहकारको दृष्टिमा पुस्तकको अति महत्वपूर्ण भाग त छोटो छोटो कवितात्मक उपदेशको छ । सम्भवतः यी कण्ठ पारिन्थे यी मध्ये धेरै त भारतीयहरूको लोक कथा तथा उखानहरूमा अझैसम्म राम्रोसँग जीवित छन् ।

नीतिकथा तथा कथाहरूले पुस्तकमा उदाहरणको भूमिका निभाएका छन् हुन त हो यसको निक्कै स्थानहरूमा त उदाहरणले कवितात्मकक उपदेश भन्दा बढी रोचक देखिन्छन् । हितोपदेशमा चार पुस्तक समाविष्ट गरिएको छ । प्रथम पुस्तक काग कछुवा तथा मूसा बारेको कथा जसमा भनिएको छ कि कसरी साथी प्राप्त गर्न सकिन्छ । दोश्रो पुस्तकले कसरी मित्रलाई झगडामा ल्याउन सकिन्छ । तेश्रो पुस्तकको नाउँ 'युद्ध' छ र चौथोको "शान्ति" ।

परिमाण अनुसार शाक्य पण्डितका चतुष्पदीहरू अति नै खचिलो छ त्यस्तो ठूलो आकारको नभए तापनि यिनीहरूले प्रशस्त महत्वपूर्ण सूचना प्रदान गर्दछन् । प्रायः प्रत्येक हरफमा नै त्यस्ता किसिमका लोक कथाहरू पाउन सकिन्छ यो सम्पूर्णको विश्लेषण तथा अतिरिक्त जानकारी गर्न आवश्यक छ त्यसैले त्यही विवेचना चतुष्पदी भन्दा निक्कै धेरै हुन जान्छ ।

"सुभाषिता" को प्रत्येक कविता–हरफ दुई द्विपदीमा विभाजित छन्– प्रथममा प्रमुख विचार व्यक्त गरिएको छ त दोश्रोमा पन्चतन्त्र तथा "हितोपदेश" को हवाला दिंदै प्रथमको बारेमा वयान गरिएको छ ।

"पन्चतन्त्र" पुस्तक ३ कहानी ४ तथा "हितोपदेश" पुस्तक ४ कहानी ८ मा निम्नलिखित उक्ति दिइएको छ ।

एउटा व्राह्मण वलिको लागि बोका बोकेर गइरहेका थिए । बाटामा उनको विभिन्न स्थानमा गरी तीन जना वदमासहरूसँग भेट भयो र उनीहरू मध्ये पहिलोले कुकुर बोकेर ल्याएको भन्यो दोश्रोले मरेको पाठो त तेश्रोले गधा ल्याएको भन्न थाल्यो । व्राह्मणले पनि होला भनी बोकेर ल्याएको बोकालाई त्यहीं छोडेर आफू अघि गए । ती तीन जनाले त्यो बोका काटी सम्पूर्ण मासु खाए ।

शाक्य-पण्डितले यस कथाको कथासार स्थानगत तथा काव्यात्मक रूपमा दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदि मानव बुद्धिमान छ भने उसले आफ्नो झुठापनले पनि विरोधीलाई धोका दिन सक्छ । ब्राह्मणले त्यो बोको फाल्यो जुन उसले लिएर गएको थियो, यसको कारणले कि चोरहरूले यसलाई कुकुर भनिदिए ।

"पन्चतन्त्र" तथा "हितोपदेश" बाट कथासार नजानीकन "सुभाषिता" बाट लिइएको कहावत जान्न सकिन्न ।

पन्चतन्त्र किताब १ कथा १६ तथा "हितोपदेश" किताब ४ कथा १ मा त्यस्ता कथा[7] समाविष्ट छन्, जो आफ्ना घनिष्ठ तथा त्यागी साथीलाई सुन्न चाहन्न त्यो आड गुमाएको ग्वाँचे कछुवा जस्तै गरी मर्ने छ ।

कुनै एक पोखरीमा कछुवा बस्दथ्यो । उसको दुई हाँस साथी थिए । एक दिन ठूलो खडेरी पऱ्यो त्यसपछि हाँसहरूले अर्को पोखरीमा जाने विचार गरे, जाँदाखेरी हाँसहरूले साथी कछुवालाई पनि साथै लिएर गए । हाँसले ठुटुनोमा समातेको एक लौरोको बीचमा कछुवाले समात्यो । जब नजिकको गाउँमा तिनीहरूलाई मान्छेले देखे तब ठूलो आवाजले हल्ला गर्न थाले । आवाज सुनेपछि कछुवाले सोध्यो "यो मान्छे के को बारेमा हल्ला गर्दछन्" यो भने पछि कछुवाले लौरो छोड्यो अनि भुइँमा खस्यो ।

"सुभाषिता" मा शाक्य पण्डितहरूकहाँ पनि यसै कथाकार फेला पार्दछौं ।

जसलाई सदा सर्वदा अर्काको रक्षा चाहिन्छ

अन्तमा गएर मर्छ पनि ।

थाहै छ कि कछुवा जसलाई दुई कौवाले[8] लिएर गएका थिए भुइँमा खस्यो । (२४, ३ नं. ३५)

"सुभाषिता" का लेखकले भारतीय कथाकारलाई केही परिवर्तन गरी सामान्य साथीमा भर नपर्ने किसिमले मतलव यो अर्तिलाई बौद्धवादी अर्थ दिएका छन् । "हितोपदेश" पुस्तक ३ कथा ३ कथा २ तथा "पन्चतन्त्र" बाट किताब ४ कथा ७ फेरि अर्को उदाहरण लिऔं ।

कुनै एक गाउँमा सुन्धापद नाम गरेको छिपा बस्दथ्यो । उसको एउटा गधा थियो जो राम्रो सँग खान पाएको थिएन । एक दिन जंगलमा घुमिरहेको बेला एउटा मृत चितुवालाई देख्यो र विचार गऱ्यो "यसको छालाले गधालाई मोरी दिन्छु अनि जौवारीमा छोडिदिन्छु" । यो पक्कै पनि चितुवा हो भन्ने सम्झेर यसलाई लघार्ने छैनन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तै गऱ्यो पनि । रातभरि गधाले जौ बारीमा मस्त सित खान्थ्यो अनि बिहानीपख छिपाले उसलाई घर लग्थ्यो । केही समयमा नै गधा मस्तसँग मोटायो ।

एक दिन टाढैबाट गधाले गधैको आवाज के सुनेको थियो अनि गधा आफै कराउन थाल्यो । त्यस जमिनका पालेहरूले यहाँ त चितुवा नभै गधा चरिरहेको रहेछ भन्ने सम्झी लठ्ठी तथा ढुङ्गाले हिर्काएर गधालाई भगाइदिए ।

"हितोपदेश" मा सोही कथा निम्न प्रकारबाट व्यक्त गरिएको छ । हस्तिनापुरमा विशाल नाम गरेका कुनै मानिस बस्दथे । उनको गधा कामबाट यति थकित थियो कि मर्ने अवस्थामा पुगिसकेको थियो । त्यसपछि विशालले त्यस गधालाई चितुवाको छाला लगाई खेतमा छोडिदिए । यसलाई टाढाबाट देखेर डरले सबै मानिस भागे । त्यसपछि खैरो उनबाट बनेको लुगा लगाएर तीर लिएर चौकिदार एक कुनामा बस्यो । मोटाइसकेको र फुर्तिलो भइसकेको गधाले टाढाबाट देखेर सम्झ्यो कि उसले गधै फेला पाऱ्यो र तुरुन्त त्यतातिर दौड्यो । आवाजबाट नै त्यस चौकिदारले यो गधा भनी थाहा पायो अनि तुरुन्तै त्यस गधालाई मारिदियो ।[9]

शाक्य पण्डितकहाँ यस्तो छः

जब (मानिस) ठूलो भूठबाट प्रख्यात छ

केही समय (उसले) सफलता प्राप्त गरे तापनि अन्त्यमा आफूलाई मार्नेछ ।

गधा जुन चितुवाको छालाबाट ढाकिएको थियो[10]

जनताले जोगाएको वालि (निक्कै लामो समय सम्म)

नमरून्जेल खायो ।

"सुभाषिता" ४५७ बाट ११ का केही चतुष्पदीहरू 'पन्चतन्त्र' तथा 'हितोपदेश' का उपदेशहरूसँग मिल्न जान्छन् जसमा घरायसी उपदेशका नियम छन् र जसको सहयोगद्वारा मुख्य कथाकारका अतिरिक्त कथाहरू समावेश गरिएका छन् ।

साहसिलोको लागि – एक : आफ्नै पक्ष

तथा टाढाको परचक्रि ।

जहाँ त्यहीँ निकै नजाओस उसले आफ्नो दूरशक्तिबाट सफलता प्राप्त गरिहाल्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हात तथा नग्राका धम्कि दिदै सिंह वनमा आउँछ ।
लडाईमा[11] मारेको हात्तिका राजाको दन्तमा
उसले तिर्खालाई निभाइ दिन्छ (११, १६९)

"हितोपदेश"

विवेकशील वीस्को लागि मातृभूमि तथा परभूमि भन्ने छैन ।
जुनसुकै देशमा ऊ किन नजाओस ती देशहरू
उसले आफ्नो हातको क्षमताबाट जितिलिन्छ
सिंह आफ्नो दाँत नङ्ग्रा तथा पुच्छरबाट वलवान छ
ऊ जुनसुकै जंगलमा आए तापनि मारेको हात्तिको
रगतद्वारा आफ्नो तिर्खालाई मेट्दछ । (१७, ३७)

"सुभाषिता"

यदि बुद्धिमान् मानिस कठिन स्थितिमा पर्न जान्छ
उसको बुद्धिमा अझ जटिलता आउँछ
जब जंगलमा राजा भोकै पर्दछ
उ तुरून्तै हात्तिको शिर भाच्दछ (२४, १ नं. ५)

"सुभाषिता" मा चतुष्पदीको मुख्य विचार बदलिएको छः यसमा आफ्नो र अर्काको भूमि वलप्रयोगद्वारा लिने विचार छैन । शाक्य-पण्डितहरू बुद्धिको शक्तिको बारेमा बताउँछन् जसले मानिसलाई कठिन अवस्था पनि सहयोग गर्दछ ।

"सुभाषिता"को प्रत्येक चतुष्पदी द्विपदीमा विभाजित छन् जसमा दोश्रोले पहिलो तर्कगतलाई प्रष्ट्याउँछ ।

शाक्य पण्डितहरूको 'सूभाषिता' मा एक प्रकारले पन्चतन्त्र तथा हितोपदेश तथा लोककथाहरूको महासागरका विभिन्न कथाका धारणाहरू प्रयोग गरिएका छन् । १०६३-८१ का वर्षहरूमा निर्माण गरिएका सोमादेमहरू 'मेटालाको २५ कथाहरू' त्यस्को अलावा आफ्नो चरित्र अनुसार विभिन्न प्रकारका रचनाहरूका वृहत् परिमाण त्यस्तै जनतामा भिजेका तथा लोकप्रिय भएका इतिहासहरू पनि पन्चतन्त्र तथा हितोपदेशका तौरतरिकाहरू प्रयोग गरिएका छन् ।

"पन्चतन्त्र" तथा हितोपदेश" का कथाहरू प्रति भएका काव्यात्मक संकेतहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएका द्विपदीहरू शब्दमा प्रस्तुत गरिएका छन्ः "स्पष्ट छ" (परिच्छेद ७, नं. ३५, परिच्छेद ६, नं. ११, ५७, परिच्छेद ७, नं. २३ परिच्छेद ८, नं. १८) हेर्नुहोस् "परिच्छेद ५, नं. २ परिच्छेद ६, नं. ६३ परिच्छेद ८, नं. ३६ ४२, ७७, ८६) "सुन्नुभयो" (परिच्छेद ४ नं. २९, परिच्छेद ५, नं. २६, परिच्छेद ७, नं. ५४, परिच्छेद ८, नं. ६५,) "भनिन्छ" (परिच्छेद ८, नं. ७८, ७९ "कथा विद्यमान छ' परिच्छेद २, नं. २५ "देख्नुभयो" (परिच्छेद २, नं. ६) कित भूमिका विना (परिच्छेद १, नं. ५, २५, परिच्छेद ३, नं. २९, परिच्छेद ६, नं. १३, ४०, परिच्छेद ७ नं. ३१, ४१)

एवं प्रकारले यस लेखमा प्रस्तुत गरिएका सामग्रीले निचोड गर्न सकिन्छ कि शाक्य पण्डितलाई भारतीय 'नीतिशास्त्र' तथा प्राच्य भारतीय स्मारकहरू पन्चतन्त्र तथा हितोपदेश थाहा थियो ।

दन्जुर "पन्चतन्त्र" तथा "हितोपदेश"को शाक्य पण्डितहरूको कृतिहरूसँग विधिगत उपदेशहरूको तुलनात्मक विश्लेषण "सुभाषिता" को उत्पत्तिस्थल तोक्नको लागि त्यस्तै तिब्बतमा त्यस्ता किसिमका शिक्षाप्रद स्मारकहरूको जन्मस्थलको अध्ययन गर्नको लागि आवश्यक छ । यस अलावा त्यस्तो किसिमको विश्लेषण तिब्बती कविता 'सुभाषिता' को विशेषताहरूको अनुसन्धानको लागि आवश्यक छ ।

ग्रन्थहरू

१. वोल्सो खोयभा एन. डि. - शाक्य पण्डित तथा उनका उपदेशहरू
- किताब केन्द्रीय एसियाका इतिहास तथा फिलोलोजी सम्बन्धी अनुसन्धानहरू ग्रन्थ र उलान– उदे पृष्ठ ११८-१२६ ।

२. वोल्सो खोयेभा एन. डि - "सुभाषिता"– तिव्वती तथा मंगोलियाका लोकप्रिय कृति मध्ये एक
किताबः लिखित स्मारकहरू तथा पूर्वका जनताका संस्कृतिका समस्याहरू ।
एम. १९७४ पृष्ठ ५३-५७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. वोल्सो खोयभा एन. डि. – तिब्बती नीति साहित्य "सुभाषिता"
– पुस्तक : सुदूर पूर्वका साहित्यहरूको अध्ययनको सैद्धान्तिक समस्याहरू ।
एम. १९७७ पृष्ठ २७०-२७६ ।
४. भ्लादिमिसोव वि. या. – तिब्बती रंगमंचीय प्रस्तुतीकरण
पूर्व एम. पेज १९२३ नं. ३
५. भोस्त्रीकोभ ए. इ. – तिब्बती ऐतिहासिक साहित्य
एम. १९६२
६. ग्रिन्त्सेर पि. ए. – प्राचीन हिन्दी गद्य
एम. १९६३
७. प्राचीन हिन्दी उखान – एम. १९६६
८. दिलिकोभा भि. ए. – तिव्वती साहित्यको पुनरूत्थान बारेका प्रश्नहरु
पुस्तक : सुदूर पूर्वका साहित्यहरूको अध्ययनमा सैद्धान्तिक समस्याहरु
ए. म. १९७८ पृष्ठ ८४-९०
९. दिलिकोभा भी. एस. – शाक्य पण्डितका उपदेशात्मक उक्तिहरू
पुस्तक : सो .संघमा चीनिया साहित्यको अध्ययन
ए. म. १९७३ पृष्ठ ४२-४७
१०. किचानोभ ये.इ. – जोडी उपदेशहरू– केन्द्रीय एसियाका जनताका उपदेशहरूका नेतृत्वदायी किसिमको मध्यमको एक यसको संभाव्य महान तथा विस्तारका पथहरू ।
११. पन्चतन्त्र – पुस्तक : सुदूरपूर्वका साहित्यिक अध्ययनमा सैद्धान्तिक समस्याहरू– एम. १९७८ पृष्ठ २०१-२०७
१२. प्राचीन भारतका उपन्यास दन्त्यकथा आदि – एम. १९६४
१३. रिफ्टिन भी. एन. – मध्ययुगिन साहित्यका टाइपोलोजी तथा आपसी सम्बन्ध
पुस्तक : पूर्व र पश्चिमका मध्यवर्ति साहित्यका टाइपोलोजी तथा आपसी सम्बन्धहरू पृष्ठ ९-१६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१४. सेमिचैम वि. मी. - यू. एन. रैरिख तथा एस. च. दासको तिब्बती अँग्रेजी शब्दकोषमा केही थप सामग्री

- उलान – उदे १९६६-१९७० पाण्डुलिपी ।

१५. तिब्बती शिलापत्र 'जाइका सम्बन्धितहरूको स्वैत चमक" वि. इ. कुज्नेत्सोमका प्रवेश

- लेख् अनुवाद तथा विवेचना एल. १९६१ ।

१६. हितोपदेश - नारायणद्वारा तयार पारिएको हिन्दी कथाहरूको संग्रह युरियेम १९०८ ।

१७. श्मीद्त् इ.या. - तिब्बती – रूसी शब्दकोश एस. पं. नं. १८४३

१८. दीनेद – च्यार - Dri ma med-pa'i dris lan rin-po ch'i phereng-ba zhes bya bo bzbugs.

- दान्जुर नार्तान्स्क प्रकाशन ग्रन्थ १२३ एल. १७६ वि. ५ - १८० वि ४

१९. मसुरक्षा - Lugs kyi bstan bcos –

- दान्जुर नार्तान्स्क प्रकाशन ग्रन्थ १२३ एल २०३ वि १-२०९ ए ५

२०. नागार्जुन - Lugs-kyi bstan bcos skye-bo gso-ba' i thigs-pa zhes bya-ba

- दान्जुर नार्तान्स्क प्रकाशन ग्रन्थ १२३

२१. नागार्जुन - Lugs-kyi bstan bcos ches sdong-bu po zhes bya-ba –

- दान्जुर नार्तान्स्क प्रकाशन ग्रन्थ १२३ एल १८० वि ४ १७६ वि ४ ।

२२. नागार्जुन - Shes-rab brgya-pa zhes bya-ba

- दान्जुर नार्तान्स्क प्रकाशन ग्रन्थ १२३ एल १६१ वि १ - १६५ वि ४

२३. निमा - वावा - Thigs-su bcad-pa mdzods-ces bya ba bzhugs-so

- दान्जुर नार्तान्स्क प्रकाशन ग्रन्थ १२३ एल १८० वि ४ १८० वि १

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२४. शाक्य-पण्डित कुंगा जाल्त्सन् - Legs-par bsad pa rin po che[6] i zha a bya ba' i bstan-gter bcos bzhugs-so
- शाक्य-काम्बुन देर्गेस्क प्रकाशन ग्रन्थ १०, २२ पन्ना ।

२५. चाणक्य - Tsa-na ka' i luga-kyi bstan-bcos bzhugs
- दान्जुर नार्तान्स्क प्रकाशन ग्रन्थ १२३ एल १९२ वि ३-२०३ वि १

२६. चोग - रेड - Tshigs-su bcad-pa 'i bragya-pa bzhuds-so
- दान्जुर नार्तान्स्क प्रकाशन ग्रन्थ १२३ एल १८६ वि १-१९१ ए २

२७. शांग-जल्वा-पाल - Dpal-idan sa-skya pandita chanpo' i rnam par thar-pa
- शाक्य काम्बुम ग्रन्थ १२ देर्गेन्स्क प्रकाशन एल. १७९-२९०

28. A Catalogue Index of the Tibetan Buddhist Canons. Edited by Hakuju Ui, Munetada Sukuzi, Yensho Kanakura and Tokan Tada, Sendai. Tohoku Imperial University, 1934.

29. Das S. Ch. Indian Pandits in the Land of Snow. Conbtibutions to the History, religion etc. of Tibet. - Journal of Asiatic Society of Bengal. Calcutta, 1882.

30. Foucaux Ph. E. Le. Tresor des Belles Paroles, Choix de Sentences. Paris, 1858.

31. The Jewelry of Scripture by Bu-ston. Translated from Tibetan-By Dr. Obermiller. Heidelberg. 1931-1932.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

32. Ligeti L. Les Fragments du Subhasitaratnanidhi Mongol en Ecriture Phags-pa. Mongol preclassique en Moyen Mongol. - Acta Orientalia Hung, t. XVII, F. 3, p 239-292.
33. Pathak S.K. The Indian Nitisastras in Tibet. Delhi, 1974.
34. Shes rab Dong-bu (Tree of Wisdom) or Prajna Danda. Tibetan text and English translated by W.L. Campbell. Calcutta, 1919.
35. Stein R. A. La civilisation tibetaine, Paris, 1962.
36. Sternbach L. Hitopadesa and its sources, American oriental Society. New Haven, 1960
37. Sternbach L. Subhasita, Gnomic und Didactic Literature. Wiesbaden, 1974.
38. Wylie T. A. Standrad System of Tibetan Transcript on Harvard Journal of Asiatic Studies, 1959, December, V. 22. p. 259-267.

पाद टिप्पणी

१. नीतिशास्त्र - नीति तथा आचरण सम्बन्धी शास्त्र (पृष्ठ १ को पाद टिप्पणी)

२. नागार्जुनको "सय उपदेशात्मक कविताहरू" प्राचीन उपदेश

"थोपा जसले मानिसलाई तृप्त पार्दछ"
नीमा-वापको "कविता पवित्रता"
चोग-"रदको" सय कविता"
चाणक्यको "चाणक्यनीतिशास्त्र"
मसुरक्षाको "नीतिशास्त्र"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उल्लिखित रचनाहरू नार्तान्स्क तथा पेकिंग प्रकाशनको दान्जुरका १८३ ग्रन्थमा छन्, तथा एल १६१ वि १-२९० ए ५, एल १४० वि ४-१९१ वि २ मा छन् दैर्गेस्क प्रकाशनमा नीतिशास्त्र ग्रन्थ १८४ को एल ९९ वि ४-१४३ ए ७ (२८ नं. ४३२८-४३३५) मा छन् ।

तिब्बती वैज्ञानिक आफ्नो 'बौद्धवादको इतिहास नामक पुस्तकमा नीतिशास्त्रको' तीन रचना मात्र उल्लेख गर्दछन्– ती हुन् नागार्जुनको "सय उपदेशात्मक कविताहरू"

"थोपा जसले मानिसलाई तृप्त पार्दछ" त्यस्तै
निमा-वापको "कविताको पवित्रता" (३१, ४३, ४४, १५५)

(पादचिह्न पृष्ठ २ को पादनोट)

३, इ. या मुमदिदतले "lugs-gngis" लाई नीतिसम्बन्धी चालचलनका दुइ किसिम हो भन्दछन् ।

dzig-rten gyi-lugs उच्चताहरूको चालचलन
chos-kyi-lugs आध्यात्मिक चालचलन १–७, ५६४

४. १३ औं श.को तिब्बती "सुभाषितामा" यस्तै प्रकारको चतुष्पदी पाइन्छ ।

५. मतलव "पन्चतन्त्र" को त्यो कथालाई लिइएको छ जसमा खरायोले मन्दमति नामक सिंहलाई माऱ्यो । जुन इनारमा आएको छायाँलाई आफ्नो प्रतिद्वन्द्वी सम्झेर इनारमा हाम फाल्यो ।

कविता यस्तो छः

जो बुद्धिमानी छ, त्यही वलवान छ
मूर्खले वल प्रयोग मात्रै गर्दछ
घमण्डी तथा रिसाहा सिंह
जंगलमा खरायोबाट मऱ्यो (११, ५७-६१)

"हितोपदेशमा" यो यस्तो किसिमको छः
त्यसलाई जसको दिमाग वलमा मात्र छ बुद्धिको अलावा बल कहिंबाट पनि लिन सकिन्न । घमण्डी सिंहलाई सानो खरायोले मारिदियो ।

(पृष्ठ ६ को पादनोट)

६. प्राच्यद्धि पी. ए. ग्रिन्स्सेरले यस कृतिलाई गद्य हो भन्नुभएको छ र यसलाई किनारा कथा भन्नु भएको छ (४, ३,) (पृ. १० को पादनोट) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७, यस्तो कथाकार नं. २१५ को जटकमा फेला परेको छ (१२, ४६.४७) पृष्ठ ११ को पादनोट

८. शाक्य पण्डितहरूकहाँ कछुवाको साथी हाँसको हितोपदेश "पन्चतन्त्र" सट्टामा काग भएको पाइन्छ । (पृष्ठ ११ को पादनोट)

९. यो कथासार "सिंहको छालाको बनेको जकट"सँग मिल्दोजुल्दो छ । (पृष्ठ १२ को पादनोट)

१०. "पन्चतन्त्र"र "हितोपदेश" को फरक यही छ कि यिनीहरूमा सिंह र चितुवाको छाला भनिएको छ त "शुभाषिता" मा लियोपार्ड भनिएको छ किन कि तिव्वतीहरूलाई चितुवा तथा सिंह भन्दा लियोपार्ड धेरै बुझिने खालको छ । (पृष्ठ १२ को पादनोट)

११. मतलव भारतवर्षमा प्रचलित शेर र हात्तीको बीचको तुलना किनकि हात्तिलाई देखेपछि सिंह खुब डराउँछ ।

(पृष्ठ १२ को पादचिह्न)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वि. सं. १९०० को श्री ५ राजेन्द्र विक्रमको लालमोहर

श्री गुरू ४.   श्रीनाती युवराजधिराज १

श्री कांछारानी २.   श्री नाति बुहारीहरू ३

— सानी नानी कंसाकार

स्वस्ति श्री गिरीराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजधिराज राजेन्द्रविक्रम शाह बहादुर सम्शेर जङ्गदेवानां सदा समरविजयिनाम् ॥

आगे हाम्रा दर्वारका मुषतियार भारदार कंपु पल्टनकंपनी गैह्र प्रति ९४ सालमा चंडाल काला पाडेहरूले अनेक तरहका जादूटुना जाल साल फरेव गरि[1] चुगलि हालि श्री जनरल कम्यांडर इनचीफ भीमसेन थापालाई गिराई आफ्नु सर्फराज[2] गरि अनराह[3] अनरीत[4] मा लगाइ धेरै कुराको अनराह अनरीत हुन जाँदा तिमीहरू सबै भर्भारादारहरूले यस्तो अनरीत अनराह गरि बक्सनु भयो भन्या, हामी काजकाम कसोगरि गरौं भनि हामीहरू सबैका हजूरमा पगरि राषि रोइकराई विन्ति गर्दा तिमीहरूलाई थिति गरिबक्स्यौं ।

अवउप्रांत म बाट र —१—हाम्रा—२—अरू—३ बाट पनि मुषट्यिार भर्भारादार भित्रका धाई द्वान्या भान्स्या सुसान्याट्ट हलुवा कंपुं पल्टन कंपनी ग्रैह्र दुनियादार प्रजाप्राणिपर्य्यंत कसैलाई वेराहमा[5] वेंइज्जत-वेहुर्मत[6] केहिगरि बक्सन्याछौन वेराह वेरीतमा कसैलाई सास्तिसासना गर्नाको हुकुम बक्स्यौ भन्या पनि कसैले नमानु कसूर माफीक सबैको चित्त बुझ्न्यागरि सजाय गरि बक्सौला । हाम्रा गात गादि दुंगाको[7] वन्या सप्रन्या कुरा हाम्रा र —१—हाम्रा —२—का हजुरमा किन विंति गर्‍यौ भनि हामिहरूबाट दगा गरिबक्सन्याछौन दगा लि तिमिहरूलाई नाष्ना विगार्नामा पस्यौं भन्या तिमीहरूका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्माको पाप लाग्ला कदाचित यो बक्स्याको र अधिका थितिमा हामीहरूबाट अर्को तरहगरि बेराह वेरीत गरि बक्सन लाग्यौं भन्यापनि हाम्रा गाथको संभार राखि हाम्रा षिजमत[8] टहल पुन्याई तिमीहरू भर्भारादार सबैजनाले मुषतियारसँग सल्लाह कौसल गरि दुंगो अटल रहन्या गरि मुलुक थामिन्या प्रजाप्राणिको रक्षा हुन्या जस्ता पाठले हुन्छ सो काम गर्नू अरू तिमीहरूले पनि आपुसमा मिलजुल गरि हाम्रा गात गादि ढुंगाको बढिया हुन्या काम कुरा गर्नु आपुस्मा फुटि वेनाहक चुकलिपारि गातगादि ढुंगा विगार्नामा जो पसला तस्लाई कसूर सावित भयापछि जो सजाय गर्नु पर्न्या हो सो सजाय गरिबक्सौंला तिमीहरू —४—प्रोहीत मुषतियार भारादार छोडा बडा कसैले आफ्ना नाता गोताका माया मोलाहिजा पछि लाँगी हाम्रो बन्या सप्रन्या नहेरी हाम्रो गाथगादि ढुंगाको विगार्न्या काममा जो लाग्ला तसलाई मुषतियारका सल्लाहले भारादारी कौसलमा तजवीज गराई विराम सावित भयो भन्या जात अनुसारको सजाय गरि भारादारी वेवस्तादेखि षारीजी गर्नु भनि अभयको लालमोहर गरिबक्स्यौं । आफ्ना षातिरज्मा[9] सँग हाम्रा गाथगादिको संभार राखि ढुंगो थामिन्या र प्रजाप्राणिको रक्षा हुन्या काम गर । इतिसम्वत् १९०० साल मिति कार्तिक शुदि १४ रोज २ शुभम्—

१. धोखा

२. अरूलाई हटाएर आफू ठूलो हुने

३. कुबाटो

४. नियम विपरित

५. गलत बाटो

६. कसैको इज्जतको वास्ता नराखी

७. देश

८. सेवा

९. ढुक्क भई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्याख्या

भीमसेन थापाको पतनपछि देशमा जुन अन्योलको वातावरण सिर्जना भैरहेको थियो । त्यसलाई हटाउन कोही समर्थ भएन । सत्तालोलुपहरूको भित्री षड्यन्त्रले एकपछि अर्को मुख्तियारी पदमा आसीन हुँदै गए । सबै वीच श्री ५ राजेन्द्रबाट सबै अधिकार कान्छा रानी राज्यलक्ष्मीदेवीलाई सुम्पिबक्स्यो । त्यस बेला फत्यजङ्ग चौतरिया मुख्तियार भई काम गरिरहेका थिए । सबै अधिकार पाई सकेपछि कान्छा महारानीले भारतमा गई निर्वासित जीवन बिताइरहेका माथवरसिंह थापालाई नेपाल बोलाहट भयो । नेपाल फर्केपछि माथवरसिंह थापाले थापापरिवारमाथी लगाइएको पुरानों अभियोगको पुन जाँच गराउने माग गरे । जस अनुसार भारदारहरूको एक विशेष समितिबाट यस विषयमा छानबिन शुरू भयो । थापाहरूमाथी आरोपित सबै अभियोग आधारहीन र झूठा सावित भए । यस पत्रमा उल्लेख गरेको तिथि अनुसार यो लालमोहर पनि यस सन्दर्भमा त्यसबेला माथवरसिंह थापा प्रधान मन्त्री बन्नुभन्दा केही दिन अगाडि निकालिएको देखिन्छ । यस लालमोहरबाट एउटा कुरा के स्पष्ट हुन आउँछ भने, त्यसबेला पनि भारदारहरू निर्भिक भई आफू र जनतालाई अकारण, अनियमपूर्वक परेको दुःख र अन्याय राजामा विन्ति चढाई सचेत गराउँदा रहेछन् र राजाले पनि त्यस कुरालाई महसूस गरिबक्सी आइन्दा त्यस्तो काम नहुने विश्वास जनतालाई दिलाइबक्सँदो रहेछ । समस्त निजामति कर्मचारी, सैनिक र दुनियाँदार प्रजाप्राणी कसैलाई अकारण उनीहरूको इज्जतको परवाह नगरी केही गरी बक्सने छैनौं र गुरू, पुरोहति, मुख्तियार, भारदार छोटा वडा सबैले आफ्ना नातागोताका मुलाहिजामा लागी देश नरेशको बन्ने सप्रने काम नगरी विगार्ने काम गऱ्यो भने त्यसलाई मुख्तियारको सल्लाहले भारदारी कौशलमा तजविज गराई विराम सावित भए, जात अनुसारको सजाय गर्ने भन्ने लालमोहर यस्मा गरिबक्सेको छ । साथै सबै भारदारले पनि आपसमा मिलजुल गरी मुलुक थामिने, प्रजाप्राणीको रक्षा हुने काम गर्नू भन्ने थिति बक्सेको छ । यस बाहेक केवल पाँडेहरूको जालझेल र चुगलीमा परी नेपालका एक सपुत, सच्चा देशभक्त, स्वतन्त्रताको रक्षक मुख्तियार जनरल भीमसेन थापाको जुन दुःखद अन्त भएको छ, त्यस सत्यलाई स्पष्ट पार्ने एक प्रामाणिक तथ्यको रूपमा पनि यस लालमोहरको महत्व रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चन्द्रसहस्रदर्शनोद्यापनपद्धतिः

जगन्नाथ शर्मोपाध्याय त्रिपाठी

परिचय

कुनै पनि मानिस ८४ वर्षमा प्रवेश भएपछि सहस्र चन्द्रमा अर्थात १००० चन्द्रमाको दर्शन हुन्छ र सहस्र चन्द्र दर्शन भएपछि चन्द्रसहस्रदर्शनोद्यापन गर्नुपर्छ भन्ने धर्मशास्त्र तथा पुराणादिमा उल्लेख छ। जुन सहस्रचन्द्रदर्शनोद्यापनको फलबाट मनुष्यजन्ममा ज्ञान वा अज्ञानबाट भएको महापातक र उपपातकहरूको शान्ति हुन्छ भन्ने कथन छ। सो चन्द्रसहस्रोद्यापनपद्धति पं. जगन्नाथ शर्मोपाध्याय त्रिपाठीले स्कन्दपुराणको वैष्णव खण्डको अयोध्यामहात्म्य प्रकरणबाट उद्धृत गरी बनाउनु भएको हो। सो पुस्तक यस राष्ट्रिय अभिलेखालयको नं. छैठौल ११७९ दर्ता भएको छ। त्यस पुस्तकमा दिइएको पद्धतिमा सोमसूक्तका मन्त्रहरू र पूजाविधान शय्यादान आदिको केही भाग समेत समावेश छ। यो पुस्तक अद्यापि प्रकाशित भएको थाहा छैन। त्यसैले यो पुस्तक यहाँ प्रकाशमा ल्याइएको छ। उक्त पद्धतिबाट ८४ वर्ष पुगेका कर्मकाण्डप्रेमी महानुभावहरूका निमित्त अति उपयोगी-हुने छ भन्ने लागेको छ। सहस्र चन्द्रदर्शन बारे केही मानिसहरू ७७ वर्ष नाघेपछि ८१ वर्षमा प्रवेश हुँदा १००० चन्द्रको दर्शन हुन्छ भन्दछन्। तर यस पद्धतिमा ८४ वर्ष पुगेपछि १००० चन्द्रको दर्शन हुन्छ भन्ने लेखेको छ। सो पद्धतिमा अधिमासको गणना नगरी मोटामोटी वर्षको १२ महिनाको १२ चन्द्रको हिसाबले ८४ वर्षमा १००० चन्द्र दर्शन हुने भन्ने बुझिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूल—

शुक्लपक्षस्य चतुर्दश्यां कृतकेशश्मश्रुनखकृन्तनो गणेश-मातृकादि-पूजन-पूर्वकं पूर्वाङ्ग-कर्म कृत्वा वृद्धिश्राद्धं च विधाय हविष्याशी त्यक्तखट्वादिशयनो ब्रह्माचारी सत्यवाङ् मौनी वा हरि स्मरन् दिनं यापयेत् । पौर्णमास्यां दिने प्रातरूत्थाय स्नात्वा कृतिनित्यक्रियो यात्राविधानेन गत्वां गृहाङ्गणो तीर्थे वा विशालायां भूमौ यज्ञकुण्डादिकं विधाय पूर्वाभिमुख आचमनान्तः कृतधौतवस्त्रपरिधानो नूतनं मन्त्रितं यज्ञोपवीतं च परिधाय भूतशुद्ध्यादिकं विधाय कर्मपात्रं कृत्वा सङ्कल्पं कुर्यात् ।

ॐ तत्सत् ३ विष्णुः ३ श्री मद्भगवतो महापुरूषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकलजगत्सृष्टिकारिणो ब्रहणो द्वितीयपरार्धे पद्मकल्पान्तर्गते श्रीश्वेतवाराहकल्पे वैवस्वमन्वन्तरे अष्टाविंशतितमे कलियुगे प्रह्लादाधिपत्ये मनौ सप्तमे सत्यत्रेताद्वापरान्ते कलियुगस्य प्रथमचरणे जम्बूद्वीपे भारतवर्षे भरतखण्डे आर्यावर्तान्तर्गतहिमवत्पर्वतैकदेशे गङ्गादेव्या__कोणे, श्रीमद्विष्णुप्रजापतिक्षेत्रे......पूर्वभागे हिमालयाद् दक्षिणभागे, हिन्दमहासागरादुत्तरे भागे, मणिपुरादिपश्चिमभागे.........कौशिका (गण्डकी, कर्णाली)-निकटे.....शरणे.......ग्रामे (नगरे), षष्टिसंवत्सराणां मध्ये____नाम संवत्सरे, श्रीसूर्य ____अयनगते_____ऋतौ, सौरेण, चान्द्रेण (द्वाभ्यां वा) मासोत्तमे___मासे___पक्षे____राशिगते श्रीसूर्ये____राशिगते चन्द्रमसि_____राशिगते भौमे, ...राशिगते बुधे, ...राशिगते गुरौ, ...राशिगते शुक्रे, ...राशिगते शनौ, ...राशिगते राहौ, ...राशिगते केतौ एवं ग्रहविगुणविशेषण विशिष्टायां.............. वासरान्वितायां पौर्णमास्यां पुण्यतिथौ ....गोत्रस्य...........प्रवरान्वितस्य.............

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शाखान्तर्गत___वेदाध्यायिनश्चतुरशीतिवर्षे वयसि वर्तमानस्य दृष्टपूर्णचन्द्र सहस्ररस्य___शर्मणो (वर्मणो गुप्तस्य वा) मम श्रीचन्द्रहरेः प्रसादात् पुत्रपौत्रादी नामायुरारोग्यसम्पत्यर्थं स्वस्य च कृत्या-कृत्य भोज्याभोज्य-गम्यागम्य-पेयापेय-वाच्यावाच्य-कर्माननुसन्धानवशात् उत्पन्नानां ज्ञाताज्ञात-शुष्कार्द्रादिपापानां क्षयपूर्वकं चन्द्रमार्गेण श्रीहरिपद्प्राप्त्यर्थं श्रीगणेशादिपूजनपूर्वकं चन्द्रसहस्रपूजनं तदङ्गत्वेन हवनं ब्राह्मणदम्पत्योः पूजनं चाहं करिष्ये । इति कङ्कल्प्य दीपं प्रज्वाल्य स्वस्तिवाचनं कृत्वा कुण्डे वन्हि संस्थाप्य चतुष्पञ्चषोडशो वा ब्राह्मणां वृत्वा पुण्याहवाचनं च कृत्वा दीप-गणेश-कलश-अहमातृकादीनां पूजां कृत्वा चन्द्रसहस्र पूजनं कुर्यात् ।

शुभधान्योद्भूतैरक्षुण्णैस्तण्डुलैः सहस्रसंख्यकाश्चन्द्रमण्डलनिभावेद्य आस्ती र्णस्य श्वेतवस्त्रोपरि कार्याः । तासु च प्रत्येकं रौप्यमयान् कलशान् संस्थाप्य तेषां मुखेषु रौप्यमयीः स्थालीश्च संस्थाप्य षोडशमासपरिमितेन रौप्येण प्रत्येकं निर्मिता चन्द्र विम्वनिभा षोडशकलायुताः प्रतिमाः स्थापयेत् ।

तच्च यथा, मध्ये तण्डुलोपरि गोदुग्धपूरितं रौप्यकलशमेकं स्थापयेत् । तस्य मुखे च रौप्यस्थाल्यां चन्द्रप्रतिमां न्यसेत् । तस्य कलशस्य चतुष्कोणेषु चत्वारः कलशा स्थाप्याः । तेषु च पूर्वत् चतस्रः स्थालीः संस्थाप्य तासु एकैकां प्रतिमां स्थापयेत् । सति सम्भवे एतेऽपि कलशा गोदुग्धेनैव पूरणीयास्तदसम्भवे च गङ्गोदकेन कूपप्रपाता दिलब्ध–शुद्धोदकेन वा ते कलशा भरणीयाः । किञ्चिद् गोदुग्धं च तेषु निक्षप्तव्यम् । ततो बहिः षोडशकलशान् संस्थाप्य तेषु च पूर्ववत् जलादिकं क्षिप्त्वा मुखेषु रौप्यस्थालीषु प्रतिमा विन्यसेत् । ततो बहिःपूर्णचन्द्राकाराः श्वेततण्डुलमया विस्तृताः ९७९ संख्यका वेदीर्निर्माय तासु च सति सम्भवे पूर्ववत् कलशप्रतिमादिकं स्थापयेत् । तदसंभवे च ९७९ मृत्कुम्भेषु पर्णपुटकेषु वा जलं निक्षिप्य तेषु च प्रतिमास्वरूपाणि रौप्यखण्डानि द्रव्याणि वा स्थापयेत् । असम्भवे तु पूर्वोक्ताः षोडशकलशादयोऽपि मृदादिका एवोपयोक्तव्याः । ततश्च मध्यकलशे चन्द्रहरे प्रतिमायां प्राणप्रतिष्ठां कुर्यात् ।

आद्रौ विनियोगः । तद्यथा । अस्य श्रीप्राणप्रतिष्ठामन्त्रस्य ब्रह्माविष्णुमहेश्वरा ऋषयः ऋग्यजुः सामानि छन्दांसि जगत्सृष्टिः प्राणशक्तिर्देवता आं वीजम् ह्रीं शक्तिः क्रोंकीलकम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राणप्रतिष्ठापने विनियोगः । ततः प्राणप्रतिष्ठा । दक्षिणहस्ताङ्गुलीभिः प्रतिमां स्पृष्ट्वा इमानि मन्त्राणि पठेत् । अस्यै प्राणाः प्रतिष्ठन्तु अस्यै प्राणाः क्षरन्तु च । अस्यै देवत्वसंज्ञायै नमः ॥ ॐ मनोजूतिर्जुषतमाज्यस्य बृहस्पतिर्यज्ञभिमन्तनोत्वरिष्टं यज्ञ ९ समिमन्दधातु । विश्वेदेवास इह मादयन्तामो ३॒म्प्रतिष्ठ । ॐ आँ ह्रीं क्रीं यं रं लं वं शं षं सं हं सः– सोऽहम् प्राणा इह प्राणाः । ॐ आँ ह्रीं क्रीं यं रं लं वं शं षं सं हं सः– जीव इह स्थित इति । तत एकादशेन्द्रियन्यासं च प्रतिमायामेव कुर्यादनेन मन्त्रेण ॐ आं ह्रीं क्रीं यं रं लं वं शं षं सं हं सः– सर्वेन्द्रियाणि वाङ्मनस्त्वक्चक्षुः श्रोत्रजिह्वाघ्राणवाक्पाणिपादपायूपस्थानीहैवागत्य सुखं चिरं तिष्ठन्तु स्वाहा । ततः कलान्यासः । अनेन मन्त्रेण । ॐ भूर्भुवः स्व यमुनातीरोद्भव आत्रेयगोत्र शुक्लवर्ण सम्पूर्णषोडशकल सोम इहागच्छ इत्यावाह्य दक्षिणहस्ताङ्गुलीभिरेव प्रतिमां सर्वतः स्पृशन् इदं मन्त्रं च पठेत् । ॐ इमं देवा असपत्न ९. सुवध्वं महते क्षत्राय महते ज्यैष्ठ्याय महते जानराज्यायेन्द्रस्येन्द्रियाय । इमममुष्य पुत्रममुख्यै पुत्रमस्यै विश एष वोऽमी राजा सोमोऽस्माकं ब्राह्मणाना ९. राजा ॥

इति ।

ततः स्वशरीरशुद्धये प्रणवं च पञ्चदशवारं जपेत् ।

ततःषोडशोपचारेण चन्द्रहरेः पूजां कुर्यात् । सोमसूक्तेन प्रत्यृचं पुराणमन्त्रैश्च प्रतिमन्त्रम् आसन-पाद्यार्घ्याचमनादिना । ततो धूप-दीप-नैवेद्य-यज्ञोपवीत-ताम्बूल-पूगीफल-वस्त्र-द्रव्य-माल्यादिभिश्चन्द्रहरेः पूजां विधाय शङ्खघण्टादि-वादनं कृत्वा षोडशनामभिःपुनस्तस्य पूजां कुर्यात् ।

तत्प्रकारो यथा । भो चन्द्रहरे ! इहागच्छ,

इह तिष्ठ, यावत् पूजां करोमि तावत्वम् अस्यां प्रतिमायां (अत्र वा) सुस्थिरो भव, सुप्रसन्नो भव । ततः सोमसूक्तस्य विनियोगः । त्वं सोम इत्यादिसोमसूक्तस्य

कलशस्थालीप्रतिमाः शक्तौ तु सहस्रसंख्यका एव रौप्यमयीः कार्याः तदशक्तौ तदर्थं तदप्यशक्तौ षोडशस्तदप्यशक्तौ पञ्च तदप्यशक्तौ एका प्रतिमा एका स्थाली एक कलशश्च रौप्यमयः कार्यः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रयोविंशत्यृचां गौतमर्षिर्गायत्र्युष्णिक् त्रिष्टुप्छन्दांसि सोमो देवता जपे विमियोगः। इति विनियोगं कृत्वा।

आसनम्—

त्वं सोम प्रचिकितो मनीषा
त्वं रजिष्ठमनु नेषि पन्थाम्।
तव प्रणीती पितरो न इन्द्रो
देवेषु रत्नमभजन्त धीराः॥

चन्द्रदेव! नमस्तुभ्यं जगतां शान्तिदायक।
आसनं वै मया दत्तं गृहाणा रोहिणीप्रिया॥
आसनं समर्पयामि चन्द्रहरये नमः।

अथ पाद्यम्—

त्वं सोम क्रतुभिः सुक्रतुर्भू—
स्त्वं दक्षैः सुदक्षो विश्ववेदाः।
त्वं वृषा वृषत्वेभिर्महित्वा
द्युम्नेभिर्द्युम्नभवो नृचक्षाः॥

शशाङ्क! रेवतीनाथ! प्राणिनां तापहारक।
पाद्यं गृहाण मद्दत्तं सर्वपापहरो भव॥
पाद्यं समर्पयामि चन्द्रहरये नमः।

अथार्घ्यम्—

राज्ञो नु ते वरूणस्य व्रतानि
बृहद्गभीरं तव सोम धाम।
शुचिष्ट्वमसि प्रियो न मित्रो
दक्षाय्यो अर्यमेवासि सोम।

दधिगन्धजलैर्युक्तमिदमर्घ्यं पुरः स्थितम्।
शशिन्! आदेहि भोगार्थमम शान्तिप्रदो भव॥
अर्घ्यं समर्पयामि चन्द्रहरये नमः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथाचमनीयम्–

या ते धामानि दिवि या पृथिव्यां
या पर्वतेष्वषधीष्वप्सु ।
तेभिर्नो विश्वैः सुमना अहेड-
नाजन्त्सोम प्रति हव्या गृभाय ॥
हिमाद्रिदुहितुः शुद्ध शीतलं वारि मङ्गलम् ।
दत्तमाचमनार्थं वै सोमेदं प्रतिगृह्यताम् ॥
आचमनीयं समर्पयामि चन्द्रहरये नमः ।

अथ गन्धम्–

त्वं सोमासि सत्पतिस्त्वं राजोत वृत्रहा ।
त्वं भद्रो असि क्रतुः ॥
मलयाचलसम्भूतं सुगन्धं चन्दनं शुभम् ।
इन्द्रो ! दत्तं मया तुभ्यं गृहीत्वा कीर्तिदो भव ॥
गन्धं समर्पयामि चन्द्रहरये नमः ।

अथाक्षतान्–

त्वं च सोम नो वशो जीवातुं न मरामहे ।
प्रियस्तोत्रो वनस्पतिः ॥
अक्षतानक्षतो भूत्वाऽऽदेहि कुमुदबान्धव ।
अक्षतं मे यशः कुर्याः सन्ततीश्च सदाव मे ॥
अक्षतान् समर्पयामि चन्द्रहरये नमः ।

अथ पुष्पाणि–

त्वं सोम महे भगं त्वं यून ऋतायते ।
दक्षं दधासि जीवसे ॥
सुगन्धीनि सुपुष्पाणि विधो ! कालोद्भवानी च ।
आयच्छ गन्धवत्तेषां मम कीर्तिं प्रवर्धय ॥
पुष्पाणि मालाश्च समर्पयामि चन्द्रहरये नमः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ धूपम्–

त्वं नः सोम विश्वतो रक्षा राजन्नघायतः ।
न रिष्येत्वावतः सखा ॥

धूपोऽयं कुङ्कुमैर्युक्तो गुग्गुलो वृक्षसम्भवः ।
सुधांशो ! गृह्यतामेष मया दत्तः सुसौरभः ॥
धूपं समर्पयामि चन्द्रहरये नमः ।

अथ दीपम्–

सोम यास्ते मयोभूव ऊतयः सन्ति दाशुषे ।
तार्भिनोऽविता भव ॥

दीपोऽयं गोघृताक्तश्च तिमिरान्तकरः परः ।
शुभ्रांशो ! स्वीकृरूष्व त्वं ममाज्ञानहरो भव ॥
दीपं समर्पयामि चन्द्रहरये नमः ।

अथ नैवेद्यम्–

इमं यज्ञमिदं वचो जुजुषाण उपागहि ।
सोम त्वं नो वृधे भव ॥

मोदकं सस्कुलीं पूपं संयावं कर्णसस्कुलीम् ।
पायसं च गृहाण त्वमोषधीश ! नमो नमः ॥
नैवेद्यं समर्पयामि चन्द्रहरये नमः ।

अथ पुनराचमनीयम्–

सोम गीर्मिष्ट्वा वयं वर्धयामो वचोविद्ः ।
सुमृडीको न आ विश ॥

निशापते ! नमस्तुभ्यं सुस्वादु शीतलं जलम् ।
पुनराचमनार्थं वै दत्तं ते प्रतिगृह्यताम् ॥
पुनराचमनीयं समर्पयामि चन्द्रहरये नमः ।

अथ वस्त्रम्–

गयस्फानो अमीवहा वसुवित्पुष्टिवर्धनः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुमित्रः सोम नो भव ॥

शुक्लाम्बरधरो नित्यं शुक्लवर्णाब्ज ! शोभन !

शुक्लवस्त्रं मया दत्तं परिधेहि शुभप्रद ! ॥

वस्त्रं समर्पयामि चन्द्रहरये नमः ।

अथ यज्ञोपवीतम्–

सोम रारन्धिनो हृदि गावो न यवसेष्वा ।

मर्य पव स्व ओक्ये ॥

जैवात्रिक ! निशानाथ ! शम्भुचूडास्थितः शुभः ।

यज्ञोपवीतं देवेश ? मया दत्तं गृहाण भोः ॥

यज्ञोपवीतं समर्पयामि चन्द्रहरये नमः ।

अथ द्रव्यम्–

यः सोम सख्ये तव पारणद्देव मर्त्यः ।

तं दक्षः सचते कविः ।

येन तुष्यन्ति राजानो भिक्षुका धनिनोऽपि वा ।

देवाश्च तत्प्रयच्छामि द्रव्यं चन्द्राय ते नमः ॥

द्रव्यं समर्पयामि चन्द्रहरये नमः ।

अथ ताम्बूलम्–

उरूष्या णो अभिशस्तेः सोम नि पाह्यंहसः ।

सखा सुशेव एधि नः ॥

खादिरादिसमायुक्तं तेजोत्साहप्रदायकम् ।

ताम्बूलं प्रददे तुभ्यं कलानां निधये नमः ॥

ताम्बूलं समर्पयामि चन्द्रहरये नमः ।

अथ पूगीफलम्–

आ प्यायस्व समेतु ते विश्वतः सोम वृष्ण्यम् ।

भवा वाजस्य संगथे ॥

मुखशुद्धिकरं देव ! पूगीफलममिदं तव ।

दीयते श्रद्धया भिष्टं द्विजराज ! नमोऽस्तु ते ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूगीफलं समर्पयामि चन्द्रहरये नमः ।

एवं षोडशोपचारैश्चन्द्रहरेः पूजां विधाय पुनः षोडशनामभिश्चन्द्रपूजां कर्यान् । तद्यथा–

ॐ हिमांशवे नमः । ॐ सोमाय नमः । ॐ चन्द्राय नमः । ॐ विधवे नमः । ॐ कुमुदबन्धवे नमः । ॐ सुधांशवे नमः । ॐ ओषधीशाय नमः । ॐ अब्जाय नमः । ॐ मृगाङ्काय नमः । ॐ कलानिधये नमः । ॐ नक्षत्रनाथाय नमः । ॐ शर्वरीपतये नमः । ॐ जैवातृकाय नमः । ॐ द्विजराजाय नमः । ॐ रोहिणीवल्लभाय नमः । ॐ इन्दवे नमः ।

एवं नामभिः सम्पूज्य पुष्पादिकं गृहीत्वा सोमसूक्तेन एभिः पौराणमन्त्रैश्च स्तुति कुर्यात्–

आप्यायस्व मदिन्तम सोम विश्वेभिरंशुभिः ।
भवा नः सुश्रवस्तमः सखा वृधे ॥
सं ते पयांसि सभु यन्तु वाजाः
सं वृष्ण्यान्यभिमातिषाहः ।
आप्यायमानो अमृताय सोम
दिवि श्रवांस्युत्तमानि धिष्व ॥
या ते धामानि हविषा जयन्ति
ता ते विश्वा परिभूरस्तु यज्ञम् ।
गयस्फानः प्रतरणः सुवीरो ऽ
वीरहा प्र चरा सोम दुर्यान् ॥
सोमो धेनुं सोमो अर्वन्तमाशुं
सोमो वीरं कर्मण्यं ददाति ।
सादन्यं विदथ्यं समेयं
पितृश्रवणं यो ददाशदस्मै ॥
अषाह्वं युत्सु पृतनासु पप्रिं
स्वर्षामप्सां वृजनस्य गोपाम् ।
भरेषुजां सुक्षितिं सुश्रवसं
जयन्तं त्वामनु मदेमसोम ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्वमिमा ओषधीः सोम विश्वा–

स्त्वमपो अजनयस्त्वं गाः ।

त्वमा ततंथोर्वन्तिरिक्षं त्वं

ज्योतिषा वि तमो ववर्थ ॥

देवेन नो मनसा देव सोम

रायो भगं सहसावन्नभि युध्य ।

मा त्वा तनदीशिषे विर्यस्योभयेभ्यः

प्र चिकित्सा गविष्टौ ॥ इति ।

हिमांशवे नमश्चैव सोमचन्द्राय वै नमः ।

चन्द्राय विधवे नित्यं नमः कुमुद– बन्धवे ॥

सुधांशवे च सोमाय ओषधीषाय वै नमः ।

नमोऽब्जाय मृगाङ्काय कलानां निधये नमः ॥

नमो नक्षत्रनाथाय शर्वरीपतये नमः ।

जैवातृकाय सततं द्विजराजाय वै नमः ॥

इति च पठित्वा स्वाञ्जलौ गृहीतं पुष्पादिकं चन्द्रहरये समर्पयेत्

ततश्च पुष्प-फल-चन्दनसहितं शङ्खतोयं गृहीत्वा–

नमस्ते मासमासान्ते जायमानः पुनः पुनः ।

गृहाणार्घ्यं शशाङ्क त्वं रोहिण्या सहितो मम ॥

इति शङ्खतोयं चन्द्रहरये समर्पयेत् ।

तदनन्तरं चतुष्कोणेषु स्थापितेषु चतुर्ष्वपि कलशेषु तथैव पूजयेत् । पूर्वोक्तेनैव विधिना षोडशस्वपि कलशेषु षोडशोपचारेण चन्द्रस्य पूजां कृत्वा अवशिष्टेष्वपि कलशेषु पर्णपुटकेषु मृत्कुम्भेषु वा तन्त्रेण चन्द्रस्य पूजां कुर्यात् । सोममन्त्रेण सहस्रसङ्ख्यका वा आहुतीर्जुहुर्यात् । सोमसूक्तं सोमोत्पत्तिं च पाठयेत् । मिष्टान्नपक्वान्नादिभिर्ब्राह्मणान् भोजयित्वा स्वयं च प्रसादीभूतं पवित्रमन्नं संभुज्य चन्द्रोत्पत्तिकथां च श्रृण्वानो नियमेनैव दिनं नीत्वा रात्रौ च अधः सुप्त्वा अपरस्मिन् दिने भगवतो नारायणस्य पूजां कुर्यात् ।

ततः खट्वादिकमानीय तस्योपरि शय्यामास्तीर्य तस्य समीपे वर्षभोग्यपरिमितं यथाशक्ति वाऽन्नं द्विदल-व्यञ्जन-वृत-लवणादीनि भोग्य भोज्य-वस्तूनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाकस्थाल्यादीनि भाण्डानि सप्तधान्यादीनि च संस्थाप्य विष्णुलक्ष्मीप्रतिमां च शय्योपरि स्थापयित्वा–

"विष्णोरराट" मित्यादिभिः "श्रीश्च ते" इत्यादिभिर्मन्त्रैर्विष्णुलक्ष्म्यौ च सम्पूज्य ब्राह्मणदम्पती च पूजयेत् । तौ च वस्त्राभूषणादिभिःस म्भूष्य शय्यासङ्कल्पं कुर्यात् ।

तद्यथा–

दाता पुण्यकाले सूपलिप्तायां भूमौ प्राङ्मु खउपविश्य दीपं प्रज्वाल्याचम्य हंसतूल्यादिसमायुक्तां शय्यां पूर्वापरायतामास्तीर्य शिरः प्रदेश निद्राकलशाख्यं घृतपूर्णं ताम्रकलशं निधाय पादप्रदेशे ज्वलन्तं चतुर्वर्तियुतं दीपं संस्थाप्य अधः प्रदेशे कर्पूरादिवासितं जलकलशं संस्थाप्य अन्यानि चोपकरणानि पार्श्वयोः संस्थाप्य शय्योपरि अग्न्युत्तारितां पञ्चामृतस्नापितां पञ्चगुञ्जाऽन्यूनसुवर्णनिर्मितां लक्ष्मीनारायण-प्रतिमां संस्थाप्य यथोक्तलक्षणं ब्राह्मणमुदङ्मुखमुपवेश्य गणेशादीन् गुर्वादींश्च प्रणम्य पुष्पाञ्जलिं च तेभ्यः अर्घस्यापनादिभूतोत्सादनान्तं कृत्वा कुशादिकमादाय देशकालौ सङ्कीर्त्य दानकल्पोक्तफलकामः सकलपापक्षयपूर्वकविष्णुप्रीतिकामो वा शय्यादानमहं करिष्ये । इति प्रतिज्ञां कृत्वा शय्यादानप्रतिग्रहार्थं ब्राह्मणस्य पूजनपूर्वकं वरणं कृत्वा लक्ष्मीनारायण-प्रतिगाम् "एतन्ते" इति प्रतिष्ठाप्य पुरुषसूक्तादिना षोडशोपचारैः सम्पूज्य शय्यां च नाममन्त्रेण सम्पूज्य "ॐनमः प्रमाण्यै देव्यै" इति चतुदिशं तां प्रदक्षिणीकुर्वन् प्रणम्य हस्ते कुशादिकमादाय देशकालौ सङ्कीर्त्य अहं ममात्मनः स्त्रीसहस्रावृतदशवर्षसहस्रस्वर्गलोकवास-सर्वसुखप्राप्तिपूर्वक -इन्द्रलोकवास-अप्सरोगणसेव्यमान - विमानारोहणपूर्वक - आभूतसम्प्लकालावधि - स्वर्गवासकामः सकलपापक्षयपूर्वक - परमेश्वरप्रीतिकामो वा इमां सालदारूमयीं हंसतूलीगण्डोपधान - प्रच्छादन- पटादिवस्त्र-घृतकुम्भ-जलकलश-ताम्बूल-कुङ्कुम-अगरू-कर्पूरचन्दन दीपिका-पादुकोपानत्-छत्र-चामरासन-नानाविधभाजन-सप्तधान्य-सुवर्ण-रजत-भूषण -विवधभक्ष्य-भोज्यादर्श-कङ्कण-यथासम्भव-पट्ट – कौशेय-क्षौमौर्णकार्पास-वस्त्र-वाहना–युध– हैम-लक्ष्मीनारायण-प्रतिमायुतां शय्यां प्रजापतिदैवतां यथानामगोत्राय ब्राह्मणाय तुभ्यमहं सम्प्रददे न मम इत्युक्त्वा अञ्जलि बद्ध्वा–

यथा न कृष्णशयनं शून्य सागरजातया ।
शय्या ममाप्यशून्यास्तु तथा जन्मनि जन्मनि ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्मादशून्यं शयनं केशवस्य शिवस्य च ।
शय्या ममाप्यशून्यास्तु तथा जन्मनि जन्मनि ॥

इति पठेत् ।

ततः गोदानं कृत्वा निराजनप्रदक्षिणादिकं च कृत्वा पूर्णपात्र-भूयस्यादिदक्षिणाः सति सम्भवे अन्यान् षोडशकलशान् वस्त्राभूषण-दक्षिणादींश्च ब्राह्मणोभ्यो दत्वा तदसम्भवे सवस्त्रा-भूषणदक्षिणान् पूर्वपूजितानेव षोडश एकविंशतिसंख्यकान् कलशान् ब्राह्मणोभ्यो दत्वा मिष्टपक्वान्नादिभिर्ब्राह्मणान् भोजयित्वा स्वयं च प्रसादीभूतं पवित्रमन्नं संभुज्य नियमं च विसर्जयेत् । अत्र केचित् कुमारिकाणां पूजां च कुर्वन्ति ।

इति स्कन्दपुराणासारिणी चन्द्रसहस्रपूजापद्धतिः समाप्ता ।

चन्द्रसहस्रदर्शनविधिश्च श्रीस्कन्दमहापुराणे द्वितीये वैष्णवखण्डे अयो ध्यामाहात्म्ये व्यासागस्त्यसंवादे यथा –

श्रीव्यास उवाच ।

भगवन् ब्रूहि तत्वेन तस्य चन्द्रहरेः शुभाम् ।
उत्पत्तिञ्च तथा चन्द्रव्रतस्योद्यापने विधिम् ॥४४॥

अगस्त्य उवाच ।

अयोध्यानिलयं विष्णुं तत्वा शीतांशुरूत्सुकः ।
आगच्छ तीर्थमाहात्म्यं साक्षात्कर्तुं सुधानिधि : ॥
अत्रागत्य च चन्द्रोऽय तीर्थयात्रां चकार सः ॥४५॥
क्रमेण विधिपूर्वं च नानाश्चर्यसमन्वितः ।
समाराध्य ततो विष्णुं तपसा दुश्चरेण वै ॥४६॥
तत्प्रसादं समासाद्य स्वाभिधानपुरस्सरम् ।
हरि संस्थापयामास तेन चन्द्रहरिः स्मृतः ॥४७॥
वासुदेवप्रसादेन तत् स्थानं जातमद्भुतम् ।
तद्धि गुह्यतमं स्थानं वासुदेवस्य सुव्रत ॥४८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वेषामेव भूतानां भर्तुर्मोक्षस्य सर्वदा ।
अस्मिन् सिद्धाः सदा विप्र ! गोविन्दव्रतमास्थिताः ॥४९॥
नानालिङ्गधरा नित्यं विष्णुलोकाभिकाङ्क्षिणः ।
अभ्यस्यन्ति परं योगं मुक्तात्मानो जितेन्द्रिया : ॥५०॥
यथा धर्ममवाप्नोति अन्यत्र न तथा क्वचित् ।
दानं व्रतं तथा होमः सर्वमक्षयतां व्रजेत् ॥५१॥
सर्वकामफलप्राप्तिर्जायते प्राणिनां सदा ।
तस्मादत्र विधातव्यं प्राणिभिर्यत्नतः क्रमात् ॥
दानादिकं विप्रपूजा दम्पत्योश्च विशेषतः ॥५२॥
सर्वयज्ञाधिक फलं सर्वतीर्थावगाहनम् ।
सर्वदेवावलोकस्य यत्पुण्यं जायते नृणाम् ॥५३॥
तत् सर्व जायते पुण्यं प्राणिनामस्य दर्शनात् ।
तस्मादेतन्महाक्षेत्रं पुराणादिषु गीयते ॥५४॥
उद्यापनविधिश्चात्र नृभिर्द्विजपुरस्मरम ।
अग्रे चन्द्रहरेश्चन्द्रसहस्रव्रतसंज्ञकः ॥५५॥
गते वर्षद्वये सार्धे पञ्चपक्षे दिनद्वये ।
दिवसस्याष्टमे भागे पतत्येकोऽधिमासकं : ॥५६॥
त्र्यधिके वा अशीत्यब्दे चतुर्मासयुते ततः ।
भवेच्चन्द्रसहस्रं तु तावज्जीवति यो नरः ॥
उद्यापनं प्रकर्तब्यं तेन यात्रा प्रयत्नतः ॥५७॥
यत्पुण्यं परमं प्रोक्तं सततं यज्ञयाजिनाम् ।
सत्यवादिषु यत् पुण्यं यत् पुण्यं हेमदायिनि ।
तत् पुण्यं लभते विप्र ! सहस्राब्दस्य जीविभिः ॥५८॥
सर्वसौख्यप्रदं तादृक् पुण्यव्रतमिहोच्यते ॥५९॥
चतुर्दश्यां शुचिः स्नात्वा दन्तधावनपूर्वकम्
चरितब्रह्मचर्यश्च जितवाक्कायमानसः ।
पौर्णमास्यां तथा कृत्वा चन्द्रपूजां च कारयेत् ॥६०॥
पूर्व च मातरः पूज्या गौर्यादिकक्रमेण च ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऋत्विजः पूजयेद् भक्त्या वृद्धिश्राद्धपुरस्सरम् ॥६१॥
प्रयतैः प्रतिमा कार्या चन्द्रमण्डलसन्निभा ।
सहस्रसंख्या ह्यथवा तदर्ध वा तदर्धकम् ॥
निजवित्तानुमानेन तदर्धेन तदर्धिकम् ॥६२॥
ततः श्रद्धानुमानाद्वा कार्या वित्तानुमानतः ।
अथवा षोडश शुभा विवातव्याः प्रयत्नतः ॥६३॥
चन्द्रपूजां ततः कुर्यादागमोक्तविधानतः ।
मासैः षोडशभिः कार्या प्रत्येकं प्रतिमा शुभा ॥६४॥
सोममन्त्रेण होमस्तु कार्यो पित्तानुमानतः ।
प्रतिमास्थापनं कुर्यात् सोममन्त्रमुदीरयेत् ॥६५॥
सोमोत्पत्तिं सोमसूक्तं पाठयेच्च प्रयत्नतः ।
चन्द्रपूजां ततः कुर्यादागमोक्तविधानतः ॥६६॥
चन्द्रन्यासं कलान्यासं कारयेन्मण्डले जलम् ।
एकादशेन्द्रियन्यासं तथैव विधिपूर्वकम् ॥६७॥
चन्द्रविम्बनिभं कार्य मण्डलं शुभतण्डुलैः ।
मध्ये च कलशः स्थाप्यो गव्येन पयसाप्लुतः ॥६८॥
चतुरस्रेषु सम्पूर्णान् कलशान् स्थापयेद् बहिः ।
मण्डले चन्द्रपूजा च कर्तव्या नामभिः क्रमात् ॥६९॥
हिमांशवे नमश्चैव सोमचन्द्राय वै नमः ।
चन्द्राय विधवे नित्यं नमः कुमुदबन्धवे ॥७०॥
सुधांशवे च सोमाय ओषधीशाय वै नमः ।
नमोऽब्जाय मृगाङ्काय कलानां निधये नमः ॥७१॥
नमो नक्षत्रनाथाय शर्वरीपतये नमः
जैवातृकाय सततं द्विजराजाय वै नमः ॥७२॥
एवं षोडशभिश्चन्द्रः स्तोतव्यो नामभिः क्रमात् ॥७३॥
ततो वै प्रयतो दद्याद्-विधिवन्मन्त्रपूर्वकम् ।
शङ्खतोयं समादाय सुपुष्पफलचन्दनम् ॥७४॥
नमस्ते मासमासान्ते जायमानः पुनः पुनः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गृहाणार्घ्यं शशाङ्क ! त्वं रोहिण्या सहितो मम ॥७५॥
एवं सम्पूज्य विधिवच्छशिनं प्रणातो भवेत् ।
षोडशान्ये च कलशा दुग्धपूर्णः सरत्नकाः ॥७६॥
सवस्त्राच्छादनाः शान्त्यै दातव्यास्ते द्विजन्मने ।
अभिषेकं ततः कुर्यात् पायसेन जलेन तु ॥७७॥
ऋत्विजां मनसस्तुष्टिः कार्या वित्तानुमानतः ।
ब्राह्मणं भोजयेत्तत्र सकुटुम्बं विशेषतः ॥७८॥
पूजनीयौ प्रयत्नेन वस्त्रैश्च द्विजदम्पती ।
कर्तव्यं च ततो भूरिदक्षिणादानमुत्तमम् ॥७९॥
प्रतिमाश्च प्रदातव्या द्विजेभ्यो धेनुपूर्विकाः ।
सुवर्णं रजतं वस्त्रं तथान्नं च विशेषतः ।
दातव्यं चन्द्रसुप्रीत्यै हर्षादेवं द्विजन्मने ॥८०॥
उपवासविधानेन दिनशेषं नयेत् सुधी : ।
अनन्तरे च दिवसे कुर्याद् भगवदर्चनम् ॥
बान्धवैः सह भुञ्जीत नियमं च विसर्जयेत् ॥८१॥
एवं च कुरुते चन्द्रसहस्रं व्रतमुत्तमम ।
ब्रह्माघ्नोऽपि सुरापोऽपि स्तेयी च गुरुतल्पगः ।
ब्रतेनानेन शुद्धात्मा चन्द्रलोकं व्रजेन्नरः ॥८२॥
यादृशश्च भवेद्विप्र ! प्रियो नारायणस्य च ।
एवं करोति नियतं कृतकृत्यो भवेन्नरः ॥८३॥"

इति श्रीस्कान्दे महापुराणे एकाशीतिसाहस्र्यां संहितायां द्वितीये वैष्णवखण्डे अयोध्या-महात्म्ये चन्द्रसहस्रव्रतोद्यापनविधिवर्णनं नाम तृतीयोऽध्यायः ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐतिहासिक कागजातहरूका उतार

(काठमाडौं उपत्यका भित्र व्यक्तिगत संकलनमा रहेका हस्तलिखित ग्रन्थ तथा ऐतिहासिक कागजातहरूको माइक्रोफिल्म गर्ने काम पनि नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना अन्तर्गत राष्ट्रिय अभिलेखालयले शुरू गरेको छ। यसरी माइक्रोफिल्म गरिएका पुस्तकहरू 'ई' नम्बरमा राखीएका छन्। यहाँ यही 'ई' नम्बरमा रहेका केही ऐतिहासिक कागजातहरूको उतार दिइएको छ।)

सि. नं. २५८ नेसं. ७५२ रिल नं. ई ३८१/३३

यस ताडपत्रमा आषाढ शुदि् त्रयोदशीका दिन महाबुद्ध वंकुवहालको शाक्यवंश देवसिंहले भाई श्री लंगुजुलाई खेत दिएको कुरा उल्लेख छ।

१) सम्वत् ७५२ आषाढ शुद्धि १३ श्री वंकुवार माहवोर्द्धगृह ॥ वाक्यवंश श्री देवसिंहसन स्वभ्रात्ते साक्यवंश श्री लुंगुजुयातं भास चोस्यं विल ङाया भाष थ्वते जुरो ॥ भाषा
२) खिरिपावरकर्ष न्हश ७ वाहालपा ख वुवो च्छपापतिन श्री श्री राजन सयेव श्री देवसिंजुया नाम पति चोस्यं प्रशन्न जुया न खिरिपावरमा जुको प्यंवोश।
